# बाल इजलासबाट हेरिएका मुद्दाहरूको मुद्दा प्रवाह अवस्था

# अध्ययन प्रतिवेदन

**२०६९**




बाल न्याय समन्वय समिति सचिवालय

हरिहरभवन, ललितपुर, नेपाल

बाल इजलासबाट हेरिएका मुद्दाहरुको मुद्दा प्रवाह अवस्था

# अध्ययन प्रतिवेदन

२०६९

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

# अध्ययन समूह

श्री विपुल न्यौपाने
श्री शिशिरराज ढकाल
श्री केदार पौडेल
श्री पुष्कर थापा

प्रकाशक : बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

सर्वाधिकार : बाल न्याय समन्वय समितिमा ।

प्रकाशन प्रति : १०००

प्रकाशन मिति : २०६९ असार

मुद्रक : सगरमाथा अफसेट, प्रेस,
बिजुलीबजार, काठमाडौं ।
फोन नं.: ४७८१३५०

# मन्तव्य

बालबालिकाहरु वयस्क मानिस भन्दा शारीरिक तथा मानसिक रुपमा कमजोर र अपरिपक्व हुन्छन् । उनीहरुमा कुनै पनि विषयमा सोच विचार गरेर निर्णय गर्ने क्षमताको अभाव हुन्छ । कुनै पनि कार्य गर्दा सो कार्यको परिणाम के निस्कन सक्दछ, त्यसको असर के हुन सक्दछ भन्ने कुराको विचार नगरिकनै कार्य गर्दछन् । कहिलेकाही यस्ता कार्यहरु समाजले निर्धारण गरेका मूल्य र मान्यता विपरीत अथवा कानून प्रतिकुल वा अपराधजन्य पनि हुन सक्दछन् । यस्तो अवस्थामा उनीहरुलाई वयस्क मानिसलाई जस्तो सजाय नगरी सुधारमूलक उपायहरु मार्फत बालबालिकाको आचार एवं व्यवहार परिवर्तन गरिनुपर्छ भन्ने मान्यताका साथ सामान्य फौजदारी न्याय प्रणालीभन्दा भिन्न किसिमको बालन्याय प्रणालीको विकास भएको छ ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको छ । सन्धि अनुमोदन गरेपछि सो सन्धिले गरेका व्यवस्थाहरु आफ्नो देशमा कार्यान्वयनमा ल्याउनु पर्ने दायित्व नेपाल सरकारको हुन आएको छ । सोही दायित्व पुरा गर्ने सिलसिलामा नेपालले बालबालिका सम्बन्धी ऐन, २०४८ जारी गरीसकेको छ । कानूनसँग विवादमा परेका बालबालिकाहरुको न्यायिक कारवाहीका सम्बन्धमा अपनाउनुपर्ने कार्यविधिका बारेमा व्यवस्था गर्नको लागि बालन्याय (कार्यविधि) नियमावली, २०६३ पनि जारी भईसकेको छ । उल्लिखित ऐन नियममा बाल न्यायका मान्यता अनुरुपका केही व्यवस्थाहरु समेटिएका छन् ।

बालन्याय समन्वय समिति नेपालमा बालन्यायको सुदृढीकरण तथा विकासको लागि कटिबद्ध रहेको छ । यसको लागि बालन्याय समन्वय समितिले बालअधिकार तथा बालन्यायको सम्बन्धमा आवश्यक पर्ने नीति तथा कानून निर्माणको लागि नेपाल सरकारलाई सुझाव दिने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट भइरहेका कार्यक्रमहरु बीच समन्वय गर्ने लगायत बालन्यायमा संलग्न हुने जनशक्तिको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । यसका अतिरिक्त बालन्याय समन्वय समितिको पहल तथा समन्वयमा ४० जिल्ला अदालतहरुमा सीसीटीभी क्यामरा सहितको बाल इजलास तथा बाल मैत्री कक्षहरुको स्थापना भइसकेको छ ।

बालबालिका सम्बन्धी ऐन तथा बालन्याय (कार्यविधि) नियमावली जारी भइसकेको अवस्थामा बाल न्यायको कार्य सम्पादनमा संलग्न हुने निकायले न्यायिक कारवाहीको दायरामा आएका बालबालिकालाई बाल न्यायका मान्यता तथा ऐन नियममा भएका व्यवस्था अनुसार न्यायिक कारवाही गर्नुपर्ने हुन्छ । उक्त कानूनहरु लागू भएको यतिका वर्ष भइसकेको अवस्थामा ती कानूनहरुको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा कुनै अध्ययन भएको थिएन । यसै कुरालाई ध्यानमा राखी नेपालका जिल्ला अदालतमा रहेका बाल इजलासबाट फैसला भएका मुद्दाहरुको आधारमा अध्ययन गरी प्रस्तुत प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ । प्रस्तुत प्रतिवेदनले बाल न्यायका सम्बन्धमा हाम्रा न्यायिक निकायको काम कारवाहीको अवस्था के कस्तो रहेको छ भन्ने कुराको जानकारी प्रदान गरेको छ । यस प्रकाशनबाट बाल न्याय सम्पादनको सिलसिलामा अनुसन्धान, अभियोजन तथा सुनुवाई र निर्णय गर्ने कार्यमा संलग्न हुने प्रहरी, सरकारी वकील, कानून व्यवसायी, न्यायाधीश लगायत बालबालिकाको क्षेत्रमा संलग्न हुने व्यक्ति तथा संघ संस्थाहरु लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छ ।

**रामकुमार प्रसाद शाह**
**न्यायाधीश,सर्वोच्च अदालत**
**अध्यक्ष, बाल न्याय समन्वय समिति**

# प्रकाशकीय

हरेक समाजले आफ्नै प्रकारका सामाजिक मूल्य र मान्यताहरू निर्धारण गरेको हुन्छ । यसरी स्थापित गरिएका मूल्य र मान्यताको संरक्षण पनि समाजले नै गरेको हुन्छ । यी मूल्य मान्यता कसैले उल्लंघन गरेको अवस्थामा समाजले उल्लंघन गर्ने व्यक्तिलाई अपराधी करार गरी दण्ड दिने गर्दछ । अपराधजनित कार्यमा वयस्क मानिस मात्र नभई बालबालिका पनि संलग्न रहेका हुन सक्छन । तर यस्ता कार्यमा बालबालिका संलग्न रहेको अवस्थामा उनीहरू वयस्क मानिसको तुलनामा शारीरिक, मानसिक तथा मनोबैज्ञानिक हरेक किसिमले कमजोर हुने तथा आफुले गरेको कार्यको प्रकृति तथा परिणामको आँकलन गर्न नसक्ने तथा जिज्ञासावश कुनै कार्य गर्दा अपराधजनित कार्य हुनजाने भएकोले उनीहरूलाई वयस्क मानिसलाई भन्दा फरक किसिमको व्यवहार गरिनुपर्ने हुन्छ । बालबालिकालाई दण्डको भयभन्दा पनि सुधारका उपायहरू अवलम्बन गरी उनीहरूलाई त्यस्तो किसिमको कार्यमा पुन नलाग्ने बनाई समाजमा पुनर्स्थापना गरिनुपर्छ भन्ने मान्यताका साथ बाल न्याय प्रणालीको विकास भएको छ । संसारमा यो प्रणाली नौलो रहेको छ । नेपालमा त यो झन् नयाँ रहेको छ ।

नेपालमा बाल न्याय प्रणालीको सुदृढिकरण तथा विकासका सम्बन्धमा केही पाइलाहरू चालिएका छन् । बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि बालबालिका सम्बन्धी ऐन, २०४८ जारी गरिएको छ । त्यसैगरी बाल न्याय (कार्यविधि) नियमावली, २०६३ पनि जारी भइसकेको छ । बालबालिका सम्बन्धी ऐन तथा बाल न्याय (कार्यविधि) नियमावलीमा बाल न्यायका मान्यता अनुसारका केही व्यवस्थाहरू समेटिएका छन् । कानूनमा समेटिएका व्यवस्थाहरू कार्यान्वयनमा नआएमा ती व्यवस्थाहरूको कुनै अर्थ रहदैन । वास्तविक रूपमा कार्यान्वयनमा आएको अवस्थामा मात्र कानूनको सार्थकता रहन्छ ।

बाल न्याय समन्वय समितिले नेपालको बाल न्याय प्रणालीको सुदिृढिकरण तथा विकासको लागि विभिन्न कार्यहरू गर्दै आएको छ । नेपालको बाल न्याय प्रणालीको विकास तथा सुदृढिकरणका लागि आवश्यक पर्ने कानून तथा नीतिका विषयमा नेपाल सरकार समक्ष राय सुझाव पेश गर्ने, बाल इजलासहरूको भौतिक पूर्वाधार तयार गर्ने, बाल न्याय सम्पादनमा संलग्न हुने विभिन्न सरकारी तथा गैरसरकारी जनशक्तिको क्षमता अभिबृद्धिको लागि विभिन्न

अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने, विभिन्न प्रकाशनहरू प्रकाशित गर्ने जस्ता कार्यहरू यस समितिले गरि आएको छ । यसै सिलसिलामा बाल इजलासबाट हेरिने मुद्दाहरूमा बालबालिका सम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले निर्दिष्ट गरेको प्रकृयाहरूको अवलम्वन के कसरी गरिएको छ भन्ने विषयमा अध्ययन गरी प्रस्तुत सामग्री प्रकाशन गरिएको छ । प्रस्तुत अध्ययन जिल्ला अदालतस्थित बाल इजलासबाट हेरिएका मुद्दाहरूलाइ समेटेर गरिएको छ । यस अध्ययनले बाल न्याय सम्बन्धी कानूनी व्यवस्थाको प्रयोग र पालनाको स्थितिको बारेमा यथार्थ जानकारी प्रदान गरेको छ । यसबाट कानून निर्माता, नीति निर्माता, कानून कार्यान्वयन गर्ने निकाय तथा बाल न्यायसँग सरोकार राख्ने निकायहरू, अध्ययन अनुसन्धानकर्ता लगायत सबैलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत अध्ययनको कार्यमा प्रत्यक्ष रूपमा संलग्न रही अध्ययन कार्य सम्पन्न गर्नुभएका अध्ययन समूहका सदस्यहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछौं । अध्ययनको क्रममा प्रश्नावली तयार गर्ने [illegible]तका कार्यमा महत्वपूर्ण सुझावहरू प्रदान गर्नुहुने राष्ट्रिय न्यायिक प्रतिष्ठानका फ्याकल[illegible] तथा पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ, अधिवक्ता श्री आशिष अधिकारी, अधिवक्ता श्री रविन्द्र भट्टराई तथा केन्द्रिय बाल कल्याण समितिका टिम लिडर श्री रोम थापाप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौ । अध्ययनको सिलसिलामा मिसिल तथा तथ्यांक उपलब्ध गराउने विभिन्न जिल्ला अदालतका स्रेस्तेदार तथा फांटवाला कर्मचारीहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछौं । नेपालको बाल न्याय प्रणालीको विकास तथा सुदृढिकरणको लागि निरन्तर प्रयासरत रहनुभएका यस बाल न्याय समन्वय समितिका पूर्व अध्यक्ष तथा वर्तमान सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी, वर्तमान अध्यक्ष माननीय श्री रामकुमार प्रसाद शाह, पूर्व सदस्य-सचिव श्री रामकृष्ण तिमल्सेना तथा वर्तमान सदस्य-सचिव श्री लोहितचन्द्र शाहले हामीलाई प्रदान गर्नुभएको हौसलाप्रति विशेष आभारी छौं । प्रस्तुत सामग्री छपाई गरिदिनुहुने सगरमाथा अफ्सेट प्रेस, बिजुलीबजार काठमाडौलाई पनि धन्यवाद दिन चाहन्छौं ।

***बाल न्याय समन्वय समिति सचिवालय***
हरिहरभवन, ललितपुर

# विषय सूची

## परिच्छेद १

## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको आवश्यकता तथा महत्व | ५ |
| १.३ | पूर्व अध्ययनको समिक्षा | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | अध्ययन विधि | ७ |
| १.७ | अध्ययनको संरचना | ८ |


## परिच्छेद २

## बाल न्यायसम्बन्धी अवधारणा


| | | |
|---|---|---|
| २.१ | अवधारणा | ९ |
| २.२ | बाल न्यायसम्बन्धी अवधारणाको ऐतिहासिक विकासक्रम | ११ |
| २.३ | बाल न्याय प्रशासन सम्बन्धमा नेपालान विद्यमान कानूनी व्यवस्थाहरु | १६ |
| २.४ | बाल न्याय प्रशासनको स्थिति विश्लेषणका लागि पहिचान गरिएका विषयवस्तुहरु | २४ |


## परिच्छेद ३

## बालबालिकासम्बन्धी मुद्दा प्रवाहको स्थितिको विश्लेषण


| | | |
|---|---|---|
| ३.१ | बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरण | २६ |
| ३.२ | बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण | २७ |
| ३.३ | बाल इजलासबाट हेरिएका मुद्दाहरुका प्रतिवादीहरुको संख्यात्मक विवरण (लिंङ्गगत) | २९ |
| ३.४ | बाल इजलासबाट हेरिएका मुद्दाहरुमा प्रतिवादीहरुको उमेरगत विवरण | ३१ |
| ३.५ | बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न पीडितको विवरण | ३२ |
| ३.६ | जाहेरी दरखास्तको दर्ता र प्रतिवादीलाई अनुसन्धानको क्रममा पक्राउ गरेको विवरण | ३५ |
| ३.७ | अनुसन्धान तहकिकातको क्रममा बालबालिकाले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई जानकारी दिए नदिएको विवरण | ३७ |
| ३.८ | अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरण | ३८ |
| ३.९ | तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधिको विवरण | ४० |
| ३.१० | तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गर्न लगाएको अवधि | ४३ |
| ३.११ | प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण | ४७ |
| ३.१२ | जाहेरी दरखास्त दर्ता भएको मितिबाट तहकिकातको कार्य समाप्त गरी अभियोगपत्र दायर गर्न लागेको अवधि | ५० |

| | | |
|---|---|---|
| ३.१३ | प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको अवधि | ५१ |
| ३.१४ | अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रति बालकको बाबुआमा वा संरक्षकलाई बुझाए नबुझाएको विवरण | ५२ |
| ३.१५ | थुनछेक आदेशसम्बन्धी विवरण | ५३ |
| ३.१६ | अदालती बन्दोबस्तको महलको १७ नम्बरमोजिमको निवेदनसम्बन्धी विवरण | ६० |
| ३.१७ | अदालती बन्दोबस्तको महलको ११५ नं. को प्रयोगसम्बन्धी विवरण | ६२ |
| ३.१८ | पेशी स्थगनसम्बन्धी विवरण | ६४ |
| ३.१९ | मुद्दा पेशी चढेकोसम्बन्धी विवरण | ६७ |
| ३.२० | प्रमाण बुझ्नको लागि आदेश भएको पटकको विवरण | ६७ |
| ३.२१ | पेशीमा चढेको मुद्दा हेर्न नभ्याइएको कारण इजलासबाट फर्किएको विवरण | ६८ |
| ३.२२ | मुद्दा फैसला हुन लागेको अवधि | ६९ |
| ३.२३ | फैसलाको प्रकृति | ७२ |
| ३.२४ | सजाय स्थगनसम्बन्धी विवरण | ७५ |
| ३.२५ | बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा | ७६ |
| ३.२६ | कानून व्यवसायीको प्रतिनिधित्व | ८० |
| ३.२७ | उमेर निर्धारण गर्न लिइएको आधार | ८३ |
| ३.२८ | धरौटी दाखिलासम्बन्धी विवरण | ८५ |
| ३.२९ | संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा छाडिएका प्रतिवादी बालबालिकाको अदालतमा उपस्थितिसम्बन्धी विवरण | ८७ |
| ३.३० | बालबालिकासम्बन्धी मुद्दामा समाजसेवी तथा बालविशेषज्ञ वा बालमनोविज्ञको उपस्थिति विवरण | ८८ |
| ३.३१ | बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरण | ९० |
| ३.३२ | सामाजिक अध्ययन प्रतिवेदन | ९१ |


## परिच्छेद ४

## बाल न्याय प्रशासनको स्थिति विश्लेषणबाट देखिएको नतिजा


| | | |
|---|---|---|
| ४.१ | बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरणको नतिजा | ९४ |
| ४.२ | बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरणको नतिजा | ९४ |
| ४.३ | बाल इजलासबाट हेरिएका मुद्दाहरुका प्रतिवादीहरुको लिंङ्गगत विवरणको नतिजा | ९४ |
| ४.४ | बाल इजलासबाट हेरिएका मुद्दाहरुमा प्रतिवादीहरुको उमेरगत विवरणको नतिजा | ९५ |
| ४.५ | बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न पीडितको विवरणको नतिजा | ९५ |
| ४.६ | जाहेरी दरखास्तको दर्ता र प्रतिवादीलाई अनुसन्धानको क्रममा पक्राउ गरेको विवरण | ९५ |
| ४.७ | अनुसन्धान तहकिकातको क्रममा बालबालिकाले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई जानकारी दिए नदिएको विवरणको नतिजा | ९६ |

| | | |
|---|---|---|
| ४.८ | अनुसन्धान तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरणको नतिजा | ९६ |
| ४.९ | तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधिको विवरणको नतिजा | ९६ |
| ४.१० | तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गर्न लगाएको अवधिको नतिजा | ९७ |
| ४.११ | प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरणको नतिजा | ९७ |
| ४.१२ | जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधिको नतिजा | ९७ |
| ४.१३ | प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधिको नतिजा | ९७ |
| ४.१४ | अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रति बालकको बाबुआमा वा संरक्षकलाई बुझाए नबुझाएको विवरणको नतिजा | ९७ |
| ४.१५ | थुनछेकको आदेश गर्न लागेको समयावधिको नतिजा | ९८ |
| ४.१६ | थुनछेक आदेशको प्रकृतिको नतिजा | ९८ |
| ४.१७ | अदालती बन्दोबस्तको महलको १७ नंवरबमोजिमको निवेदनसम्बन्धी नतिजा | ९९ |
| ४.१८ | अदालती बन्दोबस्तको महलको ११५ नम्बरको प्रयोगसम्बन्धी नतिजा | ९९ |
| ४.१९ | पेशी स्थगनसम्बन्धी नतिजा | ९९ |
| ४.२० | मुद्दा पेशी चढेको विवरणसम्बन्धी नतिजा | ९९ |
| ४.२१ | प्रमाण बुझ्नको लागि आदेश भएको पटकको नतिजा | १०० |
| ४.२२ | हेर्न नभ्याई इजलासबाट फर्किएको विवरणको नतिजा | १०० |
| ४.२३ | मुद्दा फैसला हुन लागेको अवधिसम्बन्धी नतिजा | १०० |
| ४.२४ | फैसलाको प्रकृतिसम्बन्धी नतिजा | १०१ |
| ४.२५ | कसूर ठहर भएको अवस्थामा सजायको प्रकृतिसम्बन्धी नतिजा | १०१ |
| ४.२६ | सजाय स्थगनसम्बन्धी विवरणको नतिजा | १०१ |
| ४.२७ | गोपनीयतासम्बन्धी विवरणको नतिजा | १०१ |
| ४.२८ | कानून व्यवसायीको प्रतिनिधित्वसम्बन्धी विवरणको नतिजा | १०२ |
| ४.२९ | उमेर निर्धारण गर्न लिइएको आधारसम्बन्धी नतिजा | १०२ |
| ४.३० | प्रतिवादीको धरौटी दाखिलासम्बन्धी विवरणको नतिजा | १०३ |
| ४.३१ | संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा छाडिएका प्रतिवादी बालबालिकाको अदालतमा उपस्थितिसम्बन्धी विवरणको नतिजा | १०३ |
| ४.३२ | समाजसेवी तथा बालविशेषज्ञ वा बालमनोविज्ञको उपस्थिति विवरणसम्बन्धी नतिजा | १०४ |
| ४.३३ | बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरणको नतिजा | १०४ |
| ४.३४ | सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी नतिजा | १०४ |

**परिच्छेद ५**

**सुझावहरु** १०५

**चार्टहरु**


चार्ट नं. १ बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण २८
चार्ट नं. २ बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न महिला र पुरुष प्रतिवादीहरुको विवरण ३१
चार्ट नं. ३ उमेर समूहका आधारमा पीडितको प्रतिशत ३४
चार्ट नं. ४ लिंगगत आधारमा पीडितको प्रतिशत ३४
चार्ट नं. ५ बालकले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई सूचना दिएको मुद्दाको प्रतिशत ३८
चार्ट नं. ६ अनुसन्धान तहकिकातको क्रममा प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरण ४०
चार्ट नं. ७ पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधि ४६
चार्ट नं. ८ प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण ४९
चार्ट नं. ९ जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधि ५१
चार्ट नं. १० थुनछेक आदेश गर्न लागेको समयावधि ५७
चार्ट नं. ११ थुनछेक आदेशको प्रकृति ६०
चार्ट नं. १२ पेशी स्थगनको विवरण ६५
चार्ट नं. १३ बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण ६९
चार्ट नं. १४ बाल इजलासबाट भएको फैसलाको प्रकृति ७२
चार्ट नं. १५ प्रतिवादी बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको प्रतिशत ७८
चार्ट नं. १६ प्रतिवादीका तर्फबाट नियुक्त कानून व्यवसायीको प्रकृती ८३


**तालिकाहरु**


तालिका नं. १ बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरण २६
तालिका नं. २ बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण २७
तालिका नं. ३ प्रतिवादीहरुको लिङ्गगत विवरण (जिल्लागत आधारमा) २९
तालिका नं. ४ प्रतिवादीहरुको लिङ्गत विवरण (मुद्दागत आधारमा) ३०
तालिका नं. ५ बाल इजलासबाट हेरिएका मुद्दाका प्रतिवादीहरुको उमेरगत आधारमा संख्यात्मक विवरण ३१
तालिका नं. ६ बाल इजलासबाट हेरिएका मुद्दाका प्रतिवादीहरुको उमेर समुहको प्रतिशत विवरण ३२
तालिका नं. ७ मुद्दागत, उमेरगत र लिङ्गगत आधारमा पीडितको संख्यात्मक विवरण ३३
तालिका नं. ८ प्रतिवादी पक्राउ गर्न लागेको अवधिको विवरण (जिल्लागत आधारमा) ३५
तालिका नं. ९ प्रतिवादी पक्राउ गर्न लागेको अवधिको विवरण (मुद्दागत आधारमा) ३६
तालिका नं. १० बालकले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई सूचना दिएको मुद्दा संख्या ( जिल्लागत आधारमा) ३७
तालिका नं. ११ अनुसन्धान तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरण ३९

तालिका नं. १२ तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधि (जिल्लागत आधारमा) ४१

तालिका नं. १३ तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधि (मुद्दागत आधारमा) ४२

तालिका नं. १४ पक्राउ परेका प्रतिवादीलाई थुनामा राख्ने म्याद थप अगाडि वा पछाडि बयान गराएको विवरण (जिल्लागत आधारमा) ४३

तालिका नं. १५ पक्राउ परेका प्रतिवादीलाई थुनामा राख्ने म्याद थप अगाडि वा पछाडि बयान गराएको विवरण (मुद्दागत आधारमा) ४४

तालिका नं. १६ तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधिसम्बन्धी विवरण (जिल्लागत तथा प्रतिवादीको संख्याको आधारमा) ४५

तालिका नं. १७ पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधिसम्बन्धी विवरण (मुद्दागत र प्रतिवादीको संख्याको आधारमा) ४७

तालिका नं. १८ प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण ४८

तालिका नं. १९ प्रतिवादीको बयानमा रोहवरमा बस्ने संरक्षक र प्रतिवादी बीचको नाता सम्बन्धको विवरण ४९

तालिका नं. २० जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधि ५०

तालिका नं. २१ प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको अवधि ५१

तालिका नं.२२ प्रतिवादीलाई अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपि उपलब्ध गराए नगराएको (जिल्लागत आधारमा) ५२

तालिका नं.२३ प्रतिवादीलाई अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपि उपलब्ध गराए नगराएको (मुद्दागत आधारमा) ५३

तालिका नं.२४ थुनछेक आदेश गर्न लागेको समयावधि (जिल्लागत आधारमा) ५४

तालिका नं.२५ थुनछेक आदेश गर्न लागेको समयावधि (मुद्दागत आधारमा) ५५

तालिका नं.२६ थुनछेक आदेशको प्रकृति (मुद्दागत आधारमा) ५७

तालिका नं.२७ थुनछेक आदेशको प्रकृति (जिल्लागत आधारमा) ५९

तालिका नं.२८ अ.वं. १७ नं. अन्तर्गतको निवेदनसम्बन्धी विवरण (जिल्लागत आधारमा) ६०

तालिका नं.२९ अ.वं. १७ नं. अन्तर्गतको निवेदनसम्बन्धी विवरण (मुद्दागत आधारमा) ६१

तालिका नं.३० अ.वं. ११५ नं. को प्रयोगको अवस्था (जिल्लागत आधारमा) ६२

तालिका नं.३१ अ.वं. ११५ नंवरको प्रयोगको अवस्था (मुद्दागत आधारमा) ६३

तालिका नं.३२ वादी, प्रतिवादी वा प्रतिवादीको कानून व्यवसायीबाट भएको पेशी स्थगनको पटकसम्बन्धी विवरण ६६

तालिका नं.३३ पेशी चढेको पटकको विवरण ६७

तालिका नं.३४ प्रमाण बुझ्नको लागि आदेश भएको पटकको विवरण ६८

तालिका नं.३५ हेर्न नभ्याई इजलासबाट फर्किएको मुद्दाको विवरण ६८
तालिका नं.३६ बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण (जिल्लागत आधारमा) ७०
तालिका नं.३७ बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण (मुद्दागत आधारमा) ७१
तालिका नं.३८ बाल इजलासबाट भएको फैसलाको प्रकृति (मुद्दागत आधारमा) ७३
तालिका नं.३९ कसूर ठहर भएको अवस्थामा सजायको प्रकृति (जिल्लागत आधारमा) ७४
तालिका नं.४० कसूर ठहर भएको अवस्थामा सजायको प्रकृति (मुद्दागत आधारमा) ७५
तालिका नं.४१ कसूर ठहर भएको अवस्थामा सजाय स्थगन गरिएका मुद्दाहरुको विवरण ७६
तालिका नं.४२ प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको विवरण ७७
तालिका नं.४३ पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको विवरण ७९
तालिका नं.४४ पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको जिल्लागत विवरण ७९
तालिका नं.४५ थुनछेकको अवस्थामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्वको विवरण (जिल्लागत आधारमा) ८०
तालिका नं.४६ मुद्दा कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व ८२
तालिका नं.४७ बालबालिकाको उमेर निर्धारण गर्न लिइएको आधार ८४
तालिका नं.४८ प्रतिवादीको उमेरगत आधारमा बालबालिकाको उमेर निर्धारण गर्न लिइएको आधार ८५
तालिका नं.४९ धरौटी माग गरेका बालबालिकाको धरौटी दाखिलासम्बन्धी विवरण ८६
तालिका नं.५० संरक्षकको जिम्मा लगाइएका बालबालिकाको अदालतमा उपस्थिति विवरण ८७
तालिका नं.५१ साधारण तारेखमा रहेका बालबालिकाको अदालतमा उपस्थिति विवरण ८८
तालिका नं.५२ बाल इजलासमा समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञको उपस्थिति विवरण ८९
तालिका नं.५३ बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरण ९०
तालिका नं.५४ सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी विवरण ९२

**अनुसूचीहरु**

अनुसूची १ प्रश्नावली
अनुसूची २ प्रश्नावली भर्ने निर्देशिका

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

विभिन्न किसिमका धार्मिक ग्रन्थहरुमा बालबालिकाहरुलाई ईश्वरको रुपमा मान्यता प्रदान गरिएको छ । जसरी ईश्वरले कसैको पनि कुभलो चिताउदैनन् भन्ने मान्यता रहेको छ त्यसरीनै बालबालिकाले पनि कसैको पनि नराम्रो होस भनी सोचेका हुँदैनन् । बालबालिकाले गर्ने कार्य वयष्क मानिसले गर्ने कार्यभन्दा फरक प्रकृतिको रहेको हुन्छ । बालबालिकामा हुने शारीरिक, मानसिक तथा वौद्धिक अपरिपक्वताका कारणलेनै यस्तो फरक हुने गरेको हुन्छ । कुनै पनि वयष्क मानिसले कुनै कार्य गर्दा निश्चित् उद्देश्य राखेर सोचविचारका साथ आफूले गर्न लागेको कार्यको प्रकृति तथा त्यसबाट निस्कन सक्ने परिणाम र त्यो परिणामको असरका बारेमा जानकारी राखेर कार्य गरेको हुन्छ भने बालबालिकामा यस्तो रहेको हुँदैन । बालबालिकाले कुनै काम गर्दा जिज्ञासावस तथा तत्कालिक फाइदाको लागि गरेको हुन्छ । उसले गरेको कामको प्रकृति र परिणामको जानकारीबिनानै गरेको हुन्छ । त्यसकारण एउटै कार्यको प्रतिक्रिया पनि बालबालिका र वयष्कलाई भिन्नभिन्न किसिमले व्यवहार गरिएको हुन्छ । त्यही कार्य वयष्क मानिसले गरेको अवस्थामा उसलाई उत्तरदायी बनाइन्छ भने बालबालिकाले गरेको अवस्थामा माफी प्रदान गरिन्छ । बालबालिका शारीरिक, मानसिक तथा वौद्धिक रुपमा कमजोर हुने उनीहरु अन्य व्यक्तिमा आश्रित हुनु पर्ने हुनाले उनीहरुलाई विशेष संरक्षकत्वको आवश्यकता पर्छ । त्यसकारण उनीहरुलाई अन्य वयष्क मानिसहरुको तुलनामा विशेष अधिकारको आवश्यकता परेको हुन्छ ।

अहिलेका बालबालिका भविष्यका कर्णधार हुन् । बालबालिका अबोध हुने भएकोले उसमा सामाजिक वातावरणको प्रभाव परेको हुन्छ । बाल्यकालमा सिकेको कुरालेनै उनीहरुको भविष्यको व्यक्तित्वको निर्माण भएको हुन्छ । बाल्यकालमा सही किसिमको शिक्षादिक्षा तथा अनुकुल वातावरण प्रदान गर्न सकेमानै उनीहरु भविष्यका सक्षम तथा सभ्य नागरिक हुन सक्छन् । बालबालिकालाई त्यस किसिमको शिक्षादिक्षा तथा वातावरण उपलब्ध गराउनु समाजको कर्तब्य हो । बालबालिका सही बाटोमा नलागी खराब बाटोमा लाग्नु भनेको समाजले आफ्नो कर्तव्य पालनाबाट च्यूत हुनु हो । त्यसकारण खराब बाटोमा लागेका बालबालिकाको हकमा उनीहरुको दोषभन्दा पनि समाजको कर्तव्यबिमुखताको भूमिका रहेको हुन्छ । बालबालिका अबोध हुने भई सही मार्गदर्शनको अभावमा खराब बाटोमा लाग्नु परेकोले उनीहरुलाई पीडितको रुपमा र समाजलाईनै कारकको रुपमा मानिन्छ । त्यसकारण यस्ता बालबालिकालाई सही बाटोमा ल्याउने दायित्व पनि समाजकै रहेको हुन्छ ।

जसरी सामाजिक जीवनका अन्य क्षेत्रमा बालबालिकालाई फरक ढङ्गले व्यवहार गर्ने मान्यता रहेको छ त्यसरीनै न्यायको क्षेत्रमा पनि बालबालिकालाई फरक ढङ्गले हेर्नु पर्ने मान्यताको विकास भएको छ । बालबालिका वयष्कभन्दा विभिन्न किसिमले फरक तथा कमजोर हुने भएकोले उनीहरुले फौजदारी कानूनको उल्लंघन गरेको अवस्थामा पनि फरक व्यवहार गर्नु पर्ने हुन्छ । परम्परागत रुपमा रहेको फौजदारी न्याय प्रणालीका मान्यताहरु बालबालिकाहरुको हकमा लागु हुन सक्दैनन् । अपराधीलाई दण्ड दिएर दण्डको भय अन्य व्यक्तिलाई देखाई भविष्यमा त्यस किसिमका अपराधहरु नदोहोरिउन् भन्ने मान्यता फौजदारी न्याय प्रणालीको रहेको छ । यसले अपराधीलाई असामाजिक तत्व मानी समाजबाट पृथक राख्नु पर्छ भन्ने सोच राखेको हुन्छ । यस किसिमको मान्यता बालबलिकाको हकमा लागु हुँदैनन् । बालबालिकाबाट हुने कानून विपरीतका कार्य अपराधभन्दा पनि गल्ती हुने भएकोले उनीहरुलाई गल्ती महशुस गराउनु आवश्यक हुन्छ । सही वातावरण दिन सकेको अवस्थामा बालबालिका सजिलैसँग सुध्रने भएकोले उनीहरु त्यस्तो कार्यमा लाग्नुका पछाडि रहेका कारक तत्वहरु पत्ता लगाई ती कारणहरुको निराकरणका लागि सुधारका उपायहरुको अवलम्बन गरी उनीहरुको सुधार गरी समाजमा पुनर्स्थापना गर्नु पर्ने हुन्छ । यसै कुरालाई दृष्टिगत गर्दै हाल आएर वयष्कलाई लागू हुने परम्परागत फौजदारी न्याय प्रणालीभन्दा भिन्नै किसिमको बाल न्याय प्रणालीको विकास भएको छ । यस किसिमको छुट्टै किसिमको बाल न्याय प्रणालीको स्थापनाको शुरुआत संयुक्त राज्य अमेरिकाबाट भएको हो । संयुक्त राज्य अमेरिकाले बालबालिकासम्बन्धी छुट्टै कानून र एउटा बाल अदालतको स्थापना गरी सन् १८९९ मा यसको शुरुआत गरेको थियो । हाल संसारका धेरै देशमा यस किसिमको अभ्यास गर्न थालिएको पाइन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा हेर्दा सन् १९२४ मा लिग अफ नेशनले बालबालिकाका विभिन्न अधिकारहरु समावेश गरिएको एक दस्तावेजलाई स्वीकार गरेको थियो । यसलाई बालबालिकाको अधिकारसम्बन्धी पहिलो घोषणापत्र पनि भन्ने गरिन्छ । संयुक्त राष्ट्र संघको स्थापना भएपछि सन् १९४८ मा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रले पहिलो पटक बालअधिकारलाई मानवअधिकारको रुपमा स्वीकार गरेको पाइन्छ । सन् १९५९ मा संयुक्त राष्ट्र संघले बालबालिकाको अधिकारका सम्बन्धमा दोश्रो घोषणापत्र जारी गरेको थियो । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले बालबालिका परिवार वा समाजको इकाईको रुपमा रहकोले उनीहरुको संरक्षण र विकाससमेत समाज वा परिवारलेनै गर्नु पर्ने भन्ने अवधारणालाई मान्यता दिएको छ ।

बालबालिकाको सम्बन्धमा विशेष व्यवस्था गर्नको लागि संयुक्त राष्ट्र संघको महासभाले सन् १९८९ नोभेम्वर २० मा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई पारित गरेको छ । यस महासन्धिले बालबालिकाका हकहरुका बारेमा पहिलो पटक छुट्टै सन्धिमार्फत् विस्तृत रुपमा व्यवस्था गरेको छ । यसका अतिरिक्त बालअधिकार र बाल न्यायको क्षेत्रमा विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय सम्मेलनमार्फत पनि विभिन्न

किसिमको प्रतिवद्धताहरु व्यक्त भएका छन् । स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्र संघीय नियमावली, बाल न्याय प्रशासनको लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ्ग नियमावली), बालबिज्याँई रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन (रियाद मार्गदर्शन), अपराध पीडित र साक्षी बालबालिकाको न्यायको लागि मार्गदर्शन (ECOSOC, 2005) आदिलाई यस कुराको दृष्टान्तको रुपमा लिन सकिन्छ ।

नेपालले १४ सेप्टेम्वर १९९० मा बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरी बालबालिकाका हक अधिकारहरुको प्रत्याभूति गर्ने सम्बन्धमा प्रतिवद्धता जनाइसकेको छ । महासन्धिको पक्षराष्ट्र भएपछि महासन्धिमार्फत व्यक्त प्रतिवद्धता कार्यान्वयनका सिलसिलामा बालबालिकासम्बन्धी ऐन, २०४८ जारी भएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ ले बाल न्यायका सम्बन्धमा पनि केही महत्वपूर्ण व्यवस्थाहरु गरेको छ । विशेष गरी बालबालिकालाई यातना दिने र क्रूरता पूर्वक व्यवहार गर्न नहुने (दफा ७), १० वर्षभन्दा कम उमेरकाले कुनै अपराधिक दायित्व बहन गर्नु नपर्ने तथा उमेरको आधारमा अपराधिक दायित्वको बहन गर्नु पर्नेसम्बन्धी व्यवस्था (दफा ११), बालबालिकाले गरेको कसूरलाई लिएर अयोग्यता वा पटक कायम गर्न नहुने (दफा १२), बालबालिकालाई कठोर सजाय दिन नहुने (दफा १५), कानून व्यवसायी नभई बालबालिकाको मुद्दा किनारा गर्न नहुने (दफा १९), कसूरजन्य कार्यमा संलग्न रहेका बालबालिकासमेतको सुधारको लागि नेपाल सरकारले सुधार गृहको स्थापना र सञ्चालन गर्नु पर्ने (दफा ४२), बालबालिकासम्बन्धी मुद्दा बन्द इजलासबाट सुनुवाई गर्नु पर्ने (दफा ४९), बालबालिकासम्बन्धी तथ्याङ्कहरुको गोपनीयता कायम गर्नु पर्नेसम्बन्धी व्यवस्था (दफा ५२), अनुसन्धानको क्रममा बालबालिकालाई अभिभावक वा कुनै सामाजिक संघसंस्थाको जिम्मा लगाउने र कसूर स्थापित भए पनि परिस्थितिअनुसार सजाय स्थगन गर्नेसम्बन्धी व्यवस्था (दफा ५०), बाल अदालत वा बाल इजलासको गठनसम्बन्धी व्यवस्था (दफा ५५) बालबालिकाको मुद्दामा प्राथमिकता दिने (दफा ५७) सम्बन्धी व्यवस्थाहरु प्रस्तुत ऐनमा समावेश गरिएका छन् ।

बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेका व्यवस्थाहरुको अतिरिक्त सो ऐनको दफा ५८ को अख्तियारीअन्तर्गत नेपाल सरकारले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी गरेको छ । यस नियमावलीले बाल न्याय प्रशासन सम्बन्धमा परम्परागत फौजदारी न्याय प्रशासनकोभन्दा केहि पृथक व्यवस्थाहरु समेटेको छ । बालकले गरेको कुनै कसूरको अनुसन्धानको लागि छुट्टै प्रहरी इकाई वा प्रहरी कर्मचारी तोक्नु पर्ने,[१] तहकिकात र सोधपुछ गर्दा बालमैत्री प्रक्रिया अवलम्बन गर्नु पर्ने,[२] प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकसहितको

१ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ३ ।

२ ऐजनको नियम ४, ५ ।

बाल इजलास गठन गर्ने,[३] बाल अदालत वा इजलासबाट बालमैत्री वातावरणमा मुद्दाको सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । यसका अतिरिक्त प्रमाण बुझ्ने, साक्षी बुझ्ने, उमेर निर्धारण गर्ने प्रक्रिया लगायत फैसला गर्ने समयावधि, फैसलामा खुलाउनु पर्ने व्यहोरा, फैसला कार्यान्वयन, फैसलाको निःशुल्क प्रतिलिपि दिनु पर्ने, विभिन्न निकायको सहयोग लिन सकिने आदि व्यवस्था बाल न्याय (कार्यविधि) नियमावलीमा समेटिएका छन् ।

बाल न्याय प्रशासनको सुदृढिकरणको सन्दर्भमा सर्वोच्च अदालतबाट केहि महत्वपूर्ण फैसलाहरु भएका छन् । खास गरी पूर्पक्षको लागि थुनामा राख्नु पर्दा कारागारमा नराखी बाल सुधार गृहमा राख्नु पर्ने,[४] कैद ठेकिएको बालबालिकालाई कारागारमा नराखी बाल सुधार गृहमा राख्नु पर्ने,[५] नेपाल कानून र बालअधिकारसम्बन्धी महासन्धि बाँझिएको अवस्थामा बालअधिकारसम्बन्धी महासन्धिको प्रावधान प्रभावकारी हुने, बालबालिकालाई संघसंस्था खोल्नबाट रोक लगाउन नमिल्ने,[६] बालबालिकालाई हतकडी लगाउन नहुने,[७] बालबालिकालाई आर्थिक दण्ड गर्न नमिल्ने,[८] मुद्दामा संलग्न बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने,[९] बालबालिकालाई सामान्य पिटाई गर्न हुने भन्ने बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रावधान बालअधिकारसम्बन्धी महासन्धि विपरीत हुनुका साथै संविधान प्रदत्त यातनासम्बन्धी मौलिक हकमा अनुचित वन्देज लगाएकाले बदर हुने,[१०] बालबालिका पक्ष विपक्ष रहेको मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्न नमिल्ने हुँदा त्यस्ता मुद्दा बाल इजलासबाट हेरिनु पर्ने[११] भन्ने निर्णयहरु उल्लेखनीय रहेका छन् । यसै पृष्ठभूमिमा हालको अवस्थामा नेपालमा बाल न्यायसम्बन्धी कानूनी व्यवस्थाहरुको प्रयोग र पालनाको स्थितिको पहिचान गर्ने उद्देश्यले प्रस्तुत अनुसन्धान गर्न लागिएको छ ।

---

३ ऐजनको नियम ६ ।

४ बब्लु गोडियाको हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध नेपाल सरकार, २०५७ सालको रिट नं. ३३९०, निर्णय मिति २०५७/१२/२ ।

५ केशब खड्काको हकमा आशिष अधिकारी विरुद्ध नेपाल सरकार, २०५७ सालको रिट नं. ३६८५, निर्णय मिति २०५८/१/२८ ।

६ तिलोत्तम पौडेल विरुद्ध नेपाल सरकार, २०५७ सालको रि.पु.इ.नं. १७४, निर्णय मिति २०५८/४/२५ ।

७ बालकृष्ण मैनाली विरुद्ध गृह मन्त्रालय समेत, २०५६ सालको रिट नं. ३५०५, निर्णय मिति २०५८/४/२३ ।

८ महेशकुमार चौधरी विरुद्ध नेपाल सरकार, ने.का.प. २०६४, अङ्क ४, पृष्ठ ४१५ ।

९ सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकारसमेत, ने.का.प. २०६४, पृष्ठ १२०८ ।

१० देबेन्द्र आले विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत ने.का.प. २०६१, पृष्ठ ११५६ ।

११ सरोज राईको हकमा कल्याण के.सी. विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, २०६६ सालको रिट नं. ००२५, निर्णय मिति २०६६/६/२६ ।

## १.२ अध्ययनको आवश्यकता तथा महत्व

नेपालमा परम्परागत फौजदारी न्याय प्रणालीबाट फरक किसिमको बाल न्याय प्रणाली स्थापनातर्फ केही पाइलाहरु चालिएका छन् । बाल अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकासम्बन्धी ऐन, २०४८ जारी गरिएको छ । त्यसै गरी बाल न्याय (कार्यविधि) नियमावली, २०६३ पनि जारी भईसकेको छ । बालबालिकासम्बन्धी ऐन तथा बाल न्याय (कार्यविधि) नियमावलीमा बाल न्यायका मान्यताअनुसारका केही व्यवस्थाहरु समेटिएका छन् । यी व्यवस्थाहरुमा केही सारवान व्यवस्थाहरु रहेका छन् भने केही कार्यविधिगत व्यवस्थाहरु । सारवान विषयहरु बालबालिकाको अधिकारसँग सम्बन्धित रहेका छन् भने कार्यविधिगत विषयहरु अधिकारको उपभोगको कार्यविधिका बारेमा रहेका छन् ।

बालबालिकाका विषयमा विविध व्यवस्थाहरु यी कानूनहरुमा व्यवस्थित त भए तर कानूनमा व्यवस्था भएर मात्र पुग्ने हुँदैन । जवसम्म कानूनमा भएका अधिकारहरु सम्बन्धित व्यक्तिले उपभोग गर्न पाएको हुँदैन तवसम्म कानूनमा भएका व्यवस्थाहरुको कुनै सार्थकता रहदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भइसकेपछि यी कानूनहरुले गरेका व्यवस्थाहरुको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुराको जानकारी भएमा मात्र यससम्बन्धी कमीकमजोरीहरु पत्ता लग्न सक्छन् । बाल न्यायका सम्बन्धमा छिटपुट रुपमा अध्ययन भएको भए तापनि यी ऐन तथा नियमको कार्यान्वयनको बारेमा हालसम्म कुनै अध्ययन भएको पाइदैन । बालबालिका प्रतिवादी भएका तथा बाल अदालत वा बाल इजलासको क्षेत्राधिकारभित्र पर्ने मुद्दामा अनुसन्धान, अभियोजन तथा सुनुवाईका सम्बन्धमा कानूनले निर्दिष्ट गरेका प्रकृयाहरुको प्रयोग कसरी भएको छ, बालबालिकाविरुद्ध पर्ने मुद्दाको प्रकृति, अनुसन्धानमा लाग्ने समय, सुनुवाईका क्रममा लाग्ने समय, बालबालिकासम्बन्धी मुद्दाहरुको फैसलाको प्रकृति, अनुसन्धान, अभियोजन तथा सुनुवाईको क्रममा प्रतिवादी बालबालिकालाई प्राप्त अधिकारको उपभोगको अवस्था आदिबारेमा कुनै अध्ययन भएको पाइदैन । त्यसैले बालबालिकासम्बन्धी मुद्दाहरुमा बालबालिकासम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्थाहरुको प्रयोगको वास्तविक स्थिति पत्ता लगाउनको लागि यो अनुसन्धान गर्न लागिएको हो ।

यस अध्ययनबाट बाल न्यायसम्बन्धी कानूनी व्यवस्थाको प्रयोग र पालनाको स्थितिको बारेमा जानकारी प्राप्त हुने र कानूनको प्रयोगको क्रममा देखिएका कमी कमजोरी हटाउनका लागि गर्नु पर्ने सुधारका क्षेत्रहरु पहिचान हुने देखिन्छ । यस अध्ययनबाट कानून निर्माता, नीति निर्माता, कानून कार्यान्वयन गर्ने निकाय तथा बाल न्यायसँग सरोकार राख्ने निकायहरु, अध्ययन अनुसन्धानकर्ता लगायत सबैलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १.३ पूर्व अध्ययनको समीक्षा

नेपालमा बाल न्यायसँग सम्बन्धित मुद्दाका सम्बन्धमा मात्र केन्द्रित भएर मुद्दा प्रवाह सम्बन्धमा अध्ययन गरेको दस्तावेज पाउन सकिएन । तथापि, बाल न्यायका सम्बन्धमा केहि अध्ययन अनुसन्धान भएको देखिन्छ । प्रस्तुत अध्ययन बाल न्यायसम्बन्धी मुद्दा प्रवाहका विषयमा मात्र केन्द्रित भएर गर्न लागिएको भए तापनि उक्त पूर्व अध्ययनहरु यस अध्ययनका सम्बन्धमा पनि सान्दर्भिक देखिएकाले तिनिहरुकोसमेत अध्ययन गरिएको छ । जसको विवरण निम्न अनुसार छ ः

१.३.१ Juvenile Justice System in Nepal, Kathmandu School of Law (KSL), 2003: प्रस्तुत अध्ययन कानूनसँग विवादमा परी प्रहरी कार्यालयमा उजुरी परेका बालबालिकाको संख्या पत्ता लगाउने, बालबालिकाले पटकपटक गरेका बिज्याँईका प्रकारहरु पत्ता लगाउने, उजुरी परेका र अभियोजन लगाइएका मुद्दाहरुको अनुपात पत्ता लगाउने, पुर्पक्षको लागि जमानी प्राप्त गरेका बालबालिकाको संख्या पत्ता लगाउने, दोषी ठहर भएका बालबालिकाको संख्या पत्ता लगाउने, कानूनसँग विवादमा परेका बालबालिकाको पृष्ठभूमि पत्ता लगाउने र कारागारमा रहेका बालबालिकाको संख्या पत्ता लगाउने कुरामा केन्द्रित रहेको देखिन्छ ।

१.३.२ Baseline Survey on Juvenile Justice System in Nepal, Centre for Legal and Resource Development (CeLRRd), Kathmandu, Nepal, 2010 : प्रस्तुत अध्ययन कानूनसँग विवादमा परेका बालबालिकाको संख्या पत्ता लगाउने, कानूनसँग विवादमा परेका बालबालिकाहरुलाई अन्य बयस्क व्यक्तिहरुसँगै थुनामा राखिएको छ छैन, बाल सुधार गृहको अवस्था कस्तो छ, प्रहरी र सरकारी वकिलले बालबालिका संलग्न भएको मुद्दामा कस्तो अभ्यास गर्ने गरेको छ, बाल इजलासबाट भएका कामकारवाही अन्तर्राष्ट्रिय मापदण्डअनुरुप भए नभएको, सजाय स्थगनको अभ्यास कस्तो छ, दिशान्तरको अभ्यास र सम्भावना कस्तो छ, सर्वोच्च अदालतबाट भएका फैसलाहरुको प्रयोग कस्तो छ आदि विषयमा केन्द्रित रहेको देखिन्छ ।

१.३.३ Rehabilitation and Reintegration Denied ? A Critical Analysis of Juvenile Justice System in Nepal, Forum for Protection of People's Rights, Nepal (PPR Nepal), 2007 : प्रस्तुत अध्ययन बालबिज्याँईको कारण पत्ता लगाउने, बालबिज्याँईसम्बन्धी कानूनी व्यवस्था तथा प्रयोगको स्थितिका सम्बन्धमा अध्ययन गर्ने, बालबालिकाको पुनर्स्थापना तथा पुर्नएकिकरणको अवस्था पत्ता लगाई आवश्यक सल्लाह सुझाव दिने आदि विषयमा केन्द्रित रहेको देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य भनेको बाल इजलासबाट हेरिने मुद्दाहरुमा बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले निर्दिष्ट गरेको प्रकृयाहरुको अवलम्बन के कसरी गरिएको छ भन्ने कुरा पत्ता लगाउनु रहेको छ। बालबालिका प्रतिवादी हुने बाल इजलासको क्षेत्राधिकारभित्र पर्ने मुद्दामा शुरु जाहेरी दरखास्त दर्ता भएदेखि फैसला हुँदाका चरणसम्ममा निश्चित कार्यविधिहरु अपनाउनु पर्ने व्यवस्था यी ऐन तथा नियमावलीमा गरिएको छ । यसको अलावा बालबालिकाविरुद्ध परेका मुद्दामा माथि उल्लेखित कानूनमा नसमेटिएका विषयमा अनुसन्धान, अभियोजन तथा सुनुवाईको क्रममा अन्य कानूनहरु पनि आकर्षित हुन्छन् । बालबालिकाविरुद्धका मुद्दामा कारवाहीका चरणमा अपनाइने कार्यविधिको पालना के कस्तो अवस्थामा रहेको छ भन्ने कुरा पत्ता लगाउनुनै प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ।

## १.५ अध्ययनको सीमा

सिमित श्रोत, साधन र समयका कारणले गर्दा प्रस्तुत अध्ययन देहायका सीमाभित्र रहेर संचालन गरिएको छ :

**मुद्दागत सीमा** : प्रस्तुत अध्ययनमा जिल्ला अदालतस्थित बाल इजलासबाट हेरिएका मुद्दाहरुलाई मात्र समेटिएको छ। अध्ययनमा २०६६ साल बैशाख महिनादेखि २०६७ साल माघ महिनासम्म फैसला भएका मुद्दाहरु मात्र समेटिएको छ। अध्ययन गर्न खोजिएको अवधिमा २८ वटा विभिन्न जिल्ला अदालतका बाल इजलासबाट जम्मा १२० थान फैसला भएकोमा अध्ययनको क्रममा मिसिल प्राप्त हुन सकेका ८० मुद्दाहरुलाई मात्र समेटिएको छ।

**निकायगत सीमा** : प्रस्तुत अध्ययनमा जिल्ला अदालतका बाल इजलासबाट फैसला भएका मुद्दाहरुको शुरु जाहेरी दरखास्त दर्ता भएदेखि फैसला हुँदासम्मको कामकारवाहीलाई मात्र समेटिएको छ।

**समयगत सीमा** : प्रस्तुत अध्ययन कार्य २०६७ फागुन महिनाबाट शुरु गरेर २०६८ साल असार मसान्तमा सम्पन्न गरिएको हो।

## १.६ अध्ययन विधि

प्रस्तुत अध्ययन सैद्धान्तिक र व्यावहारिक दुवै अध्ययन विधिमा आधारित भएर देहायबमोजिम गरिएको छ।

१.६.१ **सूचना संकलन** : प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरु जिल्ला अदालतको बाल इजलासबाट कारवाही भएका सम्बन्धित मुद्दाको मिसिलहरुबाट सङ्कलन गरिएको छ ।

१.६.२ **नमूना छनौट विधि** : अध्ययन अवधिमा पूर्वाञ्चल क्षेत्रभित्रका १६ जिल्ला मध्ये ८ जिल्ला अदालतबाट फैसला भएकोमा चार जिल्ला, मध्यमाञ्चल क्षेत्रभित्रका १९ जिल्ला मध्ये ९ जिल्ला अदालतबाट फैसला भएकोमा पाँच जिल्ला, पश्चिमाञ्चल क्षेत्रभित्रका १६ जिल्लामध्ये ४ जिल्ला अदालतबाट फैसला भएकोमा ३ जिल्ला, मध्य पश्चिमाञ्चल क्षेत्रभित्रका १५ जिल्लामध्ये ४ जिल्ला अदालतबाट फैसला भएकोमा ३ जिल्ला र सुदुर पश्चिमाञ्चल क्षेत्रभित्रका ९ जिल्ला मध्ये २ जिल्ला अदालतबाट फैसला भएकोमा २ वटै जिल्लालाई नमूनाको रुपमा लिइएको छ । यसरी सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व गराइएको छ ।

१.६.३ **सूचना सङ्कलन विधि** : अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरु प्राप्त हुने किसिमबाट बन्द प्रश्नावली तयार गरिएको थियो । विज्ञ तथा सरोकारवालाहरुसँग छलफल परामर्श गरी सो प्रश्नावलीलाई अन्तिम रुप दिई सोही प्रश्नावलीका आधारमा सूचना संकलन गरिएको छ ।

१.६.४ **सूचनाको विश्लेषण विधि** : प्रश्नावलीबाट प्राप्त भएका सूचनाहरुलाई वर्गिकरण र तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

**१.७ अध्ययनको संरचना**

प्रस्तुत अध्ययनको प्रतिवेदनलाई पाँच परिच्छेदमा विभक्त गरिएको छ । प्रथम परिच्छेद परिचय, दोस्रो परिच्छेद बाल न्यायसम्बन्धी अवधारणा, तेस्रो परिच्छेद बालन्याय प्रशासनको स्थितिको विश्लेषण, चौथो परिच्छेद बाल न्याय प्रशासन स्थितिको नतिजा विश्लेषण र पाँचौ परिच्छेद समस्या र समाधानका विषयसँग सम्बन्धित रहेको छ ।

# परिच्छेद २
# बाल न्यायसम्बन्धी अवधारणा

## २.१ अवधारणा

बाल न्याय बालबालिकाको न्यायसँग सम्बन्धित छ। जन्मपछिको पहिलो निश्चित् उमेरसम्मको व्यक्तिलाई बालबालिका भनिन्छ । कति उमेरसम्मको व्यक्तिलाई बालबालिका भन्ने सम्बन्धमा फरकफरक देशमा फरकफरक व्यवस्था रहेको पाइन्छ। बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले १८ वर्षसम्मको व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ भने हाम्रो देशमा बालबालिकासम्बन्धी ऐन, २०४८ ले १६ वर्षसम्मको व्यक्तिलाई बालबालिका मानेको छ ।

बालबालिका शारीरिक तथा मानसिक रुपमा पूर्ण विकसित भइसकेका हुँदैनन् । उनीहरुमा पर्याप्त परिपक्वताको अभावको कारण कुनै पनि काम गर्दा अन्य वयस्क मानिसले जस्तो सोच विचार गरेर गर्न सक्ने हुँदैनन् । उनीहरु आफूले गरेको कार्यको प्रकृति तथा परिणामको बारेमा पनि जानकार हुँदैनन् । उनीहरु जिज्ञासु स्वभावका हुने भएकाले कुनै पनि कार्य गर्दा त्यसबाट हुने फाइदा र नोक्सानभन्दा पनि आफ्नो जिज्ञासा मेटाउने उद्देश्यले कार्य गर्दछन् । यसको अलावा बालबालिका आफ्नो जीवन निर्वाहको लागि आवश्यक पर्ने साधनहरु आफूले जुटाउन नसक्ने हुँदा अरु व्यक्तिमा आश्रित भएका हुन्छन् । यिनीहरुलाई अरु व्यक्तिले सहजै रुपमा प्रयोग पनि गर्न सक्छन् । यिनीहरु खराब बाटोमा लागेको अवस्थामा सही मार्गदर्शन गर्न सकियो भने सहजै सुधार हुन पनि सक्छन् । त्यसकारण बालबालिकालाई अन्य वयस्क व्यक्तिको तुलनामा फरक किसिमको व्यवहार गरिनु पर्छ । वयस्क व्यक्तिभन्दा फरक हुने भएकाले उनीहरुलाई विशेष किसिमको संरक्षण प्रदान गर्न विशेष वर्गमा राखी विशेष किसिमको अधिकारहरु प्रदान गर्नु पर्ने हुन्छ ।

कसैप्रति गरिने उचित तथा निष्पक्षतापूर्ण व्यवहारनै न्याय हो। यस अर्थमा बालबालिकाप्रति गरिने उचित तथा निष्पक्ष व्यवहारनै बाल न्याय हो । माथि उल्लेख गरिएअनुसार बालबालिका वयस्कभन्दा भिन्न हुने भएकोले वयस्कलाई निर्धारण गरिएका न्यायका मापदण्डहरु बालबालिकाको हकमा पूर्ण हुँदैनन् । त्यसकारण वयस्कलाई प्रदान गरिने न्यायका मापदण्डभन्दा बालबालिकाको न्यायको मापदण्डहरु फरक हुन्छन् ।

बाल न्यायलाई विभिन्न अर्थमा परिभाषित गर्ने गरेको पाइन्छ । बृहत रुपमा हेर्दा बाल न्यायले बालबालिकाको संरक्षण तथा स्याहारको लागि आवश्यकता पर्ने सबै प्रकारका कल्याण तथा भलाईका कार्यलाई सम्बोधन गर्दछ भने औपचारिक बाल न्याय प्रणालीको रुपमा हेर्दा यसले विभिन्न कारणवश कानूनसँग विवादमा परेका तथा पर्ने सम्भावनामा रहेका बालबालिकासँग गरिने व्यवहार र विधिका बारेमा सम्बोधन गर्दछ। यसले राजनैतिक, सामाजिक र आर्थिक पाटोमा बालबालिकाको लागि स्वच्छ र न्यायपूर्ण व्यवहार हुनु पर्ने कुरामासमेत जोड दिन्छ। अपराधशास्त्रीय विधामा बाल न्यायले बालबिज्याँईमा परेका तथा पर्ने सम्भावनामा रहेका बालबालिकाप्रति न्यायिक कारवाहीका औपचारिक प्रकृयाका चरणहरुका क्रममा (जस्तो पक्राउ, सुनुवाई, सजाय, संस्थागत स्याहार, नियन्त्रणमा राख्ने तथा उत्तर संरक्षण) गरिने व्यवहारलाई जनाउँछ (In it's wider perspective it includes provision for the welfare and well being of all the children in need of care and protection, while the formal system of juvenile justice actually deals with those who are already in conflict with law or likely to be so, for verious reasons . It also implies fairness and justice towards juveniles in the political, social and economic spheres. In criminological literature, juvenile justice connotes justice to the delinquent or near delinquent child in various stages of the formal process such as arrest and apprehension, adjudication, sentencing, custodial care and detention and aftercare.)[१२]

बाल न्यायलाई पर्याप्त मात्रामा उमेर पुगि नसकेका व्यक्तिले गरेको अपराधिक कार्यको उत्तरदायित्व बहन गराउने सन्दर्भमा लागू हुने फौजदारी कानून (Juvenile justice is the area of criminal law applicable to persons not old enough to be held responsible for criminal acts)[१३] पनि भनिएको छ । यसै गरी बाल न्याय प्रणालीलाई परिभाषित गर्दा बालबिज्याँईकर्तालाई कारवाही गर्ने कार्यमा संलग्न रहने व्यक्ति, संस्था, संगठन तथा निकायहरुको एकिकृत सञ्जाल The juvenile justice system consists of integreted network of agencies, institutions, organizations, and personnels that process juvenile offenders)[१४] पनि भन्ने गरिएको छ ।

फौजदारी न्यायको सन्दर्भमा बाल न्यायलाई हेर्दा कानूनसँग विवादमा परेका बालबालिकालाई गरिने व्यवहारलाई बुझिन्छ। यसले कानूनसँग विवादमा परेको भनी अभियोग लगाइएका तथा कानूनको उल्लंघन

१२ Ved Kumari, The Juvenile Justice System in India, Oxford University Press,New Delhi, 2004, PP.3-4.

१३ http://definitions.uslegal.com/j/juvenile-justice/

१४ Dean Champion, The Juvenile Justice System: Delinquency, Processing and the law , Prentice Hall USA, 1998, P.3.

गरेको भनी प्रमाणित भएका बालबालिकालाई कसरी संवोधन गर्ने भन्ने कुरालाई पनि समेटेको हुन्छ । यसले औपचारिक न्यायिक प्रणालीको दायरामा आएका बालबालिकाको त्यस्तो प्रणालीका विभिन्न अवयवहरुसँग हुने अन्तरक्रियालाई पनि बुझाउँछ । साथै यसले बालबालिका कानूनको उल्लंघन गर्ने कार्यका पछाडि लाग्नुका कारणहरु पत्ता लगाई ती कारणहरुको निराकरण गर्ने प्रयास पनि गरेको हुन्छ ।

## २.२ बाल न्यायसम्बन्धी अवधारणाको ऐतिहासिक विकासक्रम

बालबालिकाले फौजदारी कानूनको उल्लंघन गरेको अवस्थामा उनीहरुलाई वयस्कलाई गर्ने व्यवहारभन्दा भिन्न व्यवहार गर्नु पर्छ भन्ने मान्यताको विकास धेरैपछि मात्र भएको हो । बालबालिका वयस्कभन्दा भिन्न प्रकृतिका हुने भएकोले उनीहरुले गरेको कसूरको सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने, सुनुवाई गर्ने तथा उनीहरुलाई वयस्कलाईभैं सजाय नगरिकन उपचारका कार्यक्रमहरुमार्फत सुधार गरिनु पर्छ भन्ने मान्यतासहित संयुक्त राज्य अमेरिकाको इलियोनिस राज्यमा सन् १८९९ मा छुट्टै बाल अदालतको स्थापना भएपछि मात्र फौजदारी न्याय प्रणालीभन्दा भिन्नै किसिमको छुट्टै बाल न्याय प्रणालीको शुरुआत भएको हो । छुट्टै बाल न्याय प्रणालीको स्थापना सन् १८९९ मा भए तापनि त्यसभन्दा अगाडि बालबालिकाले कानूनको उल्लंघन गरेको अवस्थामा उनीहरुलाई वयस्कलाईभन्दा भिन्न व्यवहार पटक्कै नगरिएको भन्ने कुरा भने होइन । बालबालिकाले समाजले निर्धारण गरेका मान्यताहरुको उल्लंघन गरेको अवस्थामा उनीहरुलाई वयस्कलाईभन्दा भिन्न व्यवहार गर्ने गरिएको पनि पाइन्छ । छुट्टै बाल न्याय प्रणालीको स्थापना भएपछि पनि शुरुआती चरणदेखि हालसम्मको अवस्थामा आईपुग्दा बाल न्यायका मान्यतामा धेरै उतार चढाव आएका छन् । बाल अदालतको स्थापना हुनुपूर्वको समयावधि, बाल अदालतको स्थापना भएपछिको समयावधि, न्यायिक कारवाहीको सिलसिलामा बालबालिकालाई कार्यविधिगत अधिकारहरु प्रदान गरिनु पर्छ भन्ने मान्यताको विकास भएको समयावधि र अपराध नियन्त्रण काल गरी चार भागमा बाल न्यायको ऐतिहासिक विकासक्रमलाई विभाजन गरेर अध्ययन गर्ने गरेको पाइन्छ ।

### क) बाल अदालत स्थापना हुनुपूर्वको समयावधि (The Pre Juvenile Court Era -1898)

प्राचीन समयमा बालबालिका तथा वयस्कले अपराध गरेको अवस्थामा उनीहरुप्रति गरिने व्यवहारमा कुनै भिन्नता थिएन । रोमन कालमा महिला तथा बालबालिकामाथि परिवारको मूलीको पूर्ण अधिकार थियो । मूलीले उनीहरुलाई सम्पत्तिको रुपमा प्रयोग गर्न सक्दथे । सम्पत्तिभै उनीहरुलाई दासको रुपमा खरीद बिक्री गर्न सक्दथे । कुनै कसूरजन्य कार्य गरेको अवस्थामा सात वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै किसिमको सजाय हुँदैनथ्यो । सोभन्दा माथिकालाई भने वयस्कलाईभै समान किसिमको सजाय हुन्थ्यो । बालबालिकाले कसूरजन्य कार्य गरेको अवस्थामा वयस्कलाई कारवाही गर्ने निकायबाटनै कारवाही गरिन्थ्यो । बालबालिकाका सम्बन्धमा कारवाही गर्न छुट्टै निकायको व्यवस्था गरिएको थिएन । बालबालिकालाई कारागारमा वयस्कसंगै राखिन्थ्यो । अपराधीहरुको उमेर लिङ्ग आदि आधारमा

कुनै वर्गिकरण गर्ने व्यवस्था रहेको थिएन । अनैतिक किसिमका अपराधीहरु लगायत महिला, पुरुष बालबालिका सबैलाई कारागारमा संगै राख्ने गरिन्थ्यो ।

बालबालिकाका सम्बन्धमा बेलायतमा सन् १६०१ मा घरबास तथा कुनै रोजगारी नभएका अल्लारे (Vangrant), विद्यालयबाट भागी हिड्ने बालक (Truant), उचित स्याहार तथा संरक्षण नपाएका बालक र सुधार हुन नसक्ने (Incorrigible) बालबालिकाका लागि रचनात्मक कार्यमा लगाउने गरी अदालतले आदेश दिन सक्ने व्यवस्था गरी कानून निर्माण भएको पाइन्छ । तर यस्ता कानूनमा त्यस किसिमका बालबालिकालाई कुनै किसिमको शिक्षा दिने कार्यमा लगाउने व्यवस्था भने रहेको थिएन ।

सन् १७०४ मा इटालीमा Hospital of Saint Michael स्थापना भएको थियो । यसको नाम अस्पताल भए तापनि विरामी उपचार गर्ने नभई यो बन्दीहरुलाई राख्ने स्थान थियो । यसमा राखिएका बाल अपराधीहरुलाई अर्धदक्ष तथा दक्ष श्रमिक बनाउनको लागि विभिन्न कार्यहरुमा खटाइने गरिएको पाइन्छ । यस्ता किसिमका कार्यहरुको उद्देश्य उनीहरुले छुटकारा पाएपछि रोजगारीमा सहयोग पुग्न सकोस भन्ने रहेको थियो ।

संयुक्त राज्य अमेरिकामा कारागारको दयनीय अवस्थामा सुधार गर्नको लागि सन् १७८७ मा Philadelphia Society for Alleviating the Miseries of the Public Prison भन्ने संस्थाको स्थापना भएको पाइन्छ । सन् १७९० मा यस संस्थाको पहलमा High Street Jail या Philadelphia लाई मर्मत गर्नुका साथै त्यस कारागारमा उमेर, लिङ्ग, अपराधको गम्भीरताको आधारमा अपराधीलाई वर्गिकरण गर्ने व्यवस्था गरियो । त्यसभन्दा अगाडि त्यहाँ सबै किसिमका अपराधीहरुलाई एकै ठाउँमा राख्ने र उनीहरुप्रति जनावरलाई जस्तो व्यवहार गरिने गरिन्थ्यो । यसमा एकान्त कारावास (Solitary Confinement) को व्यवस्था, अपराधीलाई वर्गिकरण गरी छुट्टाछुट्टै राख्ने व्यवस्था गरियो । विशेष गरी महिला तथा बालबालिकालाई रातको समयमा बस्नको लागि छुट्टै व्यवस्था गरी बालबालिकाप्रति अलिकति भए तापनि छुट्टै व्यवहार गर्नु पर्छ भन्ने कुरामा ध्यान दिएको पाइन्छ ।

उन्नाइसौ शताब्दीको शुरुआतसँगै बढ्दो शहरीकरणको प्रभावस्वरुप मानिसहरुको शहरमा बसाईसराई हुने क्रम बढ्न थाल्यो । बाबुआमा कामको खोजीमा बाहिर जानु पर्ने भएकोले ठुलो संख्यामा बालबालिकाहरु बाबुआमाको निगरानीभन्दा टाढा रहन थाले । पारिबारिक निगरानीको कमीको कारण बालबालिका हुलदङ्गा तथा चोरी जस्ता कार्यमा संलग्न हुन थाले । कोही अल्लारे हुन थाले । यस्ता किसिमका बालबालिका पत्ता लगाउने तथा उनीहरुलाई त्यस्तो कार्यबाट विमुख गराउनको लागि नियन्त्रणमा राखी विभिन्न किसिमका रचनात्मक कार्यहरुमा संलग्न गराउने कुरामा धार्मिक संस्थाहरुले चासो राख्न थाले । उनीहरुले

बालबालिकालाई स्वास्थ्यपूर्ण बसाई र वयस्कको निगरानीमा राख्ने जस्ता कार्यहरु गर्न थाले । यसलाई अभियानकै रुपमा चलाइयो र यो Child Saving Movement को रुपमा चिनिन्छ । यस अभियानमा आर्थिक रुपमा सम्पन्न माथिल्लो वर्गका मानिसहरु सहभागी थिए । उनीहरुले कानूनको विवादमा परेका र Idle बालबालिकालाई खाना तथा बसोबासको व्यवस्था गरेका थिए । यस्तै गरी आवश्यक परेका बालबालिकालाई सामाजिक, शैक्षिक तथा अरु महत्वपूर्ण क्रियाकलाप पनि प्रदान गर्न निजि घरहरुमा राख्ने व्यवस्था गरिएको थियो ।

सन् १८२५ मा Society for the Prevention of Pauperism को आव्हानमा न्यूयोर्क, पेन्सिलभानिया तथा म्यासाच्युसेट्समा विभिन्न किसिमका House of Refugee स्थापना गरी Status Offender (हैसियती कसूरदार) लाई अनिवार्य शिक्षा तथा अन्य प्रकारका तालीम तथा सहयोगहरु प्रदान गरी सुधारका कामहरु गर्ने गरेको पाइन्छ । यस्ता संस्थाहरुमा बालबालिकालाई कडा अनुशासनमा राख्ने, बालबालिकाको व्यवहारप्रति कडा निगरानी राखिने तथा तिनीहरुलाई अनिवार्य काममा लगाउने व्यवस्था गरिएको थियो । यसबाट पनि बालबालिकामा सुधार आउन सकेन । यस्ता किसिमका बालबालिका Refugee House बाट बाहिर जाने वित्तिकै कानून विपरीतको कार्यमा लागीनै रहे । फलस्वरुप बालबालिकाका सम्बन्धमा छुट्टै बाल न्याय प्रणालीको स्थापना हुनु पर्छ भन्ने कुराको महसुस हुन थाल्यो ।

**ख) बाल अदालत स्थापनापछिको समयकाल** (The Juvenile Court Era 1899-1966)

सन् १८९९ मा संयुक्त राज्य अमेरिकाको इलियोनिस राज्यमा पहिलो पटक छुट्टै कानून बनाई बाल अदालतको स्थापना भएको थियो । त्यसपछि अमेरीकाका विभिन्न राज्यहरुमा पनि यस्ता किसिमको अदालत स्थापना गर्ने क्रम बढेको पाइन्छ । बाल अदालतको स्थापना राज्यको अभिभावकत्वको सिद्धान्त (Parens Patriae) मा आधारित भएर भएको हो । राज्यको अभिभावकत्वको सिद्धान्त भनेको राज्यले कानून र व्यवस्था कायम गर्ने सिलसिलामा कानून विपरीतको कार्य गर्नेलाई दण्ड मात्र नगरी बाटो बिराएकाहरुलाई सही बाटोमा ल्याउनु पर्छ भन्ने मान्यता हो । विशेष गरेर जुन अभिभावकले आफ्नो बालबालिकालाई उचित पालन पोषण शिक्षादिक्षा दिन सक्दैनन्, तिनीहरुको आचरणमा नियन्त्रण गर्न सक्दैनन् त्यस्तो अवस्थामा रहेका बालबालिकाका निमित्त राज्यले अभिभावकत्व ग्रहण गर्नु पर्छ भन्ने यो सिद्धान्तको मान्यता रहेको छ । जसरी आफनो बालबालिकाको सर्वोत्तम हितको निमित्त प्राकृतिक अभिभावकले काम गर्दछ त्यस्तै भूमिका राज्यले निर्वाह गर्नु पर्छ भन्ने मान्यता पनि यो सिद्धान्तको रहेको छ ।

बालबालिका कानून विपरीतको कार्यमा लाग्नुका पछाडि विशुद्ध रुपमा उनीहरुको मात्र दोष रहेको हुँदैन । यो त सामाजिक समस्याहरु जस्तो गरिवी, मादक पदार्थ, विखण्डित परिवार, खस्कदो छिमेकी (Deteriorating

Neighbourhood) आदिबाट उत्पन्न परिणाम हो । गलत बाटोमा लागेका बालबालिकालाई पूर्ण रुपमा चेतनशील प्राणीको रुपमा नहेरीकन उनीहरुलाई परिस्थितिको पीडितको रुपमा हेरिनु पर्छ । त्यसकारण वयस्क अपराधीलाई सम्बोधन गर्ने न्याय प्रणाली जुन सजायमा आधारित रहेको हुन्छ, बालबालिकाको हकमा लागू गरिनु हुन्न, बालबालिकालाई उनीहरुले नजानिकन गरेको कार्यको लागि सजाय गरिनु न्यायपूर्ण हुँदैन, दण्ड भनेको वयस्कलाई हो बालबालिकालाई होइन भन्ने मत सुधारवादीहरुको रहन गयो । यीनै मतहरुको आधारमा बालबालिकालाई दण्डको भयभन्दा पनि सुधारका माध्यमहरुमार्फत उनीहरुको उपचार गर्नको लागि बाल अदालतको स्थापना भएको थियो ।

बाल अदालत स्थापना भएपछि उनीहरुको उपचार गर्ने कार्य बाल अदालतको दायरामा आयो । उपचार प्रदान गर्ने क्रममा बाल अदालतलाई निर्णय गर्ने व्यापक अधिकार प्रदान गरिएको थियो । जसमा बालबालिकालाई सामान्य चेतावनी दिनेदेखि लिएर लामो समयसम्म सुधार संस्थामा बस्नु पर्ने आदेशसम्म दिन सकिने थियो । बाल अदालत स्थापना भएपछि अनिश्चित् सजाय (Indeterminate Sentence) को शुरुआत भयो । अनिश्चित सजायलाई यस अवधिको विशेषता पनि मानिन्छ । बाल अदालतले बालबालिकाको पूर्ण रुपमा उपचार नभए सम्म वा उ वयस्क नभएसम्म आफ्नो अथवा आफू अन्तर्गतका निकायहरुको निगरानीमा राख्ने गर्दथ्यो । अनिश्चित सजाय बालबालिकाको उच्चतम् हितको लागिनै हो भन्ने गरिन्थ्यो । तर अनिश्चित् सजाय विवादास्पद बन्न पुग्यो । यसको दुरुपयोग पनि हुन थाल्यो । कानून विपरीतको कार्यमा संलग्न नभएका बालबालिकालाई पनि उनीहरुमापूर्ण रुपमा सुधार नआएको भनी लामो समयसम्म सुधार गृहमा राख्ने कामहरु भए । यसले गर्दा बाल अदालतको अधिकार क्षेत्रमानै प्रशनहरु उठ्न थाले ।

### ग) **बालबिज्याँईकर्ताको अधिकार अवधि** (The Juvenile Rights Era 1967-1979)

बाल अदालत स्थापना भएपछि यसका पक्षधरहरुमा बाल अदालतको उपादेयताका बारेमा कुनै विवाद भएन । तर यसका आलोचकहरुले बाल अदालतले गर्ने गरेको सजाय पक्षपातपूर्ण भएको, बालबालिकाले गरेको कानून विपरीतको कार्यको तुलनामा बढी सजाय हुने गरेको र विशेष गरी हैसियती कसूरदार तथा आश्रित र अपहेलित बालबालिकालाई सुधारको नाममा अनिश्चित् समयसम्म सुधार गृहमा राख्नु कठोर सजाय हो भनी आलोचना गर्न थाले । यस्ता किसिमका आलोचनाहरुले बाल अदालतहरुको सुधारका क्षेत्रमा प्रयासहरु हुन थाले । फलस्वरुप मुद्दा सुनुवाईको क्रममा बालबालिकाले पनि वयस्कसरह कार्यविधिगत अधिकारहरुको उपभोग गर्न पाउनु पर्छ भन्ने मान्यताको विकास भयो ।

यस अवधिको शुरुआत अमेरिकामा प्रसिद्ध मुद्दा In re Gault (1967) को मुद्दामा त्यहाँको सर्वोच्च अदालतको निर्णयबाट भएको हो । यस मुद्दामा १५ वर्षिय Gerald Gault र उसको एकजना साथीलाई एउटी महिलालाई अश्लील टेलिफोन गरेको अभियोगमा पक्राउ गरिएको थियो । Gault को पक्राउको

बारेमा उसका अभिभावकलाई कुनै जानकारी दिइएको थिएन । अभिभावकलाई उसको बच्चाविरुद्धको उजुरी पनि कहिल्यै देखाइएन । उजुरीकर्ता पनि कुनै पनि सुनुवाईको वखतमा उपस्थित भएकी थिइनन् । त्यहाँ कारवाहीको कुनै लिखित अभिलेख पनि थिएन । Gault लाई बाल अदालतमा सुनुवाईपश्चात् ६ वर्षसम्म सुधार गृहमा बस्नु पर्ने गरी निर्णय सुनाइएको थियो । यस्तै किसिमको अपराध वयस्क मानिसले गरेमा बढीमा छ महिना सम्मको कैद र ५० डलर जरीवाना हुन सक्थ्यो । यस मुद्दामा अमेरीकी सर्वोच्च अदालतले मुद्दा सुनुवाईको क्रममा बालबालिकालाई केही निश्चित कार्यविधिगत अधिकारहरु प्रदान गरिनु पर्छ भन्ने सिद्धान्त प्रतिपादन गऱ्यो । विशेष गरी अभियोगको जानकारी पाउने अधिकार, कानून व्यवसायी राख्न पाउने अधिकार, साक्षीलाई जिरह गर्न पाउने अधिकार, आफ्नोविरुद्ध आफै साक्षी हुन कर नलाग्ने अधिकारहरु बाल अदालतले सुनुवाई गर्दा बालबालिकालाई प्रदान गरिनु पर्छ भन्ने व्याख्या गरियो । यसभन्दा अगाडि कानूनसँग विवादमा परेका बालबालिकालाई यस्ता किसिमका कार्यविधिगत अधिकारहरु प्राप्त थिएनन् । यस अवधिमा अन्य मुद्दाहरुमा पनि बालबालिकाले सुनुवाईको क्रममा कार्यविधिगत अधिकारहरु पाउनु पर्ने गरी व्याख्याहरु भएका छन् ।

**घ) अपराध नियन्त्रण काल** (The Crime Control Era 1980 - present)

बालबालिकाले कानून विपरीतको कार्य गरेको अवस्थामा उनीहरुप्रति गरिने व्यवहार नरम भयो भनी न्याय प्रणालीको आलोचना हुँदै आएको थियो । विशेष गरी केही किसिमका गम्भीर अपराधमा बालबालिकाको बढ्दो संलग्नताको कारण यसमा थप बल पुग्दै थियो । मानव हत्या तथा जवरजस्ती करणी जस्ता गम्भीर किसिमका अपराधहरुमा बालबालिकाको उल्लेख्य संख्यामा सहभागिता देखिन थाल्यो । बालबालिकालाई यस्ता अपराधमा हुने संलग्नता नियन्त्रण गर्नु पर्ने कुरामा अवाज उठ्न थाल्यो । यसले गर्दा जवरजस्ती करणी तथा हत्या जस्ता अपराधमा बालबालिकाप्रति कडा व्यवहार गर्न थालियो । उनीहरुलाई सामाजिक परिस्थितिका कारणबाट हुने पीडितभन्दा पनि चेतनशीलकर्ता (Rational Actor) को रुपमा हेर्ने दृष्टिकोणको विकास हुन थाल्यो । गम्भीर तथा हिंसात्मक खालका अपराधमा संलग्न हुने बालबालिकालाई कडा सजाय दिनु पर्ने कुरामा जोड दिन थालियो । हिंसात्मक अपराधपूर्ण कार्यमा संलग्न हुने बालबालिकालाई वयस्क न्याय प्रणालीमा सार्ने, यस्ता किसिमका बालबालिकालाई निश्चित् सजायको (Determinate Sentence) व्यवस्था, गम्भीर र पटके अपराधमा संलग्न हुने बालबालिकालाई सुधार संस्थामा राख्ने क्रमलाई बढाइयो । हाल बाल न्याय प्रणालीमा दुई किसिमको पद्धतिको अभ्यास गर्न थालिएको छ । एउटा ढाँचा संरक्षण, रोकथाम तथा पुनर्स्थापनामा आधारित छ भने अर्को दण्ड तथा प्रतिरोधमा आधारित छ । पहिलो ढाँचा सानातिना आपराधिक कार्यमा संलग्न रहने, हैसियती कसूरदार तथा आश्रित तथा अपहेलित बालबालिकालाई प्रयोग गरिन्छ भने दोस्रो ढाँचा गम्भीर खालका आपराधिक क्रियाकलापमा संलग्न हुने, हिंसात्मक तथा पटके रुपमा अपराधिक कार्यमा संलग्न हुने बालबालिकालाई प्रयोग गरिन्छ ।

## २.३ बाल न्याय प्रशासन सम्बन्धमा नेपालमा विद्यमान कानूनी व्यवस्थाहरु

### २.३.१ अनुसन्धान

नेपालमा बालबालिकाले गरेको अपराधको अनुसन्धानको लागि विशेष ऐनको रुपमा बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ प्रचलनमा रहेका छन् । यी विशेष कानूनका रुपमा रहेका कानूनहरुका अतिरिक्त अपराध अनुसन्धानका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५, मुलुकी ऐन तथा अन्य ऐनहरु पनि प्रचलनमा रहेका छन् । बालबालिकाले गरेको कसूरको सम्बन्धमा विशेष कानूनको रुपमा रहेका बालबालिकासम्बन्धी ऐन तथा बाल न्याय (कार्यविधि) नियमावली लागू हुन्छन् । यी कानूनमा नसमेटिएको विषयमा मात्र अन्य कानूनहरु लागू हुन्छन् । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीअन्तर्गतका सबै सरकार वादी फौजदारी मुद्दामा गरिने अनुसन्धानका लागि सरकारी मुद्दासम्बन्धी ऐन तथा नियमावलीहरु आकर्षित हुने भएकोले बालबालिकाले गरेको कसूरको सन्दर्भमा पनि यी ऐनमा भएका व्यवस्था लागू हुन्छन् । यसका अतिरिक्त कुनै विशेष विषयमा कुनै ऐन भएमा सो ऐन पनि लागू हुन सक्ने अवस्था छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ मा बालकलाई क्रूर तथा यातनापूर्ण व्यवहार गर्न नहुने,[१५] बालकलाई नेल हत्कडी लगाउन, एकान्त कारावासमा राख्न नपाइने र उमेर पुगेका कैदीका साथमा राख्न नपाइने,[१६] कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त थुनामा बस्नु पर्ने बालकलाई राख्नको लागि बाल सुधार गृहको स्थापना गर्ने,[१७] बालबालिकासम्बन्धी मुद्दा र सोसँग सम्बन्धित घटनाको विवरण मुद्दा तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमतिविना प्रकाशनमा ल्याउन नपाइने,[१८] बालबालिकाको मुद्दाको अनुसन्धान गर्दा निजलाई थुनामा राख्न उपयुक्त नदेखिएको अवस्थामा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको अभिभावक वा कुनै सामाजिक संघसंस्थाको जिम्मा लगाई तहकिकात गर्न सकिने[१९] आदि व्यवस्थाहरु रहेको पाइन्छ ।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले बालबालिकाले गरेको कसूरको सम्बन्धमा अनुसन्धान गर्नको लागि प्रत्येक प्रहरी कार्यालयमा छुट्टै प्रहरी इकाई रहने र त्यस्तो इकाई नभएसम्म तालिमप्राप्त प्रहरी

---

१५ बालबालिकासम्बन्धी ऐन, २०४८, दफा ७ ।

१६ ऐ. दफा १५ ।

१७ ऐ. दफा ४२ ।

१८ ऐ. दफा ४९ ।

१९ ऐ दफा ५० ।

अधिकृतबाट मुद्दाको अनुसन्धान गर्ने व्यवस्था गरेको छ ।[२०] बालबालिकासम्बन्धी मुद्दाहरुको अनुसन्धान तहकिकात गर्दा प्रहरी कर्मचारीहरुले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्ने, बालकलाई प्रक्राउ गर्नु पर्दा आफनो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने, पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्ने, सम्भव भएसम्म बालकको आमाबाबु भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबु आमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूर सम्बन्धमा सूचना दिनु पर्ने, नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने, सर्जमिन गर्दा बालकको बाबु आमा भएसम्म दुवैजना वा कम्तिमा एकजना र बाबु आमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नु पर्ने व्यवस्था गरेको छ ।[२१] यसै गरी बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्ने, सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने, बालकलाई एकपटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न नहुने व्यवस्था पनि रहेको छ ।[२२] बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धान भनेको बालबालिका अपराधजन्य कार्यमा संलग्न हुनाका पछाडि रहेका कारणहरुको पहिचान गर्नु पनि हो । यसरी पत्ता लगाइएको कारणहरुको आधारमा बालबालिकालाई सुधार गर्ने उपायहरुको खोजी गरिन्छ । यसको लागि सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा “सामाजिक अध्ययन प्रतिवेदन” तयार गरी दिन अनुरोध गर्ने तथा बालकलाई सोधपुछ गर्दा सम्बन्धित कसूर, बालकको सामाजिक तथा पारिवारिक पृष्ठभूमि तथा अन्य आवश्यक कुरामा सोधपुछ गर्न सकिने व्यवस्था रहेको छ ।

### २.३.२ अभियोजन

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाल सरकारको तर्फबाट कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गरेको छ ।[२३] महान्यायाधिवक्ताले सो अधिकार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न पाउने व्यवस्था पनि संविधानमा रहेको छ ।[२४] सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र सोअन्तर्गत जारी भएको सरकारी

२० बाल न्याय (कार्यविधि) नियमावली, २०६३ नियम ३ ।

२१ ऐ. नियम ४ ।

२२ ऐ. नियम ५ ।

२३ नेपालको अन्तरिम संविधान, २०६३ धारा १३५(२) ।

२४ ऐ. को उपधारा (६) ।

मुद्दासम्बन्धी नियमावली, २०५५ ले नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दाको अभियोजन र प्रतिरक्षासम्बन्धी विस्तृत कानूनी व्यवस्था गरेको छ। जसअनुसार नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दाको अभियोजन, बहस, पैरवी र प्रतिरक्षा गर्ने कर्तव्य महान्यायाधिवक्ता तथा निज मातहतका सरकारी वकिललाई तोकिएको पाइन्छ।

सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धानको क्रममा प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि अनुसन्धान अधिकारीलाई अनुसन्धान तहकिकात सम्बन्धमा आवश्यक निर्देशन दिने, तहकिकात गरी प्रमाण संकलन गर्ने क्रममा प्रहरी कर्मचारीले कुनै विषयमा राय मागेमा दिने, बयान लिने, मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, अभियोगपत्रको तयारी र दायरी, पुनरावेदन वा पुनरावलोकन गर्ने, सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने, साक्षी बकाउने तथा प्रमाण पेश गर्ने, वहस पैरवी गर्ने लगायत अनुसन्धान तहकिकातदेखि मुद्दा सुनुवाईको हरेक चरणमा सरकारी वकिलको प्रत्यक्ष संलग्नता रहने हुन्छ।[२५]

बालबालिका प्रतिवादीको रुपमा संलग्न रहने सरकार वादी भई चल्ने मुद्दाहरुमा अभियोजन, बहस, पैरवी वा प्रतिरक्षा गर्दा पालन गर्नु पर्ने मापदण्डका सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मासमेत कुनै व्यवस्था गरिएको देखिँदैन। बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २ को खण्ड (ङ) मा अभियोगपत्र भन्नाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम तयार गरिएको अभियोगपत्र सम्झनु पर्छ भन्ने व्यवस्था रहेको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा अभियोजनको सम्बन्धमा विशेष व्यवस्था नभइरहेको परिवेशमा बाल न्याय प्रशासनसँग सम्बन्धित विषयको अभियोजन र प्रतिरक्षामासमेत सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को व्यवस्थानै आकर्षित हुने देखिन्छ र व्यवहारमा पनि सोही ऐनको व्यवस्थानै लागू गरिएको छ।

### २.३.३ सुनुवाई

नेपालमा बालबालिका प्रतिवादी भएका मुद्दाहरुको सुनुवाईका सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०४८ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा केही व्यवस्थाहरु रहेका छन्। बालबालिकासम्बन्धी विषयमा यी कानूनमा भएका व्यवस्थाको हकमा यसैबमोजिम गर्नु पर्ने हुन्छ। यी कानूनमा व्यवस्था नभएका विषयमा भने अन्य प्रचलित कानूनहरुनै आकर्षित हुन्छन्।

बालबालिकासम्बन्धी ऐन, २०४८ मा बालबालिका प्रतिवादी भएका मुद्दाको सुनुवाईका सम्बन्धमा निम्नबमोजिमका व्यवस्थाहरु रहेका छन्।

---

२५ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६(२), ७(५), ९, १७(२), १८, २४, २९, ३० र ३३।

**दफा ११. बालक र अपराधिक दायित्व**

(१) कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा १० वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।

(२) बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।

(३) १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।

(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुन्छ ।

**दफा १२. अयोग्यता वा पटक कायम नहुने**

(१) कुनै अपराध गरेको कारणबाट कानूनबमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस्तो किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिने छैन ।

(२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिने छैन ।

(३) बालकले एउटै अपराध एक पटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिने छैन ।

**दफा १९. कानून व्यवसायी नभएमा बालकको मुद्दाको कारवाही किनारा नहुने**

(१) कुनै बालककोविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन ।

(२) उपदफा (१) मा उल्लेखित अवस्थामा सम्बन्धित अदालतलेनै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ ।

**दफा ४९. बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउने**

(१) यो ऐन वा प्रचलित कानूनबमोजिम बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्तदेखि अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिबन्ध सम्वाददाता तथा सम्वाद फोटो प्रतिनिधिको हकमासमेत लागू हुनेछ ।

**दफा ५०. मुद्दाको तहकिकात तथा सजायको स्थगन**

(१) प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

(२) कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्नु उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ ।

**दफा ५२. बालकसम्बन्धी तथ्यांङ्क र त्यसको प्रयोगमा बन्देज**

(१) प्रहरी कार्यालयले कुनै कसूरको अभियोगमा पक्राउ परको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही चलाईएको भए सोसम्बन्धी विवरण खुलाई गोप्य रुपमा तथ्याङ्क राख्नु पर्छ र त्यस्तो तथ्याङ्कको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम राखिएको तथ्याङ्क कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमासम्म प्रकाशित गर्न सकिनेछ ।

**दफा ५५ मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार बाल अदालतको गठन गर्नेछ । त्यस्तो अदालतको इलाका तथा सदरमुकाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ ।

(२) दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार उपदफा (१) बमोजिम गठित बाल अदालतलाई हुनेछ । तर बालकको साथै उमेर पुगेका व्यक्तिसमेत संलग्न भएको मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारवाही वा किनारा गर्ने छैन ।

(३) उपदफा (१) बमोजिम बाल अदालतको गठन नभएसम्मको लागि उपदफा (२) बमोजिमको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ र बाल अदालतको गठन भएपछि जिल्ला अदालतमा दायर रहेको मुद्दा बाल अदालतमा सर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जिल्ला अदालतबाट हेरिने मुद्दाको कारवाही र किनारा गर्नको निमित्त प्रत्येक जिल्ला अदालतमा एक एक बाल इजलास रहनेछ ।

(५) उपदफा (४) बमोजिमको बाल इजलासको गठन विधि नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनावैज्ञानिकलाई समावेश गर्न सक्नेछ ।

(६) बाल अदालत वा जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ र त्यसरी कार्यविधि नतोकिएसम्म ती अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउनेछन् ।

**दफा ५६. पुनरावेदन**

दफा ५५ बमोजिम बाल अदालत वा जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**दफा ५७. मुद्दाको कारवाहीमा प्राथमिकता दिनु पर्ने**

यस ऐनअन्तर्गत कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्छ ।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा बालबालिकाको मुद्दा सुनुवाईका सम्बन्धमा निम्नबमोजिमका व्यवस्थाहरु रहेका छन् ।

**नियम ७. जानकारी दिनु पर्ने**

(१) बालकविरूद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एकएक प्रति बालकको बाबुआमा वा संरक्षकलाई तुरून्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा बालकको बाबु, आमा वा संरक्षक नभेटिएमा वा निजले त्यस्तो सूचना बुझ्न नमानेमा त्यस्तो सूचना बालकको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालकको बाबुआमा वा संरक्षक आफै बाल अदालत वा इजलाससमक्ष उपस्थित भई त्यस्तो सूचना बुझ्न सक्नेछन् ।

**नियम ६. बाल इजलासको गठनविधि**

(१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ ।

(२) एक जनाभन्दा बढी जिल्ला न्यायाधीश भएको अदालतमा बाल इजलासका लागि प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीशले बाल इजलासको न्यायाधीशको रुपमा काम गर्नेछ ।

**नियम १२. मुद्दाको सुनुवाई**

(१) बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाई गर्नु पर्नेछ ।

(२) बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवं उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नु पर्नेछ ।

(३) बाल अदालत वा बाल इजलासले सुनुवाई गर्दा आरोपित बालकलाई कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनु पर्नेछ ।

(४) बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम सोधपुछ गर्न बाल मनोविज्ञानवेत्ता वा बालकसँग सहज रुपमा सञ्चार वा सम्वाद गर्न सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिम सोधपुछ गर्दा बालकसँगै निजका बाबु, आमा, संरक्षक वा कानून व्यवसायी वस्न सक्नेछन् ।

**नियम १३. प्रमाण बुझ्ने**

(१) बालकविरूद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ ।

(२) बालकविरूद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझिपाउनको लागि बाल अदालत वा बाल इजलाससमक्ष जोसुकैले निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सक्नेछ ।

**नियम १४. साक्षी बुझ्ने**

(१) बालकले आफ्नो तर्फबाट आफै साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम झिकाइएको साक्षीले सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा उल्लेख भएबमोजिमको सुविधा पाउनेछन् ।

**नियम १५: उमेर निर्धारण**

बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातका आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछ :–

(क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर ।

**नियम १६ फैसला**

बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको एक सय बीस दिनभित्र फैसला गरिसक्नु पर्नेछ ।

**१८. फैसला कार्यान्वयनसम्बन्धी व्यवस्था**

यस नियमावलीबमोजिम भएको फैसलाको कार्यान्वयन प्रचलित कानूनबमोजिम हुनेछ ।

**१९. निःशुल्क प्रतिलिपि दिनु पर्ने**

बाल अदालत वा बाल इजलासले फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराइदिनु पर्नेछ ।

**२.४ बाल न्याय प्रशासनको स्थिति विश्लेषणका लागि पहिचान गरिएका विषय वस्तुहरु**

बाल न्याय प्रशासन भनेको बालबालिकाले कानून उल्लंघन हुने कार्य गरेको अवस्थामा उनीहरुविरुद्ध उजुरी दर्ता गर्नेदेखि लिएर अनुसन्धान, अभियोजन र अदालतमा फैसला हुँदासम्मको काम कारवाहीलाई बुझिन्छ । हुनत बालबालिका विरुद्ध दायर भएका मुद्दामा अदालतबाट फैसला भइसकेपछि दोषी देखिएका बालबालिकाहरुको सुधारको लागि अपनाउनु पर्ने उपायहरु तथा उनीहरुलाई समाजमा पुनर्स्थापना गर्ने विषय पनि बाल न्याय प्रशासनको दायराभित्रकै विषय हो तर प्रस्तुत अध्ययनको सन्दर्भमा बालबालिकाविरुद्ध उजुरी दर्तादेखि लिएर फैसलाको चरणसम्म हुने कारवाहीका विषयवस्तुलाई मात्र समेटिएको छ ।

बुँदागत रुपमा उल्लेख गर्दा बाल न्याय प्रशासनको स्थिति विश्लेषणको लागि माथि उल्लेखित कानूनी प्रावधानको परिपालनाको स्थिति पहिचान गर्ने सन्दर्भमा निम्न लिखित विषयवस्तुहरु समेटिएको छ ।

(१) बालबालिकाले गर्ने कानून विपरीतको कार्यको प्रकृति;

(२) कानून विपरीतको कार्य गरेको भनी अभियोग लगाइएका बालबालिकाको उमेरगत तथा लिङ्गगत विवरण;

(३) बालबालिकाले गर्ने कानून विपरीतको कार्यबाट प्रभावित हुने पीडितको प्रकृति;

(४) बालबालिकाविरुद्धका मुद्दामा हुने अनुसन्धानसम्बन्धी विश्लेषण

- पक्राउ गर्दा कसूरका सम्बन्धमा संरक्षकलाई जानकारी गराए नगराएको;
- अनुसन्धानको क्रममा राखिएको स्थान;
- प्रतिवादीलाई पक्राउ गरेपछि बयान गराउन लागेको समयावधि;
- बयान गराउँदा संरक्षकलाई रोहवरमा राखे नराखेको;
- अनुसन्धानका क्रममा थुनामा राखेको समयावधि;
- अनुसन्धान गर्न लागेको समयावधि ।

(५) बालबालिकाविरुद्धका मुद्दामा सुनुवाईसम्बन्धी विश्लेषण

- अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपि बालबालिकालाई उपलब्ध गराए नगराएको;
- अभियोगपत्रसाथ उपस्थित प्रतिवादीको अदालतमा बयान गराउन लागेको समयावधि;
- थुनछेक आदेशसम्बन्धी विवरण;
- प्रारम्भिक चरणमा (थुनछेकको अवस्थामा) फैसलाको स्थिति;
- थुनछेक आदेशउपर मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिमको निवेदन परे नपरेको विवरण;
- बालबालिकाको कानून व्यवसायीको प्रतिनिधित्व;
- पेशी स्थगनको विवरण;
- प्रमाण मुकररका लागि आदेश भएको पटक;

- अनुपस्थित साक्षीका हकमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११५ नं. को प्रयोगको स्थिति;
- मुद्दा पेशी चढेको तथा पेशीमा भएका कामकारवाहीको विवरण;
- अभियोगपत्र दायर भएको मितिदेखि फैसला हुँदासम्म लागेको समयावधि;
- फैसलाको प्रकृति;
- सजाय स्थगनको अवस्था;
- प्रतिवादीको उमेर निर्धारण गर्न लिइएका आधार;

(६) बाल न्याय प्रशासनसँग सम्बन्धित अन्य विषयहरु

- थुनछेकको क्रममा संरक्षकको जिम्मा लगाइएका बालबालिकालाई संरक्षकले अदालतमा उपस्थित गराउने नगराउने गरेको विवरण;
- थुनछेकको क्रममा तारेखमा रहेका प्रतिवादीको तारेखमा उपस्थिति विवरण;
- थुनछेकको क्रममा धरौट माग गरिएका प्रतिवादीको धरौटी दाखिलासम्बन्धी विवरण;
- प्रतिवादीको परिचयात्मक विवरणको गोप्यतासम्बन्धी विवरण;
- नाबालक पीडितको परिचयात्मक विवरणको गोप्यतासम्बन्धी विवरण;
- बाल इजलासमा समाजसेवी तथा बालविशेषज्ञको उपस्थिति विवरण;
- सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी विवरण;
- बाल इजलासबाट भएका फैसला बालबालिकालाई निशुल्क उपलब्धतासम्बन्धी विवरण;

# परिच्छेद ३

## बाल न्याय प्रशासनको स्थिति विश्लेषण

### ३.१ बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरण

विभिन्न जिल्ला अदालतहरुका बाल इजलासहरुबाट २०६६ साल बैशाख महिनादेखि २०६७ साल माघ महिनासम्म फैसला भएका मुद्दाहरुको विवरणहरु सङ्कलन गर्ने क्रममा निम्नबमोजिमका जिल्ला अदालतहरुका बाल इजलासबाट हेरिएका निम्नबमोजिमका मुद्दाहरुको विवरण सङ्कलन गरिएको छ ।

**तालिका नं. १**

**बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरण**

| क्र.सं. | जिल्ला | फैसला संख्या | प्रतिशत | अध्ययन गरिएको मुद्दा संख्या | प्रतिवादी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | ३१ | २५.८३ | २२ | २५ | |
| २ | बाँके | १२ | १०.०० | ८ | ११ | |
| ३ | मोरङ | १२ | १०.०० | ९ | १० | |
| ४ | झापा | ११ | ९.१७ | ५ | ५ | |
| ५ | कञ्चनपुर | ८ | ६.६७ | ८ | ११ | |
| ६ | भक्तपुर | ६ | ५.०० | ६ | ११ | |
| ७ | रुपन्देही | ४ | ३.३३ | ४ | ४ | |
| ८ | पाल्पा | ४ | ३.३३ | ४ | ४ | |
| ९ | चितवन | ३ | २.५० | १ | १ | |
| १० | गोरखा | ३ | २.५० | २ | २ | |
| ११ | सुर्खेत | ३ | २.५० | २ | २ | |
| १२ | जाजरकोट | ३ | २.५० | २ | २ | |
| १३ | ललितपुर | २ | १.६७ | २ | ४ | |
| १४ | सुनसरी | २ | १.६७ | २ | २ | |
| १५ | तेह्रथुम | २ | १.६७ | – | – | |
| १६ | सप्तरी | २ | १.६७ | – | – | |
| १७ | मकवानपुर | २ | १.६७ | – | – | |
| १८ | कैलाली | १ | ०.८३ | १ | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | पर्सा | १ | ०.८३ | १ | १ | |
| २० | ओखलढुङ्गा | १ | ०.८३ | १ | १ | |
| २१ | इलाम | १ | ०.८३ | – | – | |
| २२ | पाँचथर | १ | ०.८३ | – | – | |
| २३ | सिन्धुली | १ | ०.८३ | – | – | |
| २४ | दाङ | १ | ०.८३ | – | – | |
| २५ | धनुषा | १ | ०.८३ | – | – | |
| २६ | रौतहट | १ | ०.८३ | – | – | |
| २७ | तनहुँ | १ | ०.८३ | – | – | |
| | **जम्मा** | **१२०** | **१००** | **८०** | **९७** | |

उपरोक्त विवरण हेर्दा जम्मा २७ वटा जिल्ला अदालतका बाल इजलासबाट फैसला भएका १२० वटा मुद्दामा मध्ये अध्ययन गरिएका जम्मा १७ जिल्ला अदालतका ८० मुद्दामा जम्मा ९७ जना बालबालिका प्रतिवादी कायम भएको देखिन्छ। २७ वटा जिल्ला अदालत मध्ये काठमाडौं जिल्ला अदालतको बाल इजलासबाट सबैभन्दा धेरै ३१ वटा मुद्दामा फैसला भएको देखिन्छ।

### ३.२ बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण

बाल इजलासबाट हेरिएका उक्त १२० वटा मुद्दाहरुलाई मुद्दाको विषयका आधारमा हेर्दा जम्मा २० किसिमका मुद्दाहरु रहेको देखिन्छ। जसको विवरण निम्नबमोजिको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २**

**बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण**


| क्र.सं. | मुद्दा | फैसला मुद्दा संख्या | प्रतिशत | अध्ययन गरिएका मुद्दा संख्या | प्रतिवादी संख्या |
|---|---|---|---|---|---|
| १ | जवरजस्ती करणी | ४२ | ३५ | २८ | ३० |
| २ | साधारण चोरी | २० | १६.६७ | १५ | २५ |
| ३ | नकबजनी चोरी | १६ | १३.३३ | ९ | १३ |
| ४ | ज्यान मार्ने उद्योग | ९ | ७.५० | ५ | ५ |
| ५ | कर्तव्य ज्यान | ८ | ६.६७ | ६ | ६ |
| ६ | सार्वजनिक अपराध | ५ | ४.१७ | ४ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जवरजस्ती करणी उद्योग | ४ | ३.३३ | ३ | ३ |
| ८ | लागूऔषध | ३ | २.५० | ३ | ३ |
| ९ | भवितव्य ज्यान | २ | १.६७ | १ | १ |
| १० | सवारी ज्यान | १ | ०.८३ | १ | १ |
| ११ | रहजनी चोरी | १ | ०.८३ | १ | १ |
| १२ | मानव अपहरण | १ | ०.८३ | १ | १ |
| १३ | मानव बेचविखन | १ | ०.८३ | १ | १ |
| १४ | पशु बन्यजन्तु मारेको | १ | ०.८३ | १ | १ |
| १५ | गोवध | १ | ०.८३ | १ | १ |
| १६ | जवरजस्ती चोरी | १ | ०.८३ | – | – |
| १७ | तथ्याङ्क गोपनीयता | १ | ०.८३ | – | – |
| १८ | खून डाँका | १ | ०.८३ | – | – |
| १९ | हातहतियार खरखजाना | १ | ०.८३ | – | – |
| २० | कुटपिट अङ्गभङ्ग | १ | ०.८३ | – | – |
| | **जम्मा** | **१२०** | **१००** | **८०** | **९७** |

उपरोक्त विवरण हेर्दा सबैभन्दा धेरै करणीसम्बन्धी मुद्दा ४६ वटा (जवरजस्ती करणी ४२ वटा, जवरजस्ती करणी उद्योग ४ वटा), चोरीसम्बन्धी मुद्दा ३७ वटा (साधारण चोरी २० वटा, नकबजनी चोरी १६ वटा र रहजनी चोरी १ वटा), ज्यानसम्बन्धी मुद्दा १९ वटा (कर्तव्य ज्यान ८ वटा, ज्यान मार्ने उद्योग ९ वटा र भवितव्य ज्यान २ वटा) रहेको देखिन्छ ।

उक्त १२० वटा मुद्दालाई मुद्दाको विषय वस्तुको आधारमा प्रतिशतको रुपमा हेर्दा निम्नबमोजिम देखिन्छ ।

चार्ट नं. १: **बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण**



उपरोक्त विवरण हेर्दा करणीसम्बन्धी मुद्दा ३८.३३ प्रतिशत (जवरजस्ती करणी ३५ प्रतिशत र जवरजस्ती करणीको उद्योग ३.३३ प्रतिशत), चोरीसम्बन्धी मुद्दा ३०.८३ प्रतिशत (साधारण चोरी १६.६७ प्रतिशत, नकबजनी चोरी १३.३३ प्रतिशत र रहजनी चोरी ०.८३ प्रतिशत), ज्यानसम्बन्धी मुद्दा १५.८४ प्रतिशत (कर्तव्य ज्यान ६.६७ प्रतिशत, ज्यान मार्ने उद्योग ७.५ प्रतिशत र भवितव्य ज्यान १.६७ प्रतिशत) रहेको देखिन्छ ।

**३.३ बाल इजलासबाट हेरिएका मुद्दाहरुका प्रतिवादीहरुको लिङ्गगत आधारमा संख्यात्मक विवरण**

बाल इजलासबाट हेरिएका अध्ययन गरिएका मुद्दामा संलग्न प्रतिवादीहरुको संख्यालाई जिल्लागत र लिङ्गगत आधारमा हेर्दा जम्मा ९७ जना प्रतिवादीहरु मध्ये ९४ जना पुरुष र ३ जना महिला रहेको देखिन्छ । जसको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**प्रतिवादीहरुको लिङ्गगत विवरण (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | ० | २५ |
| २ | भक्तपुर | ११ | ० | ११ |
| ३ | बाँके | ११ | ० | ११ |
| ४ | कञ्चनपुर | १० | १ | ११ |
| ५ | मोरङ | १० | ० | १० |
| ६ | ललितपुर | ४ | ० | ४ |
| ७ | रुपन्देही | ४ | ० | ४ |
| ८ | पाल्पा | ४ | ० | ४ |
| ९ | झापा | ४ | १ | ५ |
| १० | गोरखा | २ | ० | २ |
| ११ | सुर्खेत | २ | ० | २ |
| १२ | सुनसरी | २ | ० | २ |
| १३ | कैलाली | १ | ० | १ |
| १४ | चितवन | १ | ० | १ |
| १५ | पर्सा | १ | ० | १ |
| १६ | ओखलढुङ्गा | १ | ० | १ |
| १७ | जाजरकोट | १ | १ | २ |
| | **जम्मा** | **९४** | **३** | **९७** |
| | **प्रतिशत** | **९६.९१** | **३.०९** | |

उपरोक्त विवरण हेर्दा कञ्चनपुर, झापा र जाजरकोटमा एकएक जना गरी ३ जना महिला प्रतिवादी रहेको देखिन्छ। बाँकी सबै पुरुष प्रतिवादी रहेको देखिन्छ।

मुद्दागत आधारमा हेर्दा महिला र पुरुष प्रतिवादीको संख्या निम्न बमोजिम देखिन्छ।

**तालिका नं. ४**

**प्रतिवादीहरुको लिङ्गगत विवरण** (मुद्दागत आधारमा)


| क्र.सं. | मुद्दा | पुरुष | महिला | जम्मा प्रतिवादी संख्या | मुद्दा संख्या |
|---|---|---|---|---|---|
| १ | जवरजस्ती करणी | ३० | ० | ३० | २८ |
| २ | चोरी | २५ | ० | २५ | १५ |
| ३ | नकबजनी चोरी | १३ | ० | १३ | ९ |
| ४ | कर्तव्य ज्यान | ५ | १ | ६ | ६ |
| ५ | ज्यान मार्ने उद्योग | ५ | ० | ५ | ५ |
| ६ | सार्वजनिक अपराध | ५ | ० | ५ | ४ |
| ७ | जवरजस्ती करणी उद्योग | ३ | ० | ३ | ३ |
| ८ | लागूऔषध | ३ | ० | ३ | ३ |
| ९ | सवारी ज्यान | १ | ० | १ | १ |
| १० | रहजनी चोरी | १ | ० | १ | १ |
| १० | मानव अपहरण | ० | १ | १ | १ |
| ११ | मानव बेचविखन | ० | १ | १ | १ |
| १२ | भवितव्य ज्यान | १ | ० | १ | १ |
| १३ | पशु बन्यजन्तु मारेको | १ | ० | १ | १ |
| १४ | गोवध | १ | ० | १ | १ |
| | **जम्मा** | **९४** | **३** | **९७** | **८०** |

उपरोक्त विवरण हेर्दा मानव अपहरण, मानव वेचविखन र कर्तव्य ज्यान मुद्दामा एकएक जना गरी ३ जना महिला प्रतिवादी रहेको देखिन्छ। बाँकी मुद्दाहरुमा पुरुष प्रतिवादी रहेको देखिन्छ।

समग्र मुद्दामा रहेका ९७ जना प्रतिवादीहरुमध्ये महिला र पुरुष प्रतिवादीको संख्यालाई प्रतिशतको आधारमा हेर्दा निम्नबमोजिम देखिन्छ।

**चार्ट नं. २**

**बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न महिला र पुरुष प्रतिवादीहरुको विवरण**




उपरोक्तानुसार हेर्दा महिला प्रतिवादीको संख्या ३.०९ प्रतिशत र पुरुष प्रतिवादीको संख्या ९६.९१ प्रतिशत रहेको देखिन्छ ।

### ३.४ बाल इजलासबाट हेरिएका मुद्दाहरुमा प्रतिवादीहरुको उमेरगत विवरण

बाल इजलासबाट हेरिएका मुद्दाका प्रतिवादीहरुको उमेरगत आधारमा संख्यात्मक विवरण देहायबमोजिम देखिन्छ

**तालिका नं.५**

**बाल इजलासबाट हेरिएका मुद्दाका प्रतिवादीहरुको उमेरगत आधारमा संख्यात्मक विवरण**

| क्र.सं. | जिल्ला | पुरुष | | | महिला | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १० देखि १४ | १५ देखि १६ वर्ष | जम्मा | १० देखि १४ वर्ष | १५ देखि १६ वर्ष | जम्मा | |
| १ | काठमाडौं | ४ | २१ | २५ | ० | ० | ० | २५ |
| २ | भक्तपुर | ७ | ४ | ११ | ० | ० | ० | ११ |
| ३ | कञ्चनपुर | ३ | ७ | १० | १ | ० | १ | ११ |
| ४ | बाँके | ३ | ८ | ११ | ० | ० | ० | ११ |
| ५ | मोरङ | ० | १० | १० | ० | ० | ० | १० |
| ६ | झापा | १ | ३ | ४ | ० | १ | १ | ५ |
| ७ | ललितपुर | ० | ४ | ४ | ० | ० | ० | ४ |
| ८ | रुपन्देही | ० | ४ | ४ | ० | ० | ० | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | पाल्पा | ० | ४ | ४ | ० | ० | ० | ४ |
| १० | गोरखा | १ | १ | २ | ० | ० | ० | २ |
| ११ | सुर्खेत | १ | १ | २ | ० | ० | ० | २ |
| १२ | सुनसरी | १ | १ | २ | ० | ० | ० | २ |
| १३ | जाजरकोट | ० | १ | १ | ० | १ | १ | २ |
| १४ | कैलाली | ० | १ | १ | ० | ० | ० | १ |
| १५ | चितवन | १ | ० | १ | ० | ० | ० | १ |
| १६ | पर्सा | १ | ० | १ | ० | ० | ० | १ |
| १७ | ओखलढुङ्गा | ० | १ | १ | ० | ० | ० | १ |
| | **जम्मा** | २३ | ७१ | ९४ | १ | २ | ३ | ९७ |

उपरोक्तानुसार हेर्दा जम्मा ९७ जना प्रतिवादीहरु मध्ये १० देखि १४ वर्ष उमेर समूहमा पुरुषतर्फ २३ जना र महिलातर्फ १ जना गरी २४ जना तथा १५ देखि १६ वर्ष उमेर समूहका पुरुषतर्फ ७१ जना र महिलातर्फ २ जना गरी ७३ जना प्रतिवादी रहेको देखिन्छ ।

प्रतिवादीको उक्त उमेरगत संख्यालाई प्रतिशतका आधारमा हेर्दा देहायबमोजिम देखिन्छ ।

**तालिका नं.६**

**बाल इजलासबाट हेरिएका मुद्दाका प्रतिवादीहरुको उमेर समुहको प्रतिशत विवरण**

| उमेर | १० देखि १४ वर्ष | १५ देखि १६ वर्ष | जम्मा |
|---|---|---|---|
| पुरुष | २४ | ७३ | ९७ |
| प्रतिशत | २४.७४% | ७५.२६% | १०० |

१० देखि १४ वर्षसम्मको उमेर समुहको प्रतिवादीहरुको संख्या २४.७४ प्रतिशत रहेको छ भने १५ देखि १६ वर्षसम्मको उमेर समूहको प्रतिवादीहरुको संख्या ७५.२६ प्रतिशत रहेको देखिन्छ ।

### ३.५ बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न पीडितको विवरण

कसूरजन्य कार्यको कारणबाट हुने पीडितको प्रकृति विभिन्न प्रकारका हुन सक्तछन् । कतिपय अवस्थामा प्रत्यक्ष रुपमा पीडित भएका हुन सक्तछन् भने कतिपय अवस्थामा अप्रत्यक्ष रुपमा पीडित भएका हुन सक्तछन् । कसूरको प्रकृति हेरी पीडितलाई आर्थिक, शारीरिक, सामाजिक, मानसिक असर परेको हुन सक्तछ । पीडितलाई परेको सबै असरको मूल्यांकन मिसिलबाट गर्न सम्भव हुँदैन । यस्तै गरेर कसूरजन्य

कार्य गर्ने बालबालिका आफैं पनि कमजोर हुन्छन् । यसै सन्दर्भमा बालबालिकाले गरेको कसूरजन्य कार्यबाट पीडित हुने व्यक्तिको प्रकृति के कस्तो हुने रहेछ भन्ने अध्ययन गर्न खोजिएको छ । यसरी अध्ययन गर्दा सबै किसिमका मुद्दामा प्रत्यक्ष रुपमा पीडित हुने व्यक्तिको पहिचान गर्न कठिनाई परेकोले शारीरिक रुपमा असर पर्ने प्रकृतिका मुद्दाका पीडितको मात्र उमेर र लिङ्गगत प्रकृतिको अध्ययन गरिएको छ । जसको विवरण निम्नबमोजिम छ ।


**तालिका नं. ७**

**मुद्दागत, उमेरगत र लिङ्गगत आधारमा पीडितको संख्यात्मक विवरण**

| क्र.सं. | मुद्दा | ५ वर्षसम्म | | | ६ देखि १२ वर्षसम्म | | | १३ देखि १६ वर्षसम्म | | | १७ वर्ष देखि माथि | | | उमेर नखुलेको | | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | मानव अपहरण | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २ | मानव बेचविखन | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ३ | भवितव्य ज्यान | ० | ० | ० | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | | १ |
| ४ | जवरजस्ती करणी उद्योग | ० | २ | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ३ | ३ |
| ५ | जवरजस्ती करणी | ० | ९ | ९ | १ | १६ | १७ | ० | १ | १ | ० | २ | २ | ० | ० | ० | १ | २८ | २९ |
| ६ | ज्यान मार्ने उद्योग | ० | १ | १ | ० | ० | ० | ० | ० | | १ | ० | १ | २ | १ | ३ | ३ | २ | ५ |
| ७ | कर्तव्य ज्यान | १ | | १ | २ | ० | २ | ० | ० | | १ | ० | १ | २ | | २ | ६ | | ६ |
| | **जम्मा** | १ | १ | १ | ४ | १८ | २ | ० | १ | १ | २ | २ | ४ | ४ | १ | ५ | ११ | ३५ | ४६ |

उपरोक्त आधारमा हेर्दा विभिन्न ७ प्रकृतका मुद्दामा ४६ जना पीडित मध्ये ३५ जना महिला र ११ जना पुरुष पीडित रहेको देखिन्छ । उमेरगत आधारमा हेर्दा ५ वर्षसम्मका १४ जना, ६ देखि १२ वर्ष उमेर समूहका २२ जना, १३ देखि १६ वर्षका १ जना, १७ वर्ष माथिका ४ जना, र उमेर नखुलेका ५ जना देखिन्छ। मुद्दागत आधारमा हेर्दा सवैभन्दा धेरै जवरजस्ती करणी मुद्दामा २९ जना पीडित रहेको देखिन्छ। उपरोक्त उमेरसमूहका पीडितको संख्यात्मक विवरणलाई प्रतिशतका आधारमा हेर्दा तल चार्टमा देखाएबमोजिम देखिन्छ ।


**चार्ट नं.३:**
**उमेर समूहका आधारमा पीडितको प्रतिशत**




उपरोक्त अनुसार ५ वर्षसम्मका ३०.४३ प्रतिशत, ६ देखि १२ वर्षसम्मका ४७.८३ प्रतिशत, १३ देखि १६ वर्षसम्मका २.१७ प्रतिशत, १७ वर्षदेखि माथिका ८.७० प्रतिशत र उमेर नखुलेका १०.८७ प्रतिशत पीडित रहेका देखिन्छन ।

लिङ्गगत आधारमा हेर्दा पीडितको प्रतिशत देहायबमोजिम देखिन्छ ।

**चार्ट नं.४:**
**लिङ्गगत आधारमा पीडितको प्रतिशत**




उपरोक्तानुसार पीडितहरु मध्ये महिलाको संख्या ७६.०९ प्रतिशत र पुरुषको संख्या २३.९१ प्रतिशत रहेको देखिन्छ ।

### ३.६ जाहेरी दरखास्तको दर्ता र प्रतिवादीलाई अनुसन्धानको क्रममा पक्राउ गरेको विवरण

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ अनुसार अनुसन्धान तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्नेसम्मको मनासिव कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्ने व्यवस्था रहेको छ । सोबमोजिम जाहेरी दरखास्त दर्ता भएपश्चात् प्रतिवादीहरु पक्राउ गर्न लागेको अवधिको विवरण जिल्लागत आधारमा देहायबमोजिम देखिन्छ ।

**तालिका नं.८**

**प्रतिवादी पक्राउ गर्न लागेको अवधिको विवरण** (जिल्लागत आधारमा)

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | जाहेरी दर्ता हुन अगावै | जाहेरी दर्ता भएको १ दिनभित्र | जाहेरी दर्ता भएको ३ दिनभित्र | जाहेरी दर्ता भएको ७ दिनभित्र | जाहेरी दर्ता भएको ७ दिनपछि | पक्राउ नभएका | जम्मा प्रतिवादी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ४ | १७ | २ | ० | १ | १ | २५ |
| २ | ललितपुर | २ | १ | ३ | ० | ० | ० | ० | ४ |
| ३ | भक्तपुर | ६ | २ | ९ | ० | ० | ० | ० | ११ |
| ४ | कैलाली | १ | ० | १ | ० | ० | ० | ० | १ |
| ५ | कञ्चनपुर | ८ | ५ | ४ | ० | २ | ० | ० | ११ |
| ६ | बाँके | ८ | ० | ४ | २ | ३ | २ | ० | ११ |
| ७ | रुपन्देही | ४ | ० | २ | १ | ० | १ | ० | ४ |
| ८ | पाल्पा | ४ | ० | ३ | ० | १ | ० | ० | ४ |
| ९ | झापा | ५ | ० | ४ | ० | १ | ० | ० | ५ |
| १० | चितवन | १ | १ | ० | ० | ० | ० | ० | १ |
| ११ | पर्सा | १ | ० | १ | ० | ० | ० | ० | १ |
| १२ | गोरखा | २ | ० | २ | ० | ० | ० | ० | २ |
| १३ | सुर्खेत | २ | ० | १ | ० | ० | १ | | २ |
| १४ | सुनसरी | २ | ० | २ | ० | ० | ० | ० | २ |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | ० | ० | ० | ० | १ |
| १६ | जाजरकोट | २ | ० | १ | ० | ० | १ | ० | २ |
| १७ | मोरङ | ९ | ३ | ३ | २ | १ | १ | ० | १० |
| | **जम्मा** | **८०** | **१६** | **५८** | **७** | **८** | **७** | **१** | **९७** |

उपरोक्तानुसार हेर्दा १७ वटा जिल्लाका ८० थान मुद्दामा जम्मा ९७ जना प्रतिवादी कायम भएको देखिन्छ सोमध्ये १६ जना अर्थात १६.४९ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता हुनु अगावै, ५८ जना अर्थात ५९.७९ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको १ दिनभित्र, ७ जना अर्थात ७.२२ प्रतिशत

प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ३ दिनभित्र, ८ जना अर्थात ८.२५ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ७ दिनभित्र र ७ जना अर्थात ७.२२ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ७ दिनपछि पक्राउ भएको देखिन्छ भने १ जना अर्थात १.०३ प्रतिशत प्रतिवादी अनुसन्धानको क्रममा पक्राउ पर्न सकेको देखिँदैन ।

यस्तै गरी मुद्दागत आधारमा जाहेरी दरखास्त दर्ता भएपश्चात् प्रतिवादीहरु पक्राउ गर्न लागेको अवधिको विवरण देहायबमोजिम देखिन्छ

**तालिका नं.९**

**प्रतिवादी पक्राउ गर्न लागेको अवधिको विवरण (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | मुद्दा संख्या | जाहेरी दर्ता हुन अगावै पक्राउ परेको | जाहेरी दर्ता भएको १ दिनभित्र | जाहेरी दर्ता भएको ३ दिनभित्र | जाहेरी दर्ता भएको ७ दिनभित्र | जाहेरी दर्ता भएको ७ दिनपछि | पक्राउ नभएका प्रतिवादी संख्या | जम्मा प्रतिवादी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | | १ | | | | | १ |
| २ | सार्वजनिक अपराध | ४ | | ५ | | | | | ५ |
| ३ | रहजनी चोरी | १ | १ | | | | | | १ |
| ४ | मानव अपहरण | १ | | १ | | | | | १ |
| ५ | मानव बेचविखन | १ | | १ | | | | | १ |
| ६ | भवितव्य ज्यान | १ | | १ | | | | | १ |
| ७ | नकवजनी चोरी | ९ | | १० | ३ | | | | १३ |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | १ | १ | | १ | | | ३ |
| ९ | जवरजस्ती करणी | २८ | १ | १७ | २ | ६ | ३ | १ | ३० |
| १० | ज्यान मार्ने उद्योग | ५ | | ३ | १ | | १ | | ५ |
| ११ | पशु वन्यजन्तु मारेको | १ | | १ | | | | | १ |
| १२ | लागूऔषध | ३ | १ | १ | | | १ | | ३ |
| १३ | चोरी | १५ | ११ | १२ | | १ | १ | | २५ |
| १४ | कर्तव्य ज्यान | ६ | १ | ३ | १ | | १ | | ६ |
| १५ | गोवध | १ | | १ | | | | | १ |
| | **जम्मा** | ८० | १६ | ५८ | ७ | ८ | ७ | १ | ९७ |

उपरोक्तानुसार हेर्दा सबैभन्दा धेरै संख्यामा जबरजस्ती करणी मुद्दा रहेकोले सबैभन्दा धेरै संख्याका प्रतिवादी पनि जवरजस्ती करणी मुद्दामानै रहेको र यहि मुद्दाका प्रतिवादी पक्राउ गर्न बढी समय लाग्ने गरेको देखिन्छ ।

### ३.७ अनुसन्धान तहकिकातको क्रममा बालबालिकाले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई जानकारी दिए नदिएको विवरण

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४ को खण्ड (घ) मा सम्भव भएसम्म बालकका आमाबाबु भए दुवैलाई वा कम्तीमा एक जनालाई, बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूरका सम्बन्धमा सूचना दिनु पर्ने व्यवस्था गरेको छ । सोअनुरुप संरक्षकलाई जानकारी दिए नदिएको विवरण निम्नअनुसार देखिन्छ ।

**तालिका नं.१०**

**बालकले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई सूचना दिएको मुद्दा संख्या (जिल्लागत आधारमा)**


| क्र.सं. | जिल्ला | जम्मा मुद्दा संख्या | सुचना दिएको मुद्दा संख्या | सूचना नदिएको मुद्दा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | १ | २० | १ एकै पटक अदालतमा उपस्थित भएको |
| २ | ललितपुर | २ | ० | २ | |
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | १ | ७ | |
| ६ | बाँके | ८ | ० | ८ | |
| ७ | रुपन्देही | ४ | ० | ४ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | ० | १ | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ९ | |
| | **जम्मा** | **८०** | **२** | **७७** | |

उपरोक्तानुसार ८० वटा मुद्दा मध्ये काठमाडौं जिल्लाको १ वटा र कञ्चनपुर जिल्लाको १ वटा गरी २ वटा मुद्दामा बालबालिकालाई पक्राउ गर्दा संरक्षकलाई कसूरसम्बन्धी जानकारी दिएको देखिँन्छ भने ७७ वटा मुद्दामा जानकारी दिएको देखिँदैन। बाँकी १ वटा मुद्दामा प्रतिवादी अनुसन्धानको क्रममा पक्राउ नपरी सिधै अदालतमा हाजिर भएको देखिन्छ।

उपरोक्त जानकारी दिएको विवरणलाई प्रतिशतका आधारमा हेर्दा देहायबमोजिम देखिन्छ

**चार्ट नं.५: बालकले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई सूचना दिएको मुद्दाको प्रतिशत**




उपरोक्तअनुसार हेर्दा २.५० प्रतिशत मुद्दामा प्रतिवादीका रुपमा बालबालिकाका संरक्षकलाई कसूरका सम्बन्धमा जानकारी दिएको देखिन्छ भने ९६.२५ प्रतिशत मुद्दामा जानकारी दिएको देखिँदैन। १.२५ प्रतिशत मुद्दामा प्रतिवादी अनुसन्धानका क्रममा पक्राउ नपरी सोभै अदालतमा उपस्थित भएको देखिन्छ।

**३.८ अनुसन्धान तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरण**

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (१) अनुसार प्रचलित कानूनबमोजिम

थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिती र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्न आदेश दिन सक्ने व्यवस्था रहेको छ। सो व्यवस्थाअनुसार अनुसन्धान तहकिकातको क्रममा प्रतिवादीको रुपमा पक्राउ परेका बालबालिकालाई राखेको स्थानको विवरण देहायबमोजिम देखिन्छ।

**तालिका नं.११**


**अनुसन्धान तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थान सम्बन्धी विवरण**

| क्र.स. | जिल्ला | प्रतिवादी संख्या | बालसुधार गृहमा राखेको संख्या | संरक्षकको जिम्मामा राखेको संख्या | प्रहरी हिरासतमा राखेको संख्या | बालसुधार गृहमा स्थान नभएर फिर्ता आएका संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | | १ | १७ | ६ | १ अदालतमा उपस्थित भएको |
| २ | ललितपुर | ४ | ० | ० | ४ | ० | |
| ३ | भक्तपुर | ११ | ६ | ५ | ० | ० | |
| ४ | कैलाली | १ | ० | ० | १ | ० | |
| ५ | कञ्चनपुर | ११ | ० | १ | १० | ० | |
| ६ | बाँके | ११ | ० | १ | १० | ० | |
| ७ | रुपन्देही | ४ | ० | ० | ४ | ० | |
| ८ | पाल्पा | ४ | ० | ० | ४ | ० | |
| ९ | झापा | ५ | ० | ० | ५ | ० | |
| १० | चितवन | १ | ० | ० | १ | ० | |
| ११ | पर्सा | १ | ० | ० | १ | ० | |
| १२ | गोरखा | २ | ० | ० | २ | ० | |
| १३ | सुर्खेत | २ | ० | ० | २ | ० | |
| १४ | सुनसरी | २ | ० | ० | २ | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | १ | ० | |
| १६ | जाजरकोट | २ | ० | ० | २ | ० | |
| १७ | मोरङ | १० | ० | ० | १० | ० | |
| | **जम्मा** | **९७** | **६** | **८** | **७६** | **६** | **१** |

उपरोक्तानुसार अनुसन्धानका क्रममा पक्राउ परेका जम्मा ९६ जना प्रतिवादी मध्ये भक्तपुर जिल्लाका ६ जनालाई मात्र बाल सुधार गृहमा राखेको देखिन्छ। यस्तै गरी काठमाडौंका १ जना, भक्तपुरका ५ जना, कञ्चनपुरका १ जना र बाँकेका १ जना गरी ८ जना बालबालिकालाई संरक्षकको जिम्मामा राखेको देखिन्छ। बाँकी ८२ जना बालबालिकालाई प्रहरी हिरासतमा राखेको देखिन्छ। उक्त संख्यालाई प्रतिशतका आधारमा हेर्दा देहायबमोजिम देखिन्छ।

**चार्ट नं.६**

**अनुसन्धान तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरणको प्रतिशत**




उपरोक्तानुसार ६.१९ प्रतिशतलाई बालसुधार गृहमा, ७८.३५ प्रतिशतलाई हिरासतमा, ८.२५ प्रतिशतलाई संरक्षकको जिम्मामा राखेको देखिन्छ। ६.१९ प्रतिशत बालसुधार गृहमा स्थान नभएको कारण फिर्ता आएको तथा १.०३ प्रतिशत मुद्दा दायर भएपश्चात सोझै अदालतमा हाजिर हुन आएको देखिन्छ।

### ३.९ तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधिको विवरण

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ अनुसार तहकिकातको लागि सम्बन्धित अदालतको अनुमतिले बढीमा २५ दिनसम्म प्रतिवादीलाई थुनामा राख्न सकिने व्यवस्था रहेको छ। यसै गरी लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा २२(ग) अनुसार बढीमा तीन महिनासम्म थुनामा राख्न सकिने व्यवस्था रहेको छ तहकिकातको क्रममा बालबालिकालाई थुनामा राखेको अवधि देहायबमोजिम देखिन्छ।

**तालिका नं. १२**

**तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधि (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | ७ दिन सम्म | १५ दिन सम्म | २० दिन सम्म | २५ दिन सम्म | २५ दिनभन्दा बढी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ० | ३ | ४ | १४ | ० | |
| २ | ललितपुर | २ | ० | १ | ० | १ | ० | |
| ३ | भक्तपुर | ६ | २ | २ | ० | १ | ० | |
| ४ | कैलाली | १ | ० | १ | ० | ० | ० | |
| ५ | कञ्चनपुर | ८ | २ | ३ | १ | | ० | |
| ६ | बाँके | ८ | ० | ३ | १ | २ | १ | |
| ७ | रुपन्देही | ४ | १ | १ | १ | १ | ० | |
| ८ | पाल्पा | ४ | ० | १ | ३ | | ० | |
| ९ | झापा | ५ | ० | ० | ० | ५ | ० | |
| १० | चितवन | १ | ० | ० | १ | ० | ० | |
| ११ | पर्सा | १ | ० | ० | १ | | ० | |
| १२ | गोरखा | २ | ० | ० | ० | २ | ० | |
| १३ | सुर्खेत | २ | ० | १ | | १ | ० | |
| १४ | सुनसरी | २ | | १ | १ | | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | ० | ० | ० | |
| १६ | जाजरकोट | २ | ० | १ | | १ | ० | |
| १७ | मोरङ | ९ | ० | ३ | २ | ३ | १ | |
| | **जम्मा** | **८०** | **५** | **२२** | **१५** | **३१** | **२** | |

*नोटः काठमाडौ जिल्ला अदालतमा १ पक्राउ नपरेको, भक्तपुरमा १ संरक्षकको जिम्मामा लगाई म्याद थप नगरिएको, कञ्चनपुरमा २ अरुनै मुद्दाबाट थुनामा रहेको, बाँकेमा १ हाजिर जमानीमा छाडि म्याद थप नगरिएको ।*

उपरोक्त विवरणअनुसार जम्मा ८० वटा मुद्दा मध्ये ५ वटा मुद्दाका प्रतिवादीलाई ७ दिनसम्म, २२ वटा मुद्दाका प्रतिवादीलाई १५ दिनसम्म, १५ वटा मुद्दाका प्रतिवादीलाई २० दिनसम्म, ३१ वटा मुद्दाका प्रतिवादीलाई २५ दिनसम्म र २ वटा मुद्दाका प्रतिवादीलाई २५ दिनभन्दा बढी अनुसन्धान तहकिकातका लागि हिरासतमा राखेको देखिन्छ ।

यो संख्यालाई प्रतिशतका आधारमा हेर्दा १६.२५ प्रतिशत मुद्दाका प्रतिवादीलाई ७ दिनसम्म, २७.५ प्रतिशत मुद्दाका प्रतिवादीलाई १५ दिनसम्म, १८.७५ प्रतिशत मुद्दाका प्रतिवादीलाई २० दिनसम्म, ३८.७५ मुद्दाका प्रतिवादीलाई २५ दिनसम्म र २.५ प्रतिशत मुद्दाका प्रतिवादीलाई २५ दिनभन्दा बढी अनुसन्धान तहकिकातका लागि हिरासतमा राखेको देखिन्छ। यस्तै गरी मुद्दागत आधारमा हेर्दा अनुसन्धान तहकिकातको क्रममा बालबालिकालाई थुनामा राखेको विवरण देहायबमोजिम देखिन्छ :

**तालिका नं. १३**

**तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधि (मुद्दागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | ७ दिन | १५ दिन | २० दिन | २५ दिन | २५ दिनभन्दा बढी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | ० | ० | १ | ० | |
| २ | सार्वजनिक अपराध | ४ | | १ | १ | २ | ० | |
| ३ | रहजनी चोरी | १ | ० | ० | ० | १ | ० | |
| ४ | मानव अपहरण | १ | | ० | ० | ० | ० | |
| ५ | मानव बेचविखन | १ | १ | ० | ० | ० | ० | |
| ६ | भवितव्य ज्यान | १ | | १ | ० | ० | ० | |
| ७ | नकबजनी चोरी | ९ | ० | २ | २ | ५ | ० | |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | ० | २ | १ | | ० | |
| ९ | जवरजस्ती करणी | २८ | २ | ८ | ७ | १० | ० | |
| १० | ज्यान मार्ने उद्योग | ५ | ० | २ | १ | २ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | पशु वन्यजन्तु मारेको | १ | ० | १ | ० | ० | ० | |
| १२ | लागूऔषध | ३ | १ | ० | ० | १ | २ | |
| १३ | चोरी | १५ | १ | ३ | ३ | ५ | ० | |
| १४ | कर्तव्य ज्यान | ६ | ० | १ | ० | ४ | ० | |
| १५ | गोवध | १ | ० | १ | ० | ० | ० | |
| | **जम्मा** | ८० | ५ | २२ | १५ | ३१ | २ | ५ |

***नोट*** *: २ वटा चोरी मुद्दामा अन्य मद्दाबाट थुनामा, १ चोरी मुद्दामा संरक्षकको जिम्मामा भै म्याद थप नगरिएको, १ जवर जस्ती करणी मुद्दामा प्रतिवादी पक्राउ नपरेको र एक कर्तव्य ज्यान मुद्दामा हाजिर जमानीमा छाडी म्याद थप नगरिएको ।*

### ३.१० तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गर्न लगाएको अवधि

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९ अनुसार तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष सम्बन्धित अभियुक्तको बयान गराउनु पर्ने व्यवस्था रहेको छ । यस्तै गरी सोही ऐनको दफा १५ को उपदफा (२) अनुसार तहकिकातको सिलसिलामा थुनामा राख्नका लागि अदालतबाट अनुमती लिदा बयान कागज गराइसकेको भए सो बयानको व्यहोरासमेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने व्यवस्था गरेको छ । यसै क्रममा अध्ययन गरिएका मुद्दाहरुमा प्रतिवादीहरुलाई थुनामा राख्ने म्याद थप अघि वा पछि बयान गराएकोसम्बन्धी विवरण देहायबमोजिम देखिन्छ :

**तालिका नं.१४**

**पक्राउ परेका प्रतिवादीलाई थुनामा राख्ने म्याद थप अगाडि वा पछाडि बयान गराएको विवरण**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | म्याद थप अघि | म्याद थप पछि | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ० | २१ | १ पक्राउ नपरेको |
| २ | ललितपुर | २ | ० | २ | |
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ० | ८ | |
| ६ | बाँके | ८ | १ | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रुपन्देही | ४ | १ | ३ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |
| ९ | झापा | ५ | १ | ४ | |
| १० | चितवन | १ | ० | १ | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | १ | १ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ३ | ६ | |
| | **जम्मा** | **८०** | **७** | **७२** | |

उपरोक्ताअनुसार अधिकांश मुद्दामा अनुसन्धान तहकिकातको क्रममा थुनामा राख्ने म्याद थप गरेपश्चात् मात्र बयान गराएको देखिन्छ ।

उपरोक्त विवरणलाई मुद्दागत आधारमा हेर्दा देहायबमोजिम देखिन्छ :

**तालिका नं.१५**

**पक्राउ परेका प्रतिवादीलाई थुनामा राख्ने म्याद थप अगाडि वा पछाडि बयान गराएको विवरण**

**(मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | मुद्दा संख्या | म्याद थप अघि | म्याद थप पछि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | १ | |
| २ | सार्वजनिक अपराध | ४ | ० | ४ | |
| ३ | रहजनी चोरी | १ | ० | १ | |
| ४ | मानव अपहरण | १ | ० | १ | |
| ५ | मानव बेचविखन | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | भवितव्य ज्यान | १ | ० | १ | |
| ७ | नकबजनी चोरी | ९ | १ | ८ | |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | ० | ३ | |
| ९ | जवरजस्ती करणी | २८ | ३ | २४ | १ पक्राउ नपरेको |
| १० | ज्यान मार्ने उद्योग | ५ | ० | ५ | |
| ११ | पशु वन्यजन्तु मारेको | १ | १ | ० | |
| १२ | लागूऔषध | ३ | ० | ३ | |
| १३ | चोरी | १५ | ० | १५ | |
| १४ | कर्तव्य ज्यान | ६ | १ | ५ | |
| १५ | गोवध | १ | ० | ० | |
| | **जम्मा** | **८०** | **७** | **७२** | |

यस्तै गरी अनुसन्धान तहकिकातका क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गराउन लगाएको अवधिको विवरण जिल्लागत आधारमा हेर्दा देहायबमोजिम देखिन्छ ।

तालिका नं.१६

**तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधिसम्बन्धी विवरण** (**जिल्लागत तथा प्रतिवादीको संख्याको आधारमा**)


| **क्र.सं.** | **जिल्ला** | **प्रतिवादी संख्या** | **पक्राउ गरेको १ दिनभित्र** | **पक्राउ गरेको ३ दिनभित्र** | **पक्राउ गरेको ५ दिनभित्र** | **पक्राउ गरेको ७ दिनभित्र** | **पक्राउ गरेको७ दिनपछि** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | ० | ८ | १० | ३ | ३ | १ पक्राउ नपरेको |
| २ | ललितपुर | ४ | ३ | १ | ० | ० | ० | |
| ३ | भक्तपुर | ११ | १ | ३ | ५ | २ | ० | |
| ४ | कैलाली | १ | | १ | | ० | ० | |
| ५ | कञ्चनपुर | ११ | ३ | ७ | १ | ० | ० | |
| ६ | बाँके | ११ | १ | ६ | ३ | १ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | रुपन्देही | ४ | ० | १ | २ | | १ | |
| ८ | पाल्पा | ४ | ० | १ | २ | १ | ० | |
| ९ | झापा | ५ | ० | १ | २ | २ | ० | |
| १० | चितवन | १ | ० | ० | १ | | ० | |
| ११ | पर्सा | १ | ० | १ | | ० | ० | |
| १२ | गोरखा | २ | १ | १ | ० | ० | ० | |
| १३ | सुर्खेत | २ | ० | ० | १ | १ | ० | |
| १४ | सुनसरी | २ | ० | ० | १ | ० | १ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | | ० | ० | |
| १६ | जाजरकोट | २ | ० | ० | १ | ० | १ | |
| १७ | मोरङ | १० | ३ | ३ | ४ | ० | ० | |
| | **जम्मा** | **९७** | **१२** | **३५** | **३३** | **१०** | **६** | |

उपरोक्त विवरणलाई प्रतिशतका आधारमा हेर्दा देहायबमोजिम देखिन्छ :

चार्ट नं.७

**पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधि**




उपरोक्तानुसार ८० वटा मुद्दा मध्ये १२.३७ प्रतिशत मुद्दामा पक्राउ गरेको १ दिनभित्र, ३६.०८ प्रतिशतमा

पक्राउ गरेको ३ दिनभित्र, ३४.०२ प्रतिशतमा पक्राउ गरेको ५ दिनभित्र, १०.३१ प्रतिशतमा पक्राउ गरेको ७ दिनभित्र भन्दा बढि समयमा बयान गराएको देखिन्छ ।

यस्तै गरी अनुसन्धान तहकिकातका क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गराउन लगाएको अवधिको विवरण मुद्दागत आधारमा हेर्दा देहायबमोजिम देखिन्छ ।

तालिका नं.१७

**पक्राउ परेका प्रतिवादीलाई बयान गराएको अवधिसम्बन्धी विवरण** (**मुद्दागत र प्रतिवादीको संख्याको आधारमा**)

| क्र.सं. | मुद्दा | प्रतिवादी संख्या | पक्राउ गरेको १ दिनभित्र | पक्राउ गरेको ३ दिनभित्र | पक्राउ गरेको ५ दिनभित्र | पक्राउ गरेको ७ दिनभित्र | पक्राउ गरेको ७ दिनपछि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | ० | ० | १ | ० | |
| २ | सार्वजनिक अपराध | ५ | ० | २ | २ | ० | १ | |
| ३ | रहजनी चोरी | १ | ० | १ | ० | ० | ० | |
| ४ | मानव अपहरण | १ | ० | | १ | ० | ० | |
| ५ | मानव बेचविखन | १ | ० | १ | ० | ० | ० | |
| ६ | भवितव्य ज्यान | १ | ० | १ | ० | ० | ० | |
| ७ | नकबजनी चोरी | १३ | ३ | ६ | ३ | १ | ० | |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | १ | २ | ० | ० | ० | |
| ९ | जवरजस्ती करणी | ३० | ३ | ८ | १२ | ४ | २ | १ पक्राउ नपरेको |
| १० | ज्यान मार्ने उद्योग | ५ | ० | ३ | ० | १ | १ | |
| ११ | पशु वन्यजन्तु मारेको | १ | १ | ० | ० | ० | ० | |
| १२ | लागूऔषध | ३ | १ | ० | २ | ० | ० | |
| १३ | चोरी | २५ | १ | ९ | १० | ३ | २ | |
| १४ | कर्तव्य ज्यान | ६ | २ | २ | २ | | | |
| १५ | गोवध | १ | ० | ० | १ | ० | ० | |
| | **जम्मा** | ९७ | १२ | ३५ | ३३ | १० | ६ | |

### ३.११ प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ५ को उपनियम (२) अनुसार बालकसँग

सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बाल कल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने व्यवस्था गरेको छ। यस्तै गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको २४ नं. ले सोह्र वर्ष नपुगेको नाबालकको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला रोहवरमा राख्नु पर्ने व्यवस्था गरेको छ। सोअनुसार प्रतिवादीको बयान गराउदा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण देहायबमोजिम देखिन्छ :

**तालिका नं.१८**

**प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण**


| क्र.सं. | जिल्ला | मुद्दा संख्या | संरक्षक राखेको | संरक्षक नराखेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | २ | १९ | १ पक्राउ नपरेको |
| २ | ललितपुर | २ | ० | २ | |
| ३ | भक्तपुर | ६ | ३ | ३ | |
| ४ | कैलाली | १ | १ | ० | |
| ५ | कञ्चनपुर | ८ | १ | ७ | |
| ६ | बाँके | ८ | १ | ७ | |
| ७ | रुपन्देही | ४ | | ४ | |
| ८ | पाल्पा | ४ | ३ | १ | |
| ९ | झापा | ५ | १ | ४ | |
| १० | चितवन | १ | | १ | |
| ११ | पर्सा | १ | १ | ० | |
| १२ | गोरखा | २ | १ | १ | |
| १३ | सुर्खेत | २ | २ | ० | |
| १४ | सुनसरी | २ | | २ | |
| १५ | ओखलढुङ्गा | १ | १ | ० | |
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ९ | |
| | **जम्मा** | ८० | १७ | ६२ | १ |

उपरोक्तानुसार ८० वटा मुद्दामध्ये ७९ वटा मुद्दामा प्रतिवादी पक्राउ परेको देखिन्छ। सो ७९ वटा मुद्दामध्ये १७ वटा मुद्दामा मात्र प्रतिवादीको बयान गराउँदा संरक्षक राखेको देखिन्छ। ललितपुर, रुपन्देही, चितवन, सुनसरी, जाजरकोट र मोरङ जिल्लामा कुनै पनि मुद्दामा प्रतिवादीको बयान गराउँदा संरक्षक रोहवरमा राखेको देखिँदैन।

उपरोक्त विवरणलाई प्रतिशतका आधारमा हेर्दा देहायबमोजिम देखिन्छ :

**चार्ट नं. ८**

**प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरण**




रोहवरमा बस्ने संरक्षकको र प्रतिवादी बीचको नाता सम्बन्ध देहायबमोजिम देखिन्छ :

**तालिका नं.१९**

**प्रतिवादीको बयानमा रोहवरमा बस्ने संरक्षक र प्रतिवादी बीचको नाता सम्बन्धको विवरण**

| क्र.सं. | जिल्ला | रोहबरमा राखिएको संख्या | परिवारभित्रको सदस्य | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २ | बाबु, आमा | | |
| २ | भक्तपुर | ३ | बाबु, आमा | | |
| ३ | कैलाली | १ | आमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कञ्चनपुर | १ | | मामा | |
| ५ | बाँके | १ | बाबु | | |
| ६ | पाल्पा | ३ | बाबु दाजु | | |
| ७ | झापा | १ | बाबु | | १ नखुलेको |
| ८ | पर्सा | १ | दाजु | | |
| ९ | गोरखा | १ | आमा | | |
| १० | सुर्खेत | २ | आमा,बाबु | | |
| ११ | ओखलढुङ्गा | १ | बाबु | | |
| | **जम्मा** | १६ | | | |

उपरोक्तअनुसार अधिकांश रुपमा बाबु, आमा, दाजु जस्ता परिवारभित्रका सदस्यनै प्रतिवादीको बयान गराउँदा संरक्षकको रुपमा रोहवरमा बसेको देखिन्छ।

### ३.१२ जाहेरी दरखास्त दर्ता भएको मितिबाट तहकिकातको कार्य समाप्त गरी अभियोगपत्र दायर गर्न लागेको अवधि

सरकारवादी फौजदारी मुद्दामा जाहेरी दरखास्त दर्ता भएपश्चात् अनुसन्धान तहकिकात प्रारम्भ हुन्छ। अनुसन्धान तहकिकातको कार्य सम्पन्न भएपश्चात मुद्दा चल्ने नचल्ने निर्णय गरी कानूनले तोकेको हदम्यादभित्र मुद्दा दायर गर्नु पर्ने हुन्छ। अध्ययन गरिएका मुद्दाहरुमा जाहेरी दरखास्त दर्ता भएपश्चात् मुद्दाको अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न लागेको अवधि देहायबमोजिम रहेको देखिन्छ :

**तालिका नं. २०**

**जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधि**


| मुद्दा संख्या | ७ दिनभित्र | १५ दिनभित्र | २५ दिनभित्र | २५ दिनभन्दा बढी |
|---|---|---|---|---|
| ८० | ४ | २५ | ४० | ११ |
| प्रतिशत | ५% | ३१.२५% | ५०% | १३.७५% |

प्रस्तुत तालिका हेर्दा अध्ययन गरिएका ८० वटा मुद्दामध्ये ४ वटा अर्थात ५ प्रतिशत मुद्दामा जाहेरी दरखास्त दर्ता भएको ७ दिनभित्र २५ वटा अर्थात ३१.२५ प्रतिशत मुद्दामा जाहेरी दरखास्त दर्ता भएको १५ दिनभित्र, ४० वटा अर्थात ५० प्रतिशत मुद्दामा २५ दिनभित्र र ११ वटा अर्थात १३.७५ प्रतिशत मुद्दामा २५ दिनभन्दा बढी समयावधी लगाई अभियोगपत्र दायर भएको देखिन्छ।

प्रस्तुत विवरणलाई निम्नबमोजिमको चार्टमा देखाइएको छ।

**चार्ट नं.९**

**जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधि**




### ३.१३ प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको अवधि

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ अनुसार पक्राउ परेको प्रतिवादीलाई अनुसन्धान तहकिकातको क्रममा २५ दिनभन्दा बढी थुनामा राख्न नमिल्ने व्यवस्था हुँदा प्रतिवादी पक्राउ परेको सामान्यतया २५ दिनभित्र अनुसन्धान कार्य सम्पन्न गरी अदालतसमक्ष मुद्दा दायर गरिसक्नु पर्ने हुन्छ। उक्त अवधिभित्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न हुन नसकेमा प्रतिवादीलाई हाजिर जमानीमा राखी मुद्दाको अनुसन्धान तहकिकात गर्नु पर्ने हुन्छ। प्रतिवादी पक्राउ परेको अवधिबाट अभियोगपत्र दायर गर्न लागेको अवधि देहायबमोजिम देखिन्छ :

**तालिका नं. २१**

**प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको अवधि**

| मुद्दा संख्या | ७ दिनभित्र | १५ दिनभित्र | २५ दिनभित्र | २५ दिनभन्दा बढी |
|---|---|---|---|---|
| ८० | ४ | ३० | ४१ | ४ |
| प्रतिशत | ५% | ३७.५० % | ५१.२५% | ५% |

*नोट : एउटा मुद्दामा प्रतिवादी पक्राउ नपरेकोले ७९ वटा मुद्दाको विश्लेषण गरिएको छ।*

माथिको तालिकाबाट अध्ययन गरिएका ८० वटा मुद्दामध्ये एउटा मुद्दामा प्रतिवादी पक्राउ नपरेको र बाँकी रहेका ८९ वटा मुद्दा मध्ये ४ वटा मुद्दामा प्रतिवादी पक्राउ परेको मितिबाट ७ दिनभित्र, ३० वटा मुद्दामा १५ दिनभित्र, ४१ वटा मुद्दामा २५ दिनभित्र र २५ दिनभन्दा बढी समयावधि लगाएर ४ वटा मुद्दामा

अभियोगपत्र दायर भएको देखिन्छ। प्रतिशतमा हेर्दा ५ प्रतिशत मुद्दा ७ दिनभित्र, ३७.५० प्रतिशत मुद्दा १५ दिनभित्र, ५१.२५ प्रतिशत मुद्दा २५ दिनभित्र र ५ प्रतिशत मुद्दा २५ दिनभन्दा बढी समयावधि लगाएर दायर भएको पाइन्छ।

**३.१४ अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रति बालकको बाबुआमा वा संरक्षकलाई बुझाए नबुझाएको विवरण**

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ७ को उपनियम (१) अनुसार बालबालिकाविरुद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एकएक प्रति बालकको बाबुआमा वा संरक्षकलाई तुरुन्त दिनु पर्ने र निजहरुले बुझ्न नमानेमा वा नभेटिएमा बालकको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्ने अनिवार्य व्यवस्था गरेको छ। सोअनुसार प्रतिलिपि उपलब्ध गराए नगराएको विवरण देहायबमोजिम छः

**तालिका नं.२२**

**प्रतिवादीलाई अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपि उपलब्ध गराए नगराएको (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | उपलब्ध गराएको | उपलब्ध नगराएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | १६ | ६ | |
| २ | ललितपुर | २ | २ | ० | |
| ३ | भक्तपुर | ६ | ६ | ० | |
| ४ | कैलाली | १ | | १ | |
| ५ | कञ्चनपुर | ८ | १ | ७ | |
| ६ | बाँके | ८ | १ | ७ | |
| ७ | रुपन्देही | ४ | ० | ४ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | १ | ० | |
| ११ | पर्सा | १ | १ | ० | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ८ | १ प्रतिवादी उपस्थित नभएको |
| | **जम्मा** | ८०(१००%) | २८(३५%) | ५१(६३.७५%) | १(१.२५%) |

मुद्दागत आधारमा हेर्दा निम्नबमोजिम देखिन्छ ।

**तालिका नं. २३**

**प्रतिवादीलाई अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपि उपलब्ध गराए नगराएको (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | मुद्दा संख्या | उपलब्ध गराएको | उपलब्ध नगराएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | १ | |
| २ | सार्वजनिक अपराध | ४ | २ | २ | |
| ३ | रहजनी चोरी | १ | ० | १ | |
| ४ | मानव अपहरण | १ | ० | १ | |
| ५ | मानव बेचविखन | १ | ० | १ | |
| ६ | भवितव्य ज्यान | १ | ० | १ | |
| ७ | नकवजनी चोरी | ९ | ५ | ४ | |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | २ | १ | |
| ९ | जवरजस्ती करणी | २८ | ३ | २५ | |
| १० | ज्यान मार्ने उद्योग | ५ | ३ | २ | |
| ११ | पशु वन्यजन्तु मारेको | १ | ० | १ | |
| १२ | लागूऔषध | ३ | ० | २ | १ प्रतिवादी उपस्थित नभएको |
| १३ | चोरी | १५ | १० | ५ | |
| १४ | कर्तव्य ज्यान | ६ | ३ | ३ | |
| १५ | गोवध | १ | ० | १ | |
| | **जम्मा** | ८०(१००%) | २८ (३५%) | ५१ (६३.७५%) | १ (१.२५%) |

उपरोक्तानुसार ३५ प्रतिशत मुद्दामा प्रतिलिपि उपलब्ध गराएको र ६३.७५ प्रतिशत मुद्दामा उपलब्ध नगराएको र १.२५ प्रतिशत मुद्दामा प्रतिवादी उपस्थित नभएको देखिन्छ ।

### ३.१५ थुनछेक आदेशसम्बन्धी विवरण

बाल इजलासबाट हेरिने सरकारवादी फौजदारी मुद्दा अदालतमा दायर भएपश्चात् अभियोगपत्र साथ

उपस्थित गराइएका प्रतिवादीको बयान गराएपश्चात् थुनछेक आदेश गरिन्छ । थुनछेक आदेशको क्रममा मुद्दाको अवस्थाअनुसार प्रतिवादीलाई थुनामा राखी, निजसँग धरौट लिएर तारेखमा राखी वा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गरिन्छ । बालबालिकाको हकमा भने त्यस्ता किसिमका बालबालिकालाई निजका अभिभावक वा कुनै संघसंस्थाको जिम्मामा दिएर पनि मुद्दाको पुर्पक्ष गर्न सकिने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ मा रहेको छ । तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने कसूरका अभियुक्तहरु र त्यस्तो कसूरको उद्योग, दुरुत्साहन वा षडयन्त्र गरेको मतियारलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने वा त्यस्तो प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म त्यस्ता मुद्दाका अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने व्यवस्था छ ।[२६] नेपालमा स्थायी बसोवास नभएको अभियुक्तका सम्बन्धमा भने तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने कसूरको कसूरदार हो भन्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा निजलाई पनि थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न सकिने हुन्छ । यस्तो अवस्था वाहेक अन्य मुद्दाका अभियुक्तलाई धरौटी लिएर वा धरौटी नलिई साधारण तारेखमा राख्न सकिने व्यवस्था छ ।[२७] थुनछेकसम्बन्धी यस्तो व्यवस्थाको परिप्रेक्षमा बाल इजलासबाट भएका थुनछेक आदेशसम्बन्धी विवरण पनि हेर्ने प्रयास गरिएको थियो । जसलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

**अ) थुनछेकको आदेश गर्न लागेको समयावधि**

जिल्लागत आधारमा थुनछेक गर्न लागेको समयावधिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं.२४**

**थुनछेक आदेश गर्न लागेको समयावधि (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | प्रतिवादी संख्या | उपस्थित गराइएका प्रतिवादी संख्या | अभियोगपत्र दायर भएको १ दिनभित्र | अभियोगपत्र दायर भएको २ दिनभित्र | अभियोगपत्र दायर भएको २ दिनभन्दा बढी |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | २२ | ० | ९ | १३ |
| २ | ललितपुर | ४ | ४ | ० | ४ | ० |
| ३ | भक्तपुर | ११ | ११ | ० | ६ | ५ |
| ४ | कैलाली | १ | १ | ० | १ | ० |
| ५ | कञ्चनपुर | ११ | ९ | ० | ९ | ० |

२६ मुलुकी ऐन, अ.बं. ११८ नं. ।

२७ ऐ. ऐ. ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | बाँके | ११ | १० | ३ | ४ | ३ |
| ७ | रुपन्देही | ४ | ४ | ४ | ० | ० |
| ८ | पाल्पा | ४ | ४ | २ | २ | ० |
| ९ | झापा | ५ | ५ | ३ | २ | ० |
| १० | चितवन | १ | १ | ० | ० | १ |
| ११ | पर्सा | १ | १ | १ | | ० |
| १२ | गोरखा | २ | २ | ० | २ | ० |
| १३ | सुर्खेत | २ | २ | ० | १ | १ |
| १४ | सुनसरी | २ | २ | १ | १ | ० |
| १५ | ओखलढुङ्गा | १ | १ | १ | | ० |
| १६ | जाजरकोट | २ | १ | ० | ० | १ |
| १७ | मोरङ | १० | ९ | ५ | ४ | ० |
| | **जम्मा** | **९७** | **८९** | **२०** | **४५** | **२४** |

अध्ययन गरिएका ८० मुद्दामा ९७ जना प्रतिवादी बालबालिकाहरु रहेका छन् । यी बालबालिकामध्ये अभियोगपत्रसाथ ८९ जना मात्र उपस्थित गराएको देखिन्छ । ८९ जना मध्ये अभियोगपत्र दायर भएको १ दिनभित्र २० जनाको, २ दिनभित्र ४५ जनाको र २ दिनभन्दा बढी समय लगाई २४ जनाको थुनछेक आदेश गरेको देखिन्छ ।

मुद्दागत आधारमा थुनछेक गर्न लागेको समयावधिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं.२५**

**थुनछेक आदेश गर्न लागेको समयावधि (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | प्रतिवादी संख्या | उपस्थित गराइएका प्रतिवादी | अभियोग पत्र दायर भएको १ दिन भित्र | अभियोग पत्र दायर भएको २ दिन भित्र | अभियोग पत्र दायर भएको २ दिनभन्दा बढी |
|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | १ | १ | | ० |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सार्वजनिक अपराध | ५ | ५ | ० | ० | ५ |
| ३ | रहजनी चोरी | १ | ० | ० | ० | ० |
| ४ | मानव अपहरण | १ | १ | १ | | ० |
| ५ | मानव बेचविखन | १ | १ | ० | १ | ० |
| ६ | भवितव्य ज्यान | १ | १ | | १ | ० |
| ७ | नकवजनी चोरी | १३ | १३ | ३ | ९ | १ |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | ३ | १ | २ | |
| ९ | जवरजस्ती करणी | ३० | २९ | ८ | १६ | ५ |
| १० | ज्यान मार्ने उद्योग | ५ | ५ | १ | ३ | १ |
| ११ | पशु वन्यजन्तु मारेको | १ | १ | १ | ० | ० |
| १२ | लागूऔषध | ३ | २ | ० | २ | ० |
| १३ | चोरी | २५ | २० | २ | १० | ८ |
| १४ | कर्तव्य ज्यान | ६ | ६ | २ | १ | ३ |
| १५ | गोवध | १ | १ | ० | ० | १ |
| | **जम्मा** | ९७ | ८९ | २० | ४५ | २४ |

प्रस्तुत तालिका हेर्दा केही सार्वजनिक अपराध मुद्दामा ५ प्रतिवादी मध्ये ५ जना, नकवजनी चोरी मुद्दाका १३ प्रतिवादी मध्ये १ जना, जवरजस्ती करणी मुद्दाका १३ प्रतिवादीमध्ये ५ जना, ज्यान मार्ने उद्योगका ५ प्रतिवादी मध्ये १ जना र चोरी मुद्दाका २० प्रतिवादी मध्ये ८ जना गरी जम्मा २४ जना प्रतिवादीको थुनछेक आदेश गर्न २ दिनभन्दा बढी समायावधि लागेको देखिन्छ ।

समग्रमा हेर्दा थुनछेक गर्न लागेको समयावधिलाई निम्नबमोजिमको चार्टमा प्रतिशत देखाउन सकिन्छ ।

**चार्ट नं. १०**

**थुनछेक आदेश गर्न लागेको समयावधि**




### आ) थुनछेक आदेशको प्रकृति

बाल इजलासबाट भएका थुनछेक आदेशको प्रकृति निम्नबमोजिम देखिन्छ ।

**तालिका नं.२६**

**थुनछेक आदेशको प्रकृति (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | प्रतिवादी संख्या | थुनछेक आदेश गरेका प्रतिवादी संख्या | सुधार गृहमा पठाउने | धरौटी माग | साधारण तारेख | संरक्षकको जिम्मा लगाउने | कारागारमा राख्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | १ | ० | १ | ० | ० | ० | |
| २ | सार्वजनिक अपराध | ५ | ५ | ० | ० | २ | ३ | ० | |
| ३ | रहजनी चोरी | १ | ० | ० | ० | ० | ० | ० | |
| ४ | मानव अपहरण | १ | १ | १ | ० | ० | ० | ० | |
| ५ | मानव बेचविखन | १ | १ | ० | ० | ० | १ | ० | |
| ६ | भवितव्य ज्यान | १ | १ | ० | ० | ० | १ | ० | |
| ७ | नकवजनी चोरी | १३ | १३ | ० | ८ | ० | ५ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | जवरजस्ती करणी उद्योग | ३ | ३ | १ | १ | ० | १ | ० | |
| ९ | जवरजस्ती करणी | ३० | ३० | १६ | ४ | २ | ७ | १ | |
| १० | ज्यान मार्ने उद्योग | ५ | ५ | १ | १ | ० | ३ | ० | |
| ११ | पशु वन्यजन्तु मारेको | १ | १ | ० | ० | ० | १ | ० | |
| १२ | लागूऔषध | ३ | २ | ० | १ | | ० | १ | |
| १३ | चोरी | २५ | २२ | ० | ११ | २ | ९ | ० | |
| १४ | कर्तव्य ज्यान | ६ | ६ | ३ | | ० | २ | १ | |
| १५ | गोवध | १ | १ | ० | ० | १ | ० | ० | |
| | जम्मा | **९७** | **९२** | **२२** | **२७** | **७** | **३३** | **३** | |

*नोट : काठमाडौ जिल्ला अदालतमा रहजनी चोरी मुद्दामा एकजना अनुसन्धानको क्रममा भागी अदालतमा उपस्थित नभएको, मोरङ जिल्ला अदालतमा लागूऔषध मुद्दामा एक जनाको हकमा अनुसन्धानको क्रममा बन्दीप्रत्यक्षीकरणको निवेदन परी संरक्षकको जिम्मा लगाउने गरी आदेश भई संरक्षकको जिम्मामा गएकोमा पछि हाजिर नभएको, कञ्चनपुर जिल्ला अदालतमा २ जना चोरी मुद्दामा अरुनै मुद्दाबाट थुनछेक भएको तथा जाजरकोट जिल्ला अदालतमा चोरी मुद्दामा १ जना अनुसन्धानको क्रममा फरार भई उपस्थित नभएको ।*

जम्मा ९७ जना प्रतिवादीहरु रहेकोमा अदालतमा उपस्थित भएका ९२ जना प्रतिवादीहरुको हकमा मात्रै थुनछेकको आदेश भएको देखिन्छ । ५ जना प्रतिवादी अदालतमा उपस्थितनै नभई फरार भएको अवस्था रहेको छ । ९७ जना प्रतिवादीमध्ये मानव अपहरण मुद्दाको १, जजरजस्ती करणी उद्योग मुद्दामा १, जवरजस्ती करणीमा १६, ज्यान मार्ने उद्योगमा १, र कर्तव्य ज्यान मुद्दामा ३ गरी जम्मा २२ जनालाई बाल सुधार गृहमा राख्ने, सवारी ज्यान मुद्दामा १, नकवजनी चोरी मुद्दामा ८, जवरजस्ती करणी उद्योग मुद्दामा १, जवरजस्ती करणी मुद्दामा ४,ज्यान मार्ने उद्योग मुद्दामा १, लागूऔषध १ र चोरी मुद्दामा ११ गरी जम्मा २७ जनालाई धरौटी तारेख, केही सार्वजनिक अपराध मुद्दामा २, जवरजस्ती करणी मुद्दामा २, चोरी मुद्दामा २, र गोबध मुद्दामा १ गरी जम्मा ७ जना प्रतिवादीलाई साधारण तारेखमा, सार्वजनिक अपराधमा ३, मानव बेचबिखनमा १, भवितव्य ज्यानमा १, नकवजनी चोरीमा ५, जवरजस्ती करणी उद्योगमा १, जवरजस्ती करणीमा ७, ज्यान मार्ने उद्योग मुद्दामा ३, पशु बन्यजन्तु मारेको मुद्दामा १, चोरी मुद्दामा ९ र कर्तव्य ज्यान मुद्दामा २ गरी जम्मा ३३ जना प्रतिवादीलाई संरक्षकको जिम्मा तथा जवरजस्ती करणीमा १, कर्तव्य ज्यान मुद्दामा १, र लागूऔषध मुद्दामा १ गरी जम्मा ३ जना प्रतिवादीलाई कारागारमा राख्ने गरी आदेश भएको पाइन्छ ।

**तालिका नं. २७**

**थुनछेक आदेशको प्रकृति (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | प्रतिवादी संख्या | थुनछेक आदेश गरेका प्रतिवादीसंख्या | सुधार गृहमा पठाउने | धरौटी माग | साधारण तारेख | संरक्षकको जिम्मा लगाउने | कारागारमा राख्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | २४ | ३ | १३ | २ | ६ | ० | |
| २ | ललितपुर | ४ | ४ | ० | ० | ० | ३ | १ | |
| ३ | भक्तपुर | ११ | ११ | ० | १ | ० | १० | ० | |
| ४ | कैलाली | १ | १ | ० | ० | ० | १ | ० | |
| ५ | कञ्चनपुर | ११ | ९ | ० | ३ | २ | ४ | ० | |
| ६ | बाँके | ११ | ११ | ३ | ३ | १ | ३ | १ | |
| ७ | रुपन्देही | ४ | ४ | २ | १ | १ | ० | ० | |
| ८ | पाल्पा | ४ | ४ | ४ | | ० | ० | ० | |
| ९ | झापा | ५ | ५ | ४ | १ | ० | ० | ० | |
| १० | चितवन | १ | १ | १ | | ० | ० | ० | |
| ११ | पर्सा | १ | १ | | १ | ० | ० | ० | |
| १२ | गोरखा | २ | २ | १ | १ | ० | ० | ० | |
| १३ | सुर्खेत | २ | २ | ० | ० | ० | २ | ० | |
| १४ | सुनसरी | २ | २ | १ | | १ | ० | ० | |
| १५ | ओखलढुङ्गा | १ | १ | ० | ० | ० | १ | ० | |
| १६ | जाजरकोट | २ | १ | ० | ० | ० | १ | | |
| १७ | मोरङ | १० | ९ | ३ | ३ | ० | २ | १ | |
| | **जम्मा** | **९७** | **९२** | **२२** | **२७** | **७** | **३३** | **३** | |


*नोट : काठमाडौ जिल्ला अदालतमा रहजनी मुद्दामा एकजना अनुसन्धानको क्रममा भागी अदालतमा उपस्थित नभएको, मोरङ जिल्ला अदालतमा लागूऔषध मुद्दामा एक जनाको हकमा अनुसन्धानको क्रममा बन्दीप्रत्यक्षीकरणको निवेदन परी संरक्षकको जिम्मा लगाउने गरी आदेश भई संरक्षकको जिम्मामा गएकोमा पछि हाजिर नभएको, कञ्चनपुर जिल्ला अदालतमा २ जना चोरी मुद्दामा अरुनै मुद्दाबाट थुनछेक भएको तथा जाजरकोट जिल्ला अदालतमा चोरी मुद्दामा १ जना अनुसन्धानको क्रममा फरार भई उपस्थित नभएको ।*

उपरोक्त तालिका हेर्दा सबैभन्दा धेरै पाल्पा तथा झापा जिल्ला अदालतले ४/४ जना, काठमाडौं, मोरङ तथा बाँके जिल्ला अदालतले ३/३ जना प्रतिवादीलाई बाल सुधार गृहमा पठाउने गरी आदेश गरेको देखिन्छ । ललितपुर, बाँके तथा मोरङ जिल्ला अदालतले १/१ जना प्रतिवादीलाई कारागारमा राख्ने गरी आदेश गरेको पाइयो ।

समग्र रुपमा थुनछेक आदेशको प्रकृति निम्नबमोजिमको चार्टमा प्रतिशत देखाइएको छ ।

**चार्ट नं. ११**

**थुनछेक आदेशको प्रकृति**




### ३.१६ अदालती बन्दोबस्तको महलको १७ नम्बरबमोजिमको निवेदनसम्बन्धी विवरण

पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको कामकारवाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुरा कुनै झगडियाको निवेदनबाट वा अरु कुनै किसिमबाट थाहा पाएमा आवश्यकताअनुसार सो मुद्दाको मिसिलसमेत झिकी कैफियत तलब गरी म्याद नघाएको वा बेरित भएको देखिएमा कानूनबमोजिम गर्नु गर्न लगाउनु पर्छ भन्ने व्यवस्था मुलुकी ऐन, अ.बं. १७ नं. मा रहेको छ। यसै गरी अड्डाले कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छाड्दा वा कुनै अभियुक्तसँग धरौट वा जमानत लिदा कारणसहितको पर्चा खडा गर्नु पर्छ। सो पर्चामा चित्त नबुझ्नेले पुनरावेदन दिने अड्डामा निवेदन दिन सक्नेछ भन्ने व्यवस्था मुलुकी ऐन, अ.बं. १२४ग नं. मा रहेको छ। जिल्ला अदालतमा थुनछेक सम्बन्धमा आदेश भएपछि सो आदेशमा चित्त नबुझ्नेले यी व्यवस्थाअन्तर्गत पुनरावेदन सुन्ने अड्डामा निवेदन गर्ने गरेका हुन्छन्। ती निवेदनको टुङ्गो नलागेसम्म जिल्ला अदालतमा परेका मुद्दाको बाँकी कामकारवाही स्थगित भएको हुन्छ। यसै सन्दर्भमा जिल्ला अदालतका बाल इजलासबाट भएका आदेशका सम्बन्धमा पुनरावेदन सुन्ने अड्डामा परेका निवेदन सम्बन्धमा पनि अध्ययन गरिएको थियो। त्यसको विवरण निम्नबमोजिम प्रस्तुत गरिएको छ।

**तालिका नं.२८**

**अ.बं. १७ नं. अन्तर्गतको निवेदनसम्बन्धी विवरण (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | अ.बं. १७ नं. बमोजिमको निवेदन परेको | अ.बं. १७ नं. बमोजिमको निवेदन नपरेको | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ० | २२ | |
| २ | ललितपुर | २ | ० | २ | |
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ० | ८ | |
| ६ | बाँके | ८ | १ | ७ | |
| ७ | रुपन्देही | ४ | १ | ३ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | ० | १ | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ९ | |
| | जम्मा | **८०** | **२** | **७८** | |

माथिको तालिकाबाट समग्र ८० मुद्दामा २ वटा मुद्दामा मात्र जिल्ला अदालतको बाल इजलासबाट भएको आदेशउपर पुनरावेदन अदालतमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं बमोजिमको निवेदन परेको देखिन्छ। ७८ मुद्दामा पक्षहरुले चित्त बुझाई बसेको देखिन्छ। अध्ययन गरिएका जिल्लामा रुपन्देही तथा बाँके जिल्ला अदालतको आदेश उपर मात्र यस्तो किसिमको निवेदन परेको पाइयो।

**तालिका नं. २९**

**अ.बं. १७ नं. अन्तर्गतको निवेदनसम्बन्धी विवरण** (मुद्दागत आधारमा)

| **क्र.सं.** | **जिल्ला** | **मुद्दा** | **अ.बं. १७ नं. बमोजिमको निवेदन परेको** | **निवेदन दिने पक्ष** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | रुपन्देही | जवरजस्ती करणी | १ | वादी | |
| २ | बाँके | लागूऔषध | १ | प्रतिवादी | |
| जम्मा | | | २ | | |

मुद्दागत रुपमा हेर्दा जवरजस्ती करणी र लागूऔषध मुद्दामा निवेदन परेको देखियो । निवेदन गर्ने पक्ष सम्बन्धमा हेर्दा बाँके जिल्ला अदालतको लागूऔषध मुद्दामा प्रतिवादी पक्षबाट र रुपन्देही जिल्ला अदालतको जवरजस्ती करणी मुद्दामा वादी पक्षबाट निवेदन परेको देखियो ।

### ३.१७ अदालती बन्दोबस्तको महलको ११५ नं. को प्रयोगसम्बन्धी विवरण

सामान्यतया अदालतमा चलेका मुद्दामा जसको साक्षी हो उसैले आफ्ना साक्षीलाई अदालतमा उपस्थित गराउनु पर्ने हुन्छ । मुलुकी ऐन अ.बं. ११५ नं. ले प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई वातिल गर्नु पर्छ । तर नेपाल सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ भन्ने व्यवस्था गर्नुका साथै समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई अवस्था अनुसार जरीवाना वा कैद पनि हुने अवस्था गरिएको छ । बाल इजलासबाट हेरिने मुद्दाहरु बालबालिका प्रतिवादी भएका मुद्दाहरु रहेका छन् । यस्ता किसिमका मुद्दाहरुमा तोकिएको माथि उल्लेखित व्यवस्था अनुसार तारेखमा हाजिर नहुने साक्षीको हकमा पुनः म्याद जारी गरी बुझ्ने प्रचलन पनि रहेको छ । यस्तो प्रचलनबाट बालबालिकाका मुद्दाहरुलाई प्राथमिकता दिनु पर्ने व्यवस्था भइरहेको सन्दर्भमा मुद्दा किनारा हुन लामो समय लाग्ने पनि हुन सक्छ । यस सन्दर्भमा बालबालिकाका मुद्दामा अ.बं. ११५ नं. को प्रयोगको अवस्था के कस्तो रहेको छ भनी अध्ययनको विषयवस्तु बनाइएको थियो जुन निम्नबमोजिम रहेको छ ।

**तालिका नं. ३०**

**अ.वं. ११५ नं. को प्रयोगको अवस्था (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | अ.बं. ११५ नं. प्रयोग भएको | अ.बं. ११५ नं. प्रयोग नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | १३ | ९ | |
| २ | ललितपुर | २ | ० | २ | |
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | २ | ६ | |
| ६ | बाँके | ८ | ० | ८ | |
| ७ | रुपन्देही | ४ | ० | ४ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | ० | १ | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ९ | |
| | जम्मा | ८० | १५ | ६५ | |
| | प्रतिशत | | १८.७५ | ८१.२५ | |

माथिको तालिका हेर्दा जम्मा ८० मुद्दामा १५ वटा मुद्दामा अ.बं. ११५ नं. को प्रयोग भएको पाइयो भने ६५ मुद्दामा यस्तो प्रयोग भएको पाइएन । अ.बं. ११५ नं. को प्रयोग गर्ने जिल्लामा काठमाडौ र कञ्चनपुर रहेको देखियो । यी जिल्लाहरुमा क्रमशः १३ तथा २ मुद्दामा यस्तो किसिमको प्रयोग गरेको देखियो । प्रतिशतको हिसावमा हेर्दा १८.७५ प्रतिशत मुद्दामा प्रयोग भएको र ८१.२५ प्रतिशत मुद्दामा प्रयोग नभएको देखियो ।

मुद्दागत रुपमा हेर्दा निम्नबमोजिम रहेको पाइन्छ ।

**तालिका नं. ३१**

**अ.वं. ११५ नं. को प्रयोगको अवस्था (मुद्दागत आधारमा)**

| **क्र.सं.** | **मुद्दा** | **मुद्दा संख्या** | **अ.बं. ११५ नं. प्रयोग भएको** | **अ.बं. ११५ नं. प्रयोग नभएको** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | १ | |
| २ | सार्वजनिक अपराध | ४ | १ | ३ | |
| ३ | रहजनी चोरी | १ | ० | १ | |
| ४ | मानव अपहरण | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मानव बेचविखन | १ | ० | १ | |
| ६ | भवितव्य ज्यान | १ | ० | १ | |
| ७ | नकबजनी चोरी | ९ | २ | ७ | |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | २ | १ | |
| ९ | जवरजस्ती करणी | २८ | २ | २६ | |
| १० | ज्यान मार्ने उद्योग | ५ | ३ | २ | |
| ११ | पशु वन्यजन्तु मारेको | १ | ० | १ | |
| १२ | लागूऔषध | ३ | ० | ३ | |
| १३ | चोरी | १५ | ५ | १० | |
| १४ | कर्तव्य ज्यान | ६ | ० | ६ | |
| १५ | गोवध | १ | ० | १ | |
| | जम्मा | **८०** | **१५** | **६५** | |
| | प्रतिशत | **१००** | **१८.७५** | **८१.२५** | |

मुद्दागत रुपमा हेर्दा जम्मा जम्मी १५ प्रकृतिका मुद्दामध्ये ६ प्रकृतिका मुद्दामा अ.बं. ११५ नं. को प्रयोग भएको पाइन्छ । यी मुद्दाहरुमा सार्वजनिक अपराध, नकवजनी चोरी, जवरजस्ती करणी उद्योग, जवरजस्ती करणी, ज्यान मार्ने उद्योग तथा चोरी मुद्दाहरु रहेका छन् ।

### ३.१८ पेशी स्थगनसम्बन्धी विवरण

अदालतमा दायर भएका मुद्दाहरु जुन कामको लागि पेशीमा चढेका हुन्छन् सो दिन सोही काम हुनु पर्ने हुन्छ । दैनिक पेशी सूचीमा चढेका मुद्दाहरुमा थाम्न पाउने म्याद बाँकी रहेको कारणबाट मात्र सो मुद्दा पेशी सूचीबाट नहट्ने, इजलासबाट खोजेको वखत पक्ष, वारिस वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित नहुने व्यवस्था रहेको छ ।[२८] तर मुद्दाको सुनुवाई हुनुभन्दा पहिला आफ्नो काबुभन्दा बाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिव कारण देखाइ मुद्दाका पक्ष वा कानून व्यवसायीले निवेदन दिएमा अदालतले बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाई


२८ जिल्ला अदालत नियमावली, २०५२ नियम ३५(१) ।

स्थगित गर्न सक्ने व्यवस्था रहेको छ ।[२९] मुद्दा स्थगन गर्ने प्रवृत्तिले मुद्दाको कामकारवाहीलाई समयमै सम्पादन गर्नमा बाधा पनि पुऱ्याउँछ । बालबालिकाका मुद्दालाई प्राथमिकता दिनु पर्ने परिवेशमा यस्ता किसिमका मुद्दामा पेशी स्थगनको प्रवृत्ति कस्तो रहेको छ भन्ने विषयलाई पनि अध्ययनमा समेटिएको थियो । यसलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

बाल इजलासमा रहेका समग्र मुद्दाको पेशी स्थगनको विवरण निम्नबमोजिम रहेको छ ।

**चार्ट नं.१२**

**पेशी स्थगनको विवरण**




बालबालिकाविरुद्धमा परेका जम्मा जम्मी ८० मुद्दामा ५८ वटा मुद्दामा पेशी स्थगन गर्ने कार्य भएको पाइएन । २१ वटा मुद्दामा मात्र पेशी स्थगन गरेको पाइयो । एक्काइस मुद्दामध्ये आठ मुद्दामा १ पटक, ६ मुद्दामा २ पटक, ४ मुद्दामा ३ पटक, तीन मुद्दामा ४ पटक र एउटा मुद्दामा ५ पटक पेशी स्थगन गरेको देखियो । प्रतिशतको आधारमा हेर्दा ७२.५ प्रतिशत मुद्दामा पेशी स्थगन गरेको पाइएन भने २७.५ प्रतिशत मुद्दामा पेशी स्थगित गरेको पाइयो ।

पेशी स्थगनमा कसको भूमिका बढी रहेको छ भन्ने सम्बन्धमा हेर्दा निम्नबमोजिम रहेको पाइयो ।

२९ ऐ. नियम ३५(२) ।

**तालिका नं. ३२**

**वादी, प्रतिवादी वा प्रतिवादीको कानून व्यवसायीबाट भएको पेशी स्थगनको पटकसम्बन्धी विवरण**

| क्र.सं. | जिल्ला | वादी पटक | प्रतिवादी पटक | प्रतिवादीको कानून व्यवसायी पटक |
|---|---|---|---|---|
| १ | काठमाडौं | २ | ० | ३ |
| २ | ललितपुर | ० | ० | ० |
| ३ | भक्तपुर | ० | ० | ० |
| ४ | कैलाली | ० | ० | ० |
| ५ | कञ्चनपुर | ० | ० | ० |
| ६ | बाँके | ० | १ | ३ |
| ७ | रुपन्देही | २ | ० | १ |
| ८ | पाल्पा | २ | ० | ० |
| ९ | झापा | ० | ० | ५ |
| १० | चितवन | ० | ० | ० |
| ११ | पर्सा | २ | ० | ० |
| १२ | गोरखा | १ | ० | ० |
| १३ | सुर्खेत | १ | ० | ० |
| १४ | सुनसरी | २ | ० | ० |
| १५ | ओखलढुङ्गा | १ | ० | ० |
| १६ | जाजरकोट | ० | ० | ० |
| १७ | मोरङ | १० | १ | ७ |
| | **जम्मा** | २३ | २ | १९ |

बालबालिकाविरुद्ध परेका मुद्दाहरुमा सबैभन्दा बढी पेशी स्थगन गर्ने कार्यमा वादी अर्थात सरकारी वकिलको भूमिका बढी देखिएको छ । समग्र ८० मुद्दामा ४४ पटक स्थगित गरिएकोमा वादी सरकारी पक्षबाट २३ पटक, प्रतिवादी स्वयं बालबालिकाको तर्फबाट २ पटक र प्रतिवादी बालबालिकाको कानून व्यवसायीको तर्फबाट १९ पटक स्थगन भएको पाइन्छ । वादी र प्रतिवादी पक्षमा मात्र विभाजन गरेर हेर्दा वादी पक्षबाट ५२.२७ प्रतिशत र प्रतिवादी पक्षबाट ४७.७३ प्रतिशत पेशी स्थगन गरेको पाइयो ।

## ३.१९ मुद्दा पेशी चढेकोसम्बन्धी विवरण

अदालतमा मुद्दा दर्ता भएपछि विभिन्न प्रयोजनको लागि मुद्दा इजलाससमक्ष पेश गर्नु पर्ने हुन्छ । मुद्दामा इन्साफसँग सम्बन्धित कार्यहरु इजलासबाट हुन्छ भने दर्ता तथा अन्य पत्राचार गर्ने कार्यहरु फाँटबाट भएको हुन्छ । ईन्साफ गर्नको लागि मुद्दामा के के प्रमाण बुझ्ने, ती प्रमाणको मुल्याङ्कन कसरी गर्ने भन्ने जस्ता कुराको निर्धारण इजलासबाटनै हुने गर्छ । मुद्दा दर्ता भएपछि फैसला हुँदासम्मका बीचमा के कति पटक पेशी चढ्ने रहेछ भन्ने विषय अध्ययनको विषयवस्तु वनाइएको थियो । बाल इजलासमा पेश हुने मुद्दा सरकारवादी हुने तथा अभियोगपत्र साथ प्रतिवादी उपस्थित गराइएकोमा शुरुमानै थुनछेक आदेश हुने गर्दछ । सबै प्रतिवादी उपस्थित भइसकेको अवस्थामा सो पेशीमानै प्रमाण बुझ्नेसमेत आदेश हुने गर्दछ । प्रस्तुत अध्ययनमा थुनछेकको लागि चढेको पेशीलाई गणना गरिएको छैन । अन्य पेशी चढेको विवरण निम्नबमोजिम रहेको छ ।

**तालिका नं. ३३**

**पेशी चढेको पटकको विवरण**

| मुद्दा संख्या | १ पटक | | २ देखि ४ पटक | | ५ देखि ६ पटक | | ६ देखि ८ पटक | | ८ पटकभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८० | ६ | ७.५% | ५० | ६२.५% | १४ | १७.५% | २ | २.५% | ८ | १०% |

माथिको तालिका हेर्दा ७.५ प्रतिशत मुद्दाहरु १ पटकको पेशीमानै फैसला भएका, ६२.५ प्रतिशत मुद्दाहरु २ देखि ४ पटकको पेशीमा फैसला, १७.५ प्रतिशत मुद्दाहरु ५ देखि ६ पटकको पेशीमा फैसला, ६ देखि ८ पटकको पेशीमा २.५ प्रतिशत र ८ पटकभन्दा बढी पटक पेशीमा चढेका मुद्दाहरु १० प्रतिशत भएका रहेको पाइयो । धेरै पटक पेशी चढेका मुद्दामा मोरङ जिल्ला अदालतको १५२ नं. को जवरजस्ती करणी मुद्दा ३० पटक, सोही जिल्ला अदालतमै अरु दुई मुद्दा क्रमशः २२ तथा १५ पटकसम्म पेशीमा चढेपछि फैसला भएको पाइयो ।

## ३.२० प्रमाण बुझ्नको लागि आदेश भएको पटकको विवरण

मुद्दा इजलाससमक्ष पेश भएपछि प्रमाण बुझ्ने आदेश हुने गर्दछ । आदेश गर्दा बुझ्नु पर्ने कुराहरुको एकै पटक आदेश गर्ने मान्यता रहेकोछ । तर पनि आदेश पटक पटक गर्ने गरेकाले मुद्दामा अनावश्यक ढिलासुस्ती हुने गरेको गुनासो पनि सुनिन्छ । कतिपय मुद्दामा प्रमाण बुझ्ने आदेश एकै पटक गर्न नसकिने अवस्था पनि आउँछ । धेरै पटक आदेश हुँदैमा सबै अनावश्यकनै हुन् भन्ने पनि होइन । बालबालिकाका मुद्दाहरु विशेष प्राथमिकताका मुद्दामा पर्ने भएकोले यस्ता मुद्दामा इजलासबाट गर्ने आदेशको अवस्था के कस्तो रहेछ भन्ने कुरा पनि अध्ययनको विषयवस्तु बनाइएको थियो । यससम्बन्धी विवरण निम्नबमोजिम रहेको छ ।

**तालिका नं. ३४**

**प्रमाण बुझ्नको लागि आदेश भएको पटकको विवरण**

| मुद्दा संख्या | थुनछेकको अवस्थामा आदेश | | १ पटक | | २ देखि ३ पटक | | ४ देखि ५ पटक | | ५ पटकभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८० | १४ | १७.५ % | ३२% | ४०% | २६ | ३२.५ % | ६ | ७.५ % | २ | २.५% |

समग्र ८० मुद्दामध्ये १४ मुद्दामा थुनछेकको अवस्थामानै प्रमाण बुझ्ने आदेश सम्पन्न भएको पाइन्छ । यो १७.५ प्रतिशत रहेको छ । १ पटक मात्र मादेश भएका मुद्दा ४० प्रतिशत, २ देखि ३ पटक ३२.५ प्रतिशत, ४ देखि ५ पटक ७.५ प्रतिशत र ६ पटकभन्दा बढी २.५ प्रतिशत मुद्दामा प्रमाण बुझ्ने आदेश भएको पाइन्छ ।

### ३.२१ पेशीमा चढेको मुद्दा हेर्न नभ्याइएको कारण इजलासबाट फर्किएको विवरण

मुद्दामा अंग पुगेपछि पेशी चढ्ने गर्दछ । पेशीमा चढेको मुद्दा फैसला गर्नु पर्ने हुन्छ । इजलासमा एक दिनमा हेर्न नसकिनेभन्दा बढी मुद्दा पेश भएमा पालो नआइ फर्किएर पुनः अर्को पेशी चढाउनु पर्ने हुन्छ । बालबालिकाका मुद्दामा प्राथमिकता दिनु पर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्षमा यस्ता किसिमका मुद्दाहरु छिटो किनारा लाग्नु पर्ने हुन्छ । तर पनि इजलासले हेर्न नभ्याउने गरी पेशीमा चढाउने गरी मुद्दा लम्बिने गरेको गुनासो पनि रही आएको छ । यसै सन्दर्भमा इजलासबाट हेर्न नभ्याइएको वा कुनै आदेशनै नभई फर्किएका मुद्दाको अवस्था के कसो रहेछ सो पनि अध्ययनको विषयवस्तु बनाइएको थियो । यससम्बन्धी विवरण निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं. ३५**

**हेर्न नभ्याइ इजलासबाट फर्किएको मुद्दाको विवरण**

| हेर्न नभ्याई फर्किएका मुद्दा संख्या | १ पटक | | २ पटक | | ३ देखि ४ पटक | | ४ पटकभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | ९ | ३४.६१% | २ | ७.६९% | ८ | ३०.७७% | ७ | २६.९३% |

जम्मा अध्ययन गरिएका ८० थान मुद्दामध्ये हेर्न नभ्याई फर्किएका मुद्दा संख्या २६ रहेको पाइयो । यी २६ मुद्दामध्ये एक पटक फर्किएका ९ अर्थात ३४.६१ प्रतिशत, २ पटक फर्किएका २ अर्थात ७.६९ प्रतिशत,


३ देखि ४ पटक फर्किएका ८ अर्थात ३०.७७ प्रतिशत र ४ पटकभन्दा बढी ७ अर्थात २६.९३ प्रतिशत रहेको पाइयो ।

### ३.२२ मुद्दा फैसला हुन लागेको अवधि

कुनै पनि मुद्दाको कारवाहीको शुरुआत सम्बन्धित अदालतमा दर्ता भएपछि हुन्छ भने फैसला भएपछि त्यो मुद्दाको अन्त्य भएको मानिन्छ । सामान्य कार्यविधि अपनाइने मुद्दामा मुद्दा दर्ता भएको मितिबाट फैसला गर्नु पर्ने अवधिको बारेमा केही उल्लेख भएको पाइदैन । बालबालिकासम्बन्धी मुद्दाहरुको हकमा बाल इजलासले मुद्दा दायर भएको एक सय बीस दिनभित्र फैसला गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।[३०] यस व्यवस्थाबमोजिम बाल इजलासमा मुद्दा दर्ता भएको मितिबाट फैसला हुन लागेको अवधिलाई अध्ययनको विषय बनाइएको छ । मुद्दा दर्ता मितिबाट फैसला हुन लागेको अवधिलाई देहायको चार्टमा देखाइएको छ ।

**चार्ट नं. १३**

**बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण**




मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको समग्र रुपमा हेर्दा अध्ययन गरिएका ८० मुद्दा मध्ये १ वटा मुद्दा अर्थात १.२५ प्रतिशत थुनछेकको अवस्थामा, १ वटा अर्थात १.२५ प्रतिशत मुद्दा दायर भएको १ महिनाभित्र, ८ वटा अर्थात १० प्रतिशत मुद्दा दायर भएको १ महिनादेखि ४ महिनाभित्र, ३१ अर्थात ३८.७५ प्रतिशत ४ महिनादेखि ८ महिनाभित्र, १९ वटा अर्थात २३.७५ प्रतिशत आठ महिनादेखि एक वर्षभित्र फैसला भएको पाईन्छ । यसै गरी १६ वटा अर्थात २० प्रतिशत एक वर्षदेखि दुई वर्षभित्र

३० बाल न्याय (कार्यविधि) नियमावली, २०६३ नियम १६ ।

र ४ अर्थात ५ प्रतिशत दुई वर्षभन्दा बढी अवधिमा फैसला भएको पाइयो । नियमावलीमा भएको व्यवस्थाअनुसार तोकिएको अवधि चार महिनाभित्र जम्मा १० अर्थात १२.५ प्रतिशत मुद्दा मात्र फैसला भएको देखिन्छ । बाँकी ८७.५ प्रतिशत मुद्दाहरुमा तोकिएको अवधिभन्दा बढी समय लागेको पाइन्छ ।

**तालिका नं.३६**

**बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | थुनछेक आदेशको अवस्थामा | १ महिनाभित्र | २ महिना भित्र | ४ महिना भित्र | ८ महिनाभित्र | १ वर्षभित्र | २ वर्षभित्र | २ वर्षभन्दा बढी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ० | ० | ० | १ | ७ | ९ | ५ | ० |
| २ | ललितपुर | २ | ० | ० | ०० | १ | ० | १ | ० | ० |
| ३ | भक्तपुर | ६ | ० | ० | ० | २ | ३ | १ | ० | ० |
| ४ | कैलाली | १ | ० | १ | ० | ० | ० | | ० | ० |
| ५ | कञ्चनपुर | ८ | १ | ० | ० | १ | ५ | १ | ० | ० |
| ६ | बाँके | ८ | ० | ० | ० | ० | २ | ३ | ३ | ० |
| ७ | रुपन्देही | ४ | ० | ० | ० | १ | २ | १ | | ० |
| ८ | पाल्पा | ४ | ० | ० | ० | ० | ० | १ | ३ | ० |
| ९ | झापा | ५ | ० | ० | ० | १ | ४ | ० | ० | ० |
| १० | चितवन | १ | ० | ० | ० | ० | १ | ० | ० | ० |
| ११ | पर्सा | १ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| १२ | गोरखा | २ | ० | ० | ० | ० | २ | ० | | ० |
| १३ | सुर्खेत | २ | ० | ० | ० | ० | १ | ० | १ | ० |
| १४ | सुनसरी | २ | ० | ० | ० | ० | १ | १ | | ० |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| १६ | जाजरकोट | २ | ० | ० | ० | ० | १ | ० | ० | १ |
| १७ | मोरङ | ९ | ० | ० | ० | ० | २ | १ | ३ | ३ |
| | **जम्मा** | ८० | १ | १ | ० | ८ | ३१ | १९ | १६ | ४ |

जिल्लागत आधारमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधि विश्लेषण गर्दा अभियोग पत्र दायर भई मुद्दा थुनछेकको अवस्थामा कञ्चनपुर जिल्ला अदालतबाट एउटा मुद्दा फैसला भएको पाइन्छ भने मुद्दा दायर भएको एक महिनाभित्र कैलाली जिल्ला अदालतबाट एउटा मुद्दा फैसला भएको पाईन्छ । यसै गरी नियमावलीले निर्धारण गरेको चार महिनाको म्यादभित्र काठमाडौ जिल्ला अदालतले एउटा अर्थात त्यहाँ दायर भएका २२ मुद्दाको ४.५४ प्रतिशत, ललितपुर जिल्ला अदालतले दायर भएका दुई

मुद्दामध्ये एक अर्थात ५० प्रतिशत, भक्तपुर जिल्ला अदालतले दायर भएका ५ मुद्दामध्ये २ अर्थात ३३.३३ प्रतिशत, कञ्चनपुर जिल्ला अदालतले ८ मुद्दामध्ये १ अर्थात १२.५ प्रतिशत, झापा जिल्ला अदालतले ५ मुद्दामध्ये १ अर्थात २० प्रतिशत, रुपन्देही जिल्ला अदालतले ४ मुद्दामध्ये १ अर्थात २५ प्रतिशत र ओखलढुङ्गा जिल्ला अदालतले १ मुद्दामध्ये १ अर्थात १०० प्रतिशत मुद्दा फैसला गरेको देखिन्छ ।

**तालिका नं. ३७**

**बाल इजलासमा मुद्दा दायर भएको मितिबाट फैसला हुन लागेको अवधिको विवरण** (मुद्दागत आधारमा)

| क्र.सं. | मुद्दा | मुद्दा संख्या | थुनछेक आदेशको अवस्थामा | १ महिना भित्र | २ महिना भित्र | ४ महिना भित्र | ८ महिना भित्र | १ वर्ष भित्र | २ वर्ष भित्र | २ वर्षभन्दा बढी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | ० | ० | ० | ० | १ | ० | ० |
| २ | सार्वजनिक अपराध | ४ | ० | ० | ० | ० | ३ | १ | ० | ० |
| ३ | रहजनी चोरी | १ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ४ | मानव अपहरण | १ | ० | ० | ० | ० | १ | ० | ० | ० |
| ५ | मानव बेचविखन | १ | ० | ० | ० | ० | १ | ० | ० | ० |
| ६ | भवितव्य ज्यान | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ७ | नकवजनी चोरी | ९ | ० | ० | ० | ३ | २ | | ४ | ० |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | ० | ० | ० | ० | १ | १ | १ | ० |
| ९ | जवरजस्ती करणी | २८ | ० | ० | ० | २ | १२ | ५ | ७ | २ |
| १० | ज्यानमार्ने उद्योग | ५ | ० | ० | ० | १ | ३ | १ | ० | ० |
| ११ | पशु बन्यजन्तु मारेको | १ | ० | ० | ० | ० | ० | १ | | ० |
| १२ | लागूऔषध | ३ | ० | ० | ० | ० | २ | | १ | ० |
| १३ | चोरी | १५ | १ | ० | ० | १ | ४ | ५ | २ | २ |
| १४ | कर्तव्य ज्यान | ६ | ० | ० | ० | १ | १ | ४ | ० | ० |
| १५६ | गोवध | १ | ० | ० | ० | ० | १ | ० | ० | ० |
| | **जम्मा** | ८० | १ | १ | ० | ८ | ३१ | १९ | १६ | ४ |

उपरोक्त तालिका हेर्दा थुनछेकको अवस्थामा साधारण चोरी मुद्दा १ वटा, एक महिनाभित्र भवितव्य ज्यान मुद्दा १ वटा, चार महिनाभित्र नकवजनी चोरी मुद्दा ३ वटा, जवरजस्ती करणी मुद्दा २ वटा, ज्यानमार्ने उद्योग मुद्दा १ वटा साधारण चोरी मुद्दा १ वटा र कर्तव्य ज्यान मुद्दा १ वटा गरी जम्मा ८ वटा मुद्दा फैसला


भएको देखिन्छ । दुई वर्षभन्दा बढी समयावधि लागेका मुद्दामा जवरजस्ती करणी मुद्दा २ वटा र साधारण चोरी मुद्दा २ वटा गरी जम्मा ४ वटा रहेको पाइयो ।

### ३.२३ फैसलाको प्रकृति

बाल इजलासमा पेश हुने मुद्दाहरुमा सरकारवादी फौजदारी मुद्दाहरु रहेका छन् । यस्ता किसिमका मुद्दाहरुमा बाल इजलासले फैसला गर्दा बालबालिकाउपर लागेको अभियोग ठहर गर्ने, उनीहरुलाई अभियोगबाट सफाई दिने तथा उनीहरुउपर लागेको अभियोग सम्बन्धमा मुद्दा परिवर्तन गरी अन्य मुद्दा कायम गर्ने फैसला हुने गर्दछ । बाल इजलासबाट भएका फैसलाको प्रकृति निम्नबमोजिमको चार्टमा देखाइएको छ ।

**चार्ट नं. १४**

**बाल इजलासबाट भएको फैसलाको प्रकृति**




प्रस्तुत चार्ट हेर्दा जम्मा ८० मुद्दामध्ये ५६ वटा मुद्दामा प्रतिवादी बालबालिकाउपर अभियोग ठहर भएको छ । आंशिक ठहरलाई पनि ठहरमा समावेश गरिएको छ । १७ मुद्दामा प्रतिवादीले सफाई पाएका छन् भने ७ वटा मुद्दामा मुद्दा परिवर्तन भएको छ । मुद्दा परिवर्तनमा जवरजस्ती करणीबाट जवरजस्ती करणी उद्योगमा ३ वटा जजरजस्ती करणीबाट आसय करणीमा १ वटा तथा ज्यानमार्ने उद्योगबाट कुटपिटमा ३ वटा मुद्दा परिवर्तन भएका छन् । समग्र मुद्दामा ७० प्रतिशतमा ठहर, २१.२५ प्रतिशत सफाई र ८.७५ प्रतिशत मुद्दा परिवर्तन भएको देखिन्छ ।

**तालिका नं.३८**

**बाल इजलासबाट भएको फैसलाको प्रकृति (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | मुद्दा संख्या | ठहर | सफाई | मुद्दा परिवर्तन |
|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | १ | ० | ० |
| २ | सार्वजनिक अपराध | ४ | १ | ३ | ० |
| ३ | रहजनी चोरी | १ | १ | ० | ० |
| ४ | मानव अपहरण | १ | १ | ० | ० |
| ५ | मानव बेचविखन | १ | १ | ० | ० |
| ६ | भवितव्य ज्यान | १ | ० | १ | ० |
| ७ | नकवजनी चोरी | ९ | ७ | २ | ० |
| ८ | जवरजस्ती करणी उद्योग | ३ | १ | २ | ० |
| ९ | जवरजस्ती करणी | २८ | २१ | ३ | ४ |
| १० | ज्यानमार्ने उद्योग | ५ | २ | ० | ३ |
| ११ | पशु बन्यजन्तु मारेको | १ | ० | १ | ० |
| १२ | लागूऔषध | ३ | २ | १ | ० |
| १३ | चोरी | १५ | १३ | २ | ० |
| १४ | कर्तव्य ज्यान | ६ | ५ | १ | ० |
| १५ | गोवध | १ | ० | १ | ० |
| | **जम्मा** | **८०** | **५६** | **१७** | **७** |

प्रस्तुत तालिका हेर्दा सवारी ज्यान मुद्दा १ वटा भएकोमा सो ठहर भएको, सार्वजनिक अपराध मुद्दा ४ वटा मध्ये १ वटामा ठहर र ३ वटामा सफाई भएको, रहजनी चोरी मुद्दा १ वटा भएकोमा सो ठहर भएको, मानव अपहरण मुद्दा १ वटा भएकोमा सो ठहर भएको, मानव बेचबिखन मुद्दा १ वटा भएकोमा सो ठहर भएको, भवितव्य ज्यान मुद्दा १ वटा भएकोमा सोमा सफाई भएको, नकवजनी चोरी मुद्दा ९ वटा भएकोमा सो मध्ये ७ वटामा ठहर र २ वटामा सफाई भएको, जवरजस्ती करणी उद्योग मुद्दा ३ वटा भएकोमा सोमध्ये १ वटामा ठहर र २ वटामा सफाई भएको, जवरजस्ती करणी मुद्दा २८ वटा भएकोमा सोमध्ये २१ वटामा ठहर, ३ वटामा सफाई र ४ वटा मुद्दा परिवर्तन भएको, ज्यानमार्ने उद्योग मुद्दा ५ वटा भएकोमा सोमध्ये २ वटामा ठहर र ३ वटा मुद्दा परिवर्तन भएको, पशु बन्यजन्तु मारेको मुद्दा १ वटा भएकोमा सोमा सफाई भएको, लागूऔषध मुद्दा ३ वटा भएकोमा सो मध्ये २ वटामा ठहर र १ वटामा सफाई भएको, साधारण चोरी मुद्दा १५वटा भएकोमा सोमध्ये १३ वटामा ठहर र २ वटामा सफाई भएको, कर्तव्य ज्यान मुद्दा ६ वटा भएकोमा सोमध्ये ५ वटा मा ठहर र १ वटामा सफाई भएको र गोबध मुद्दा १ वटा भएकोमा सोमा सफाई भएको देखिन्छ ।

उपरोक्तबमोजिम कसूर ठहर भएका मुद्दामा तोकिएको सजायको प्रकृति निम्नबमोजिम रहेको देखिन्छ :-

**तालिका नं. ३९**

**कसूर ठहर भएको अवस्थामा सजायको प्रकृति (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | ठहर भएका मुद्दा संख्या | कैद | जरिवाना | कैद र जरिवाना दुवै | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | १० | २ | | ७ | १ मा कागज गराई छाड्ने |
| २ | ललितपुर | २ | १ | ० | १ | ० |
| ३ | भक्तपुर | ५ | १ | ० | ४ | ० |
| ४ | कञ्चनपुर | ७ | ३ | १ | ३ | ० |
| ५ | बाँके | ६ | ३ | १ | २ | ० |
| ६ | रुपन्देही | २ | २ | ० | ० | ० |
| ७ | पाल्पा | २ | २ | ० | ० | ० |
| ८ | झापा | ५ | ५ | ० | ० | ० |
| ९ | चितवन | १ | १ | ० | ० | ० |
| १० | गोरखा | २ | १ | ० | १ | ० |
| ११ | सुर्खेत | २ | २ | ० | ० | ० |
| १२ | सुनसरी | १ | १ | ० | ० | ० |
| १३ | ओखलढुङ्गा | १ | १ | ० | ० | ० |
| १४ | जाजरकोट | २ | १ | ० | १ | ० |
| १५ | मोरङ | ८ | ५ | ० | ३ | ० |
| | **जम्मा** | **५६** | **३१** | २ | २२ | ० |

*नोट : जवरजस्ती करणीबाट जवरजस्ती करणीको उद्योगमा मुद्दा परिवर्तन भएका तीन वटा मुद्दामासमेत कैद सजाय भएको छ ।*

उपरोक्त तालिका हेर्दा सबैभन्दा धेरै कैदको सजाय भएको जिल्लामा मोरङ तथा झापा जिल्ला अदालतमा क्रमशः ५/५ वटा मुद्दामा कैदको सजाय भएको देखिन्छ । कैद तथा जरीवाना दुबै हुने गरी काठमाडौमा १० वटा तथा भक्तपुरमा ४ वटा मुद्दामा फैसला भएको पाइयो ।

**तालिका नं. ४०**

**कसूर ठहर भएको अवस्थामा सजायको प्रकृति (मुद्दागत आधारमा)**

| क्र.सं. | मुद्दा | ठहर मुद्दा संख्या | कैद | जरिवाना | कैद जरिवाना दुवै | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सवारी ज्यान | १ | ० | ० | १ | |
| २ | सार्वजनिक अपराध | १ | ० | ० | ० | कागज गराउने |
| ३ | रहजनी चोरी | १ | ० | ० | १ | |
| ४ | मानव अपहरण | १ | १ | ० | ० | |
| ५ | मानव बेचविखन | १ | १ | ० | ० | |
| ६ | नकवजनी चोरी | ७ | | | ७ | |
| ७ | जवरजस्ती करणी उद्योग | १ | १ | ० | ० | |
| ८ | जवरजस्ती करणी | २१ | २१ | ० | ० | |
| ९ | ज्यान मार्ने उद्योग | २ | २ | | ० | |
| १० | लागूऔषध | २ | १ | १ | ० | |
| ११ | चोरी | १३ | ० | ० | १३ | |
| १२ | कर्तव्य ज्यान | ५ | ४ | १ | ० | |
| | **जम्मा** | **५६** | **३१** | **२** | **२२** | |

*नोट : जवरजस्ती करणीबाट जवरजस्ती करणीको उद्योगमा मुद्दा परिवर्तन भएका तीन वटा मुद्दामासमेत कैद सजाय भएको छ ।*

उपरोक्त तालिका बाट ठहर भएका जम्मा ५६ वटा मुद्दामध्ये ३१ वटा मुद्दामा कैद, २ वटा मुद्दामा जरिवाना, २२ वटा मुद्दामा कैद र जरिवाना दुवै तथा १ वटा मुद्दामा आइन्दा यस्तो कार्य नगर्ने भनी कागज गराई छाड्ने फैसला भएको देखिन्छ ।

### ३.२४ सजाय स्थगनसम्बन्धी विवरण

बाल न्यायको सन्दर्भमा सञ्चालित हुने न्यायिक कारवाही सकेसम्म अनौपचारिक रुपबाट सञ्चालन गर्ने मान्यता रहेको छ । कुनै कसूर गरेको भनी अभियोग लागेका बालबालिकाको मुद्दा सम्भव भएसम्म औपचारिक न्यायिक निकायभन्दा बाहिरबाटै समाधान गरिनु पर्छ भन्ने मान्यताअनुसार दिशान्तरको अवधारणाको विकास भएको छ । हाम्रो बाल न्याय प्रणालीमा औपचारिक रुपमा दिशान्तरको मान्यताको प्रवेश भइसकेको पाइदैन । तथापि बालबालिकासम्बन्धी ऐनको दफा ५० मा यस मान्यता अनुकुलका केही व्यवस्था भने रहेको पाइन्छ । बालबालिकाउपर लागेको अभियोग ठहर भई निजलाई कैदको सजाय हुने अवस्था भएमा बालबालिकाको शारीरिक अवस्था, निजको उमेर, कसूर गर्दाको परिस्थिति आदि विभिन्न

कारणबाट निजलाई भएको सजाय स्थगन राख्न मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखेमा त्यस्तो सजाय स्थगन राख्न सक्ने व्यवस्था रहेको छ । यो व्यवस्थाको प्रयोगको अवस्था निम्नबमोजिम रहेको देखिन्छ ।

**तालिका नं. ४१**

**कसूर ठहर भएको अवस्थामा सजाय स्थगन गरिएका मुद्दाहरुको विवरण**

| क्र.सं. | मुद्दा | कसूर ठहर भएका मुद्दा संख्या | सजाय स्थगन भएका मुद्दा संख्या |
|---|---|---|---|
| १ | नकवजनी चोरी | ७ | १ |
| २ | साधारण चोरी | १३ | ४ |
| ३ | जवरजस्ती करणी | २१ | ६ |
| ४ | कर्तव्य ज्यान | ५ | १ |
| | **जम्मा** | ४६ | १२ |

उपरोक्त तालिका हेर्दा जम्मा चार प्रकृतिका मुद्दामा सजाय स्थगन भएको देखिन्छ । जसअनुसार सबैभन्दा धेरै ६ वटा जवरजस्ती करणी मुद्दामा, ४ वटा साधारण चोरी मुद्दामा र १/१ वटा कर्तव्य ज्यान मुद्दा तथा नकवजनी चोरी मुद्दामा सजाय स्थगन भएको पाइयो ।

### ३.२५ बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा

बालबालिका शारीरिक तथा मानसिक रुपमा परिपक्व भएका हुँदैनन् । त्यसैले उनीहरुले आफ्नो उमेरजन्य स्वभावका कारण प्रकृति र परिणामनै नबुझिकन कानून विपरीतको कार्यमा संलग्न भएका हुन्छन् । कतिपय बालबालिकाले अर्काको अह्राई सिकाईमा लागेर वा लहैलहैमा लागेर त्यस्तो कार्य गर्न पुगेका हुन्छन् । त्यसैले कुनै कार्यको परिणामनै नबुझी अवोध अवस्थामा गरिएको कार्यबापतमा बालबालिकाले यस्तो कसूरजन्य कार्य गरेको भनी निजहरुको परिचयात्मक विवरण सार्वजनिक गरिदा यस्ता किसिमका बालबालिकाहरु जिन्दगीभर दागी हुनु पर्ने, सामाजिक रुपमा लाञ्छित हुनु पर्ने र अन्जानमा हुन गएको सानो गल्तीले गर्दा निजको बाँकी जीवनभर कष्ट वा संकट उत्पन्न हुनसक्ने स्थिति पैदा हुन सक्ने हुन्छ । कानूनको उल्लंघन गरेबापत बालबालिकाउपर कारवाही गर्नुको उद्देश्य निजलाई सजाय गरी सदाका लागि कलङ्कित गराउनु नभई निजहरुमा सुधारको सम्भावना खोजी समाजमा पुनर्स्थापित गराउनु रहेको हुँदा न्यायिक प्रक्रियामा संलग्न हुन आउने बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने हुन्छ । यसै गरी विशेष किसिमका मुद्दामा पीडित हुने व्यक्ति सो कसूरजन्य कार्यको परिणामस्वरुप समाजमा अपमानित, लाञ्छित तथा वहिष्कृत हुने अवस्थाबाट जोगाउनका लागि निजहरुको गोप्यता कायम गरिदिनु पर्ने हुन्छ । कसूरजन्य कार्य गरेको भनी अभियोग लगाइएका बालबालिकाका सम्बन्धमा बालबालिकासम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा खास व्यक्ति मात्र उपस्थित हुन पाउने, घटनाको विवरण प्रकाशन गर्न नपाइने, यससम्बन्धी तथ्याङ्क गोप्य रुपमा राख्नु पर्ने, बालबालिकासम्बन्धी मुद्दाको सुनुवाई बन्द

इजलासबाट गर्नु पर्ने जस्ता कानूनी व्यवस्थाहरु बालबालिकासम्बन्धी ऐनमा रहेका छन् । यसै गरी विशेष प्रकृतिका मुद्दाहरुमा पक्षको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने गरी सर्वोच्च अदालतबाट निर्देशिका पनि जारी भएको छ ।[३१] यस सम्बन्धमा बालबालिका मुद्दामा पक्षहरुको परिचयात्मक विवरण गोपनीयता राख्ने सम्बन्धमा भएको अभ्यास निम्नबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**अ) प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता**

प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता सम्बन्धमा भएको अभ्यास निम्नबमोजिम रहेको देखिन्छ ।

**तालिका नं.४२**

**प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको विवरण**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको | व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ६ | १६ | |
| २ | ललितपुर | २ | १ | १ | |
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | १ | ७ | |
| ६ | बाँके | ८ | ० | ८ | |
| ७ | रुपन्देही | ४ | १ | ३ | |
| ८ | पाल्पा | ४ | ४ | ० | |
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | ० | १ | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | २ | ० | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | २ | ० | |
| १७ | मोरङ | ९ | १ | ८ | |
| | **जम्मा** | ८० | १८ | ६२ | |


३१ निवेदिका सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको सम्वत् २०६३ सालको रिट नं. ३५६१, आदेश मिति २०६४/९/१० ।

माथिको तालिका हेर्दा जम्मा ८० वटा मुद्दाहरुमध्ये १८ वटा मुद्दामा प्रतिवादी बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको देखिन्छ भने ६२ वटा मुद्दामा गोप्य राखिएको देखिएन ।

समग्र मुद्दामा प्रतिवादी बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको प्रतिशत हेर्दा निम्नबमोजिम देखिन्छ ।

**चार्ट नं. १५**

**प्रतिवादी बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको प्रतिशत**




उपरोक्त चार्ट हेर्दा २२.५ प्रतिशत मुद्दामा प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको देखिन्छ भने ७७.५ प्रतिशत मुद्दामा गोप्य राखेको देखिँदैन ।

**आ) पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता**

पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता सम्बन्धमा भएको अभ्यास निम्नबमोजिम रहेको देखिन्छ ।

**तालिका नं. ४३**

**पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको विवरण**

| क्र.सं. | पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने मुद्दाहरु | पीडित संख्या | व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको | व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानव अपहरण | १ | ० | १ | |
| २ | मानव बेचविखन | १ | ० | १ | |
| ३ | जवरजस्ती करणी उद्योग | ३ | १ | २ | |
| ४ | जवरजस्ती करणी | २९ | १६ | १३ | |
| | **जम्मा** | ३४ | १७ | १७ | |

उपरोक्त तालिका हेर्दा पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने प्रकृतिका जम्मा चार किसिमका मुद्दामा पीडित संख्या ३४ रहेको देखियो । ३४ जना पीडितमध्ये १७ जनाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको पाइयो भने १७ जनाको हकमा नराखेको देखियो ।

जिल्लागत रुपमा हेर्दा निम्नबमोजिमको स्थिति देखिन्छ ।

**तालिका नं.४४**

**पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको जिल्लागत विवरण**

| क्र.सं. | जिल्ला | पिडित संख्या | व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको | व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखेको |
|---|---|---|---|---|
| १ | काठमाडौं | ४ | ३ | १ |
| २ | भक्तपुर | १ | १ | |
| ३ | कञ्चनपुर | ४ | १ | ३ |
| ४ | बाँके | ३ | ० | ३ |
| ५ | रुपन्देही | ३ | ० | ३ |
| ६ | पाल्पा | ४ | ४ | ० |
| ७ | झापा | ३ | १ | २ |
| ८ | चितवन | १ | १ | |
| ९ | पर्सा | १ | ० | १ |

| | | | | |
|---|---|---|---|---|
| १० | गोरखा | १ | ० | १ |
| ११ | सुर्खेत | ३ | ३ | ० |
| १२ | सुनसरी | २ | २ | ० |
| १३ | मोरङ | ४ | १ | ३ |
| | **जम्मा** | **३४** | **१७** | **१७** |

उपरोक्त विवरण हेर्दा ९ वटा जिल्ला अदालतमा पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखेको देखिन्छ भने बाँके, रुपन्देही, गोरखा तथा पर्सा जिल्ला अदालतमा गोप्य राखेको देखिएन ।

### ३.२६ कानून व्यवसायीको प्रतिनिधित्व

कुनै व्यक्तिउपर मुद्दा परेपछि त्यो मुद्दामा अपनाइने न्यायिक कारवाही प्राविधिक किसिमको हुन्छ । मुद्दामा अपनाइने कार्यविधिगत जटिलताको कारणले गर्दा कानून व्यवसायीको सहयोगबिना मुद्दाको कामकारवाहीमा पार पाउन ज्यादै मुस्किल पर्छ । त्यसकारण अदालतमा मुद्दाको सही प्रस्तुतीकरण तथा प्रतिनिधित्वका लागि मुद्दाका पक्षहरुलाई कानून व्यवसायीको अति आवश्यक पर्छ । मुद्दामा कानून व्यवसायीबाट प्रतिनिधित्व गराई पाउने विषयलाई व्यक्तिको मानवअधिकारको विषयको रुपमा पनि स्वीकार गरिएको छ । नेपालको अन्तरिम संविधानमा पनि आफूले रोजेको कानून व्यवसायीसँग परामर्श लिने तथा निजमार्फत प्रतिनिधित्व गराई पाउने विषयलाई मौलिक अधिकारको रुपमा स्वीकार गरिएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ मा कुनै बालकविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही, किनारा नगर्ने तथा बालकको कानून व्यवसायी नभएको अवस्थामा नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै ईच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाको पृष्ठभूमिमा बालबालिका प्रतिवादी भएको मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्वको अवस्था के कस्तो रहेको छ भन्ने सम्बन्धमा अध्ययन गरिएको थियो । यससम्बन्धी विवरण निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

#### अ) थुनछेकको अवस्थामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व

थुनछेकको अवस्थामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्वको विवरण निम्नबमोजिम रहेको देखिन्छ ।

**तालिका नं.४५**

**थुनछेकमा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्वको विवरण (जिल्लागत आधारमा)**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | थुनछेक भएका मुद्दा | उपस्थित भएको | उपस्थित नभएको | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | २१ | १९ | २ | |
| २ | ललितपुर | २ | २ | २ | ० | |
| ३ | भक्तपुर | ६ | ६ | ३ | ३ | |
| ४ | कैलाली | १ | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ६ | ६ | ० | |
| ६ | बाँके | ८ | ८ | ७ | १ | |
| ७ | रुपन्देही | ४ | ४ | ४ | ० | |
| ८ | पाल्पा | ४ | ४ | ४ | ० | |
| ९ | झापा | ५ | ५ | ५ | ० | |
| १० | चितवन | १ | १ | १ | ० | |
| ११ | पर्सा | १ | १ | १ | ० | |
| १२ | गोरखा | २ | २ | २ | ० | |
| १३ | सुर्खेत | २ | २ | २ | ० | |
| १४ | सुनसरी | २ | २ | २ | ० | |
| १५ | ओखलढुङ्गा | १ | १ | १ | ० | |
| १६ | जाजरकोट | २ | १ | ० | १ | |
| १७ | मोरङ | ९ | ८ | ७ | १ | |
| | **जम्मा** | **८०** | **७५** | **६६** | **९** | |
| | **प्रतिशत** | | १००% | ८८ % | १२ % | |

*नोट : काठमाडौं, मोरङ र जाजरकोटका १/१ गरी ३ मुद्दामा प्रतिवादी अदालतमा उपस्थित नभएका तथा कञ्चनपुरका २ मुद्दामा अरुनै मुद्दाबाट थुनछेक भई अध्ययन गरिएका मुद्दाबाट थुनछेक नगरिएको ।*

उपरोक्त विवरण हेर्दा दायर भएका जम्मा ८० वटा मुद्दा मध्ये ७५ वटा मुद्दामा थुनछेक आदेश भएको देखिन्छ । सो ७५ वटा मुद्दामध्ये ६६ वटा अर्थात ८८ प्रतिशत मुद्दामा थुनछेकको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व भएको पाइन्छ भने ९ वटा अर्थात १२ प्रतिशत मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व भएको देखिँदैन । थुनछेकको अवस्थामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व नभएका उक्त ९ वटा मुद्दा काठमाडौं, भक्तपुर, कैलाली, बाँके, जाजरकोट र मोरङ जिल्ला अदालतका हुन् ।

**आ) मुद्दाको कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व**

मुद्दा कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व निम्नबमोजिम देखिन्छ ।

**तालिका नं.४६**

**मुद्दा कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व**


| क्र.सं. | जिल्ला | मुद्दा संख्या | आफ्नै तर्फबाट | वैतनिक कानून व्यवसायी | सेवा प्रदायक संस्थाको तर्फबाट | नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | १९ | ० | १ | २ | |
| २ | ललितपुर | २ | २ | ० | ० | ० | |
| ३ | भक्तपुर | ६ | ५ | ० | ० | १ | |
| ४ | कैलाली | १ | ० | ० | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ३ | ४ | १ | ० | |
| ६ | बाँके | ८ | ७ | ० | ० | १ | |
| ७ | रुपन्देही | ४ | २ | २ | ० | ० | |
| ८ | पाल्पा | ४ | २ | २ | ० | ० | |
| ९ | झापा | ५ | ३ | २ | ० | ० | |
| १० | चितवन | १ | १ | ० | ० | ० | |
| ११ | पर्सा | १ | ० | १ | ० | ० | |
| १२ | गोरखा | २ | १ | १ | ० | ० | |
| १३ | सुर्खेत | २ | ० | २ | ० | ० | |
| १४ | सुनसरी | २ | ० | २ | ० | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | ० | ० | |
| १६ | जाजरकोट | २ | ० | १ | ० | १ | |
| १७ | मोरङ | ९ | ८ | ० | ० | १ | |
| | **जम्मा** | **८०** | **५३** | **१८** | **२** | **७** | |

८० वटा मुद्दामध्ये ७३ वटा मुद्दामा मात्र मुद्दाको कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्व भएको पाइयो । ७ वटा मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व रहेको पाइएन । प्रतिशतमा हेर्दा ९१.२५ प्रतिशत मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व रहेको देखियो भने ८.७५ प्रतिशत मुद्दामा प्रतिनिधित्व रहेको देखिएन । कानून व्यवसायीको प्रतिनिधित्व हेर्दा ५३ वटा मुद्दामा प्रतिवादीको आफ्नै कानून व्यवसायी रहेको, १८ मुद्दामा अदालतको तर्फबाट वैतनिक कानून व्यवसायी रहेको र २ मुद्दामा सेवा प्रदायक संस्थाको तर्फबाट कानून व्यवसायीले प्रतिनिधित्व गरेको देखियो ।

कानून व्यवसायीको प्रतिनिधित्वका सम्बन्धमा प्रतिशतमा हेर्दा निम्नबमोजिमको अवस्था देखिन्छ ।

**चार्ट नं.१६**

**प्रतिवादीका तर्फबाट नियुक्त कानून व्यवसायीको प्रकृति**




प्रस्तुत तालिकामा उल्लेख भएअनुसार ६६.२५ प्रतिशत मुद्दाहरुमा प्रतिवादीहरुको आफ्नै कानून व्यवसायीको प्रतिनिधित्व देखिन्छ। २२.५ प्रतिशत मुद्दाहरुमा अदालत तर्फबाट वैतनिक कानून व्यवसायीको प्रतिनिधित्व रहेको देखिन्छ । यसै गरी २.५ प्रतिशत मुद्दामा सेवा प्रदायक संस्थाबाट कानून व्यवसायीको प्रतिनित्व रहेको देखिन्छ भने ८.७५ प्रतिशत मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व रहेको देखिएन ।

### ३.२७ उमेर निर्धारण गर्न लिइएको आधार

बालबालिका र वयस्क छुट्याउने आधार भनेको उमेर हो । बालबालिकासम्बन्धी ऐन, २०४८ अनुसार १६ वर्षभन्दा कम उमेरको व्यक्तिलाई बालक भनिन्छ। व्यक्तिको उमेरको कारणबाट अपराधिक दायित्वमासमेत घटी बढी हुन्छ । यस कारण कुनै व्यक्ति वयस्क हो वा नाबालक हो भन्ने सम्बन्धमा यदाकदा विवाद पर्ने गर्दछ । अभियोजन पक्षले वयस्क भनी बढी उमेर देखाउने तथा प्रतिवादी पक्षले नाबालक भनी कम उमेर देखाउने प्रवृत्ति रहेको पाइन्छ । बालबालिकाको जन्ममिति यकिन हुन नसकेको अवस्थामा दर्तावाला चिकित्सकको राय लिई निजको जन्ममिति कायम गरिदिनु पर्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३(२) मा रहेको छ भने बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ मा बालकको उमेरसम्बन्धी विवाद भएमा अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, सो नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको जन्मदर्ता

प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, सो नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति र सो पनि नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेरको आधारमा उमेर निर्धारण गर्नु पर्ने व्यवस्था गरिएको छ। यस सम्बन्धमा बाल इजलासबाट भएका मुद्दाहरुको कामकारवाहीका सिलसिलामा उमेर निर्धारण गर्न के कस्तो आधार लिइएको रहेछ भन्ने सम्बन्धमा निम्नबमोजिमको अवस्था रहेको देखिन्छ।

**तालिका नं.४७**

**बालबालिकाको उमेर निर्धारण गर्न लिइएको आधार**

| क्र.सं. | जिल्ला | प्रतिवादी संख्या | प्रतिवादीको भनाई | अस्पतालको जन्म प्रमाणपत्र | स्थानीय पञ्जिकाधिकारीको जन्मदर्ता प्रमाणपत्र | विद्यालयको चारित्रिक प्रमाणपत्र | अस्पतालबाट प्रमाणित उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | २ | ० | ३ | ४ | १६ | |
| २ | ललितपुर | ४ | ० | ० | ० | ० | ४ | |
| ३ | भक्तपुर | ११ | १ | ० | ५ | ० | ५ | |
| ४ | कैलाली | १ | ० | ० | ० | १ | ० | |
| ५ | कञ्चनपुर | ११ | १ | ० | ७ | ० | ३ | |
| ६ | बाँके | ११ | ० | ० | ९ | ० | २ | |
| ७ | रुपन्देही | ४ | १ | ० | ० | १ | २ | |
| ८ | पाल्पा | ४ | ३ | ० | ० | १ | ० | |
| ९ | झापा | ५ | ० | ० | २ | २ | १ | |
| १० | चितवन | १ | ० | ० | ० | १ | ० | |
| ११ | पर्सा | १ | ० | ० | ० | १ | ० | |
| १२ | गोरखा | २ | ० | ० | ० | १ | १ | |
| १३ | सुर्खेत | २ | १ | ० | ० | १ | ० | |
| १४ | सुनसरी | २ | १ | ० | ० | १ | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | ० | १ | ० | |
| १६ | जाजरकोट | २ | १ | ० | ० | १ | ० | |
| १७ | मोरङ | १० | १ | ० | ८ | ० | १ | |
| | **जम्मा** | **९७** | **१२** | **०** | **३४** | **१६** | **३५** | **०** |

अध्ययन गरिएका ८० वटा मुद्दाका ९७ जना प्रतिवादी बालबालिकामध्ये प्रतिवादीको भनाईको आधारमा १२ जना प्रतिवादीको उमेर निर्धारण गरिएको पाइयो। अस्पतालको जन्म प्रमाणपत्रको आधारमा एउटा पनि प्रतिवादीको उमेर निर्धारण गरिएको देखिएन। यसै गरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको जन्मदर्ता प्रमाणपत्रको आधारमा ३४ जना, विद्यालयको चारित्रिक प्रमाणपत्रको आधारमा

१६ जना र अस्पतालबाट प्रमाणित उमेरको आधारमा ३५ जना प्रतिवादीको उमेर निर्धारण गरिएको देखिन्छ ।

**तालिका नं. ४८**

**प्रतिवादीको उमेरगत आधारमा बालबालिकाको उमेर निर्धारण गर्न लिइएको आधार**

| क्र.सं. | उमेर | जम्मा | प्रतिवादीको भनाई | अस्पतालको जन्म प्रमाणपत्र | स्थानीय पञ्जिकाधिकारीको जन्मदर्ता प्रमाणपत्र | विद्यालयको चारित्रिक प्रमाणपत्र | अस्पतालबाट प्रमाणित उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १४ वर्षसम्म | २२ | २ | ० | ८ | ४ | ८ | |
| २ | १५ देखि १६ वर्षसम्म | ७५ | १० | ० | २६ | १२ | २७ | |
| | **जम्मा** | **९७** | **१२** | **०** | **३४** | **१६** | **३५** | |

उमेरगत आधारमा हेर्दा १४ वर्षसम्मका जम्मा २२ जना प्रतिवादी रहेकोमा प्रतिवादीको भनाईको आधारमा २ जना, स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको जन्मदर्ता प्रमाणपत्रको आधारमा ८ जना, विद्यालयको चारित्रिक प्रमाणपत्रको आधारमा ४ जना र अस्पतालबाट प्रमाणित उमेरको आधारमा ८ जना प्रतिवादीको उमेर निर्धारण गरिएको देखिन्छ । यसै गरी १५ देखि १६ वर्षसम्मका जम्मा ७५ जना प्रतिवादीमध्ये प्रतिवादीको भनाईको आधारमा १० जना, स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी गरिएको जन्मदर्ता प्रमाणपत्रको आधारमा २६ जना, विद्यालयको चारित्रिक प्रमाणपत्रको आधारमा १२ जना र अस्पतालबाट प्रमाणित उमेरको आधारमा २७ जना बालबालिकाको उमेर निर्धारण गरिएको पाइन्छ ।

### ३.२८ धरौटी दाखिलासम्बन्धी विवरण

सरकारवादी फौजदारी मुद्दाहरुमा वादी पक्षबाट अभियोगपत्र दायर भएपछि मुद्दा पुर्पक्षको क्रममा मुद्दाको गम्भीरता तथा उक्त मुद्दामा प्राप्त प्रमाणसमेतको आधारमा अवस्थाअनुसार प्रतिवादीलाई थुनामा राखी, निजसँग धरौट मागी तारेखमा राखी तथा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरिन्छ । बालबालिका संलग्न रहेका मुद्दाहरुमा पनि यस्तो किसिमको प्रयोग हुनेगर्छ । कुनै मुद्दामा धरौट माग गरिएकोमा सम्बन्धित प्रतिवादीले धरौट दाखिला गर्न नसकेको अवस्थामा निजलाई थुनामा राखी मुद्दाको कामकारवाही अगाडि बढाइएको हुन्छ । बालबालिकाको हकमा तिनीहरुले धरौटी दाखिला गर्न नसकेको अवस्थामा बाल सुधार गृहमा पठाउने गरिन्छ । बालबालिकासँग धरौटी माग गरिएको अवस्थामा उनीहरुले धरौटी दाखिला गरी

तारेखमा रहेको वा धरौटी दाखिला गर्न नसकी बाल सुधार गृहमा वसेको अवस्था के कस्तो रहेछ भन्ने सम्बन्धमा निम्नबमोजिमको अवस्था देखिएको छ ।

**तालिका नं.४९**

**धरौटी माग गरेका बालबालिकाको धरौटी दाखिलासम्बन्धी विवरण**

| क्र.सं. | जिल्ला | प्रतिवादी संख्या | धरौट माग गरिएका प्रतिवादी संख्या | धरौटी दाखिल गरी तारेखमा रहेको | धरौटी दाखिल गर्न नसकी थुनामा रहेको | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २५ | १३ | ११ | १ | १२ | |
| २ | ललितपुर | ४ | ० | ० | ० | ० | |
| ३ | भक्तपुर | ११ | ० | ० | ० | ० | |
| ४ | कैलाली | १ | ० | ० | ० | ० | |
| ५ | कञ्चनपुर | ११ | ३ | ५ | ० | ५ | |
| ६ | बाँके | ११ | १ | २ | ० | २ | |
| ७ | रुपन्देही | ४ | १ | १ | ० | १ | |
| ८ | पाल्पा | ४ | ० | ० | ० | ० | |
| ९ | झापा | ५ | १ | ० | ० | ० | |
| १० | चितवन | १ | ० | ० | ० | ० | |
| ११ | पर्सा | १ | १ | १ | ० | १ | |
| १२ | गोरखा | २ | १ | १ | ० | १ | |
| १३ | सुर्खेत | २ | ० | ० | ० | ० | |
| १४ | सुनसरी | २ | ० | ० | ० | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | ० | ० | |
| १६ | जाजरकोट | २ | ० | ० | ० | ० | |
| १७ | मोरङ | १० | ३ | २ | ० | २ | |
| | **जम्मा** | ९७ | २४ | २३ | १ | २४ | |

अध्ययन गरिएका ८० वटा मुद्दामा संलग्न रहेका ९७ जना प्रतिवादी बालबालिका मध्ये जम्मा २४ जना प्रतिवादीहरुसंग धरौट माग गरिएको देखिन्छ । ती प्रतिवादी मध्ये २३ जना प्रतिवादी बालबालिकाले धरौटी दाखिला गरी तारेखमा रहेको देखियो भने एकजना प्रतिवादीले धरौटी दाखिला गर्न नसकी बाल सुधार गृहमा बसेको देखियो । प्रतिवादी बालबालिकाले धरौटी दाखिला गर्न नसकी बाल सुधार गृहमा बस्नु पर्ने अवस्था निकै कम देखियो ।

### ३.२९ संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा छाडिएका प्रतिवादी बालबालिकाको अदालतमा उपस्थितिसम्बन्धी विवरण

बालबालिकाविरुद्ध अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दाको पुर्पक्षको लागि थुनछेकको आदेश हुन्छ । थुनछेकको आदेश गर्दा बाल इजलासले अवस्थाअनुसार प्रतिवादी बालबालिकालाई बालसुधार गृहमा राख्ने, धरौटी लिई तारेखमा राख्ने, साधारण तारेखमा राख्ने तथा संरक्षकको जिम्मा लगाउने आदेश दिन सक्छ। कुनै पनि किसिमले तारेखमा रहेका तथा संरक्षकको जिम्मा लगाइएका प्रतिवादीहरु अदालतले तोकेको तारेखका दिन अदालतमा उपस्थित हुनु पर्ने हुन्छ। बालबालिकाको हकमा बाल इजलासमा संलग्न हुने बालमनोविज्ञ तथा समाजसेवीले सम्बन्धित बालबालिकाको मनोवैज्ञानिक लगायतका परीक्षण गरी उनीहरुको अवस्थाअनुसार सुधारका विषयमा आवश्यक राय प्रदान गर्दछन् । सो रायसमेतलाई आधारमा लिई न्यायाधीशबाट फैसला हुने गर्दछ । संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा रहेका बालबालिका अदालतले खोजेको अवस्थामा उपस्थित नभएको अवस्थामा उनीहरुको अवस्था कस्तो छ ? सुधारको संभावना छ कि छैन ? उनीहरु पुनः कानून विपरीतको कार्यमा लागेका पो छन् कि ? आदि विषयमा कुनै जानकारी हुन सक्दैन । फलस्वरुप बालबालिकाको सुधार गर्ने बाल न्यायको उद्देश्य परिपूर्ति हुन सक्दैन । यसै कुरालाई ध्यानमा राखी संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा रहेका बालबालिका अदालतले तोकेको तारेखका दिन उपस्थित हुने नहुने अवस्था के कस्तो रहेको छ भन्ने विषयलाई पनि अध्ययनको विषयवस्तु बनाइएको थियो । यसलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

#### अ) संरक्षकको जिम्मा लगाइएका बालबालिकाको अदालतमा उपस्थिति विवरण

संरक्षकको जिम्मा लगाइएका बालबालिकाको अदालतमा उपस्थिति विवरण निम्नबमोजिम देखिन्छ ।

**तालिका नं. ५०**

**संरक्षकको जिम्मा लगाइएका बालबालिकाको अदालतमा उपस्थिति विवरण**

| संरक्षकको जिम्मा लगाइएका बालबालिका संख्या | अदालतमा उपस्थित | | अदालतमा अनुपस्थित | |
|---|---|---|---|---|
| ३३ | १८ | ५४.५४% | १४ | ४२.४२% |

*नोट : एउटा मुद्दामा संरक्षकको जिम्मा छाडिएकोमा अदालतबाटनै उपस्थित हुने तारेख नतोकिएको हुँदा गणना गरिएको छैन ।*

संरक्षकको जिम्मामा लगाइएका ३३ जना प्रतिवादी बालबालिका मध्ये १८ जनालाई संरक्षकले अदालतले तोकेको तारेखमा उपस्थित गराउने गरेको देखियो भने १४ जनालाई उपस्थित नगराउने गरेको पाइयो ।

प्रतिशतको हिसावमा हेर्दा ५४.५४ प्रतिशत उपस्थित रहेको देखियो भने ४२.४२ प्रतिशत अनुपस्थित रहेको पाइयो ।

**आ) साधारण तारेखमा रहेका बालबालिकाको अदालतमा उपस्थिति विवरण**

साधारण तारेखमा रहेका बालबालिकाको अदालतमा उपस्थिति विवरण निम्नबमोजिम देखिन्छ ।

**तालिका नं.५१**

**साधारण तारेखमा रहेका बालबालिकाको अदालतमा उपस्थिति विवरण**

| साधारण तारेखमा रहेका संख्या | अदालतमा उपस्थित | | अदालतमा अनुपस्थित | |
|---|---|---|---|---|
| ७ | ५ | ७१.४३% | २ | २८.५७% |

साधारण तारेखमा रहेका प्रतिबाादी बालबालिकाको संख्या ७ रहेको पाइयो । यी बालबालिकामध्ये ५ जना अर्थात ७१.४३ प्रतिशत तोकिएको तारेखका दिन अदालतमा उपस्थित हुने गरेको पाइयो भने २ जना अर्थात २८.५७ प्रतिशत अनुपस्थित भई तारेख गुजारेको पाइयो ।

**३.३० बालबालिकासम्बन्धी मुद्दामा समाजसेवी तथा बालविशेषज्ञ वा बालमनोविज्ञको उपस्थिति विवरण**

बाल न्यायको विषय विशुद्ध रुपमा कानूनी विषय मात्र होइन । बाल न्यायको उद्देश्य भनेको बालबालिकाले कानून उल्लंघन गरेको अवस्थामा कानूनबमोजिम दण्ड दिने नभएर त्यस्तो कार्य गर्नुका पछाडि रहेका कारणहरु पत्ता लगाई ती कारणहरुको आधारमा बालबालिकालाई उपचार प्रदान गरी उनीहरुलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्ने हो । विभिन्न अध्ययनहरुबाट बालबालिका कानूनविपरितको कार्य गर्नुका पछाडि विभिन्न किसमका सामाजिक तथा मनोवैज्ञानिक कारणहरु रहने कुरा देखिएको छ । यीनै सामाजिक तथा मनोवैज्ञानिक कारणहरुका आधारमा बालबालिकालाई सुधार गर्ने उपायहरु सुझाउनका लागि न्यायाधीशलाई सहयोग गर्ने बाल अदालत वा बाल इजलासमा न्यायाधीशका अतिरिक्त समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञलाई समावेश गर्ने गरिन्छ । हाम्रो देशमा पनि बालबालिकासम्बन्धी मुद्दाहरुको कारवाही र किनारा गर्ने बाल इजलासमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी तथा बालमनोविज्ञ वा बालविशेषज्ञलाई समावेश गर्न सकिने व्यवस्था रहेको छ ।[३२] बालबालिकासम्बन्धी मुद्दाको सुनुवाई हुँदा न्यायाधीश, समाजसेवी तथा बालविशेषज्ञले सामुहिक रुपमा क्षेत्राधिकारको प्रयोग गर्ने, यसरी सुनुवाई हुँदा समाजसेवी तथा बालविशेषज्ञले आफ्नो राय न्यायाधीशसमक्ष पेश गर्ने र त्यस्तो

३२ बालबालिकासम्बन्धी ऐन, २०४८, दफा ५५ ।

राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्ने गर्दछन् ।[३३] हालसम्म २६ जिल्लामा बालविशेषज्ञ तथा समाजसेवीलाई तालीम प्रदान गरी बाल इजलासमा सहभागी गराइएको छ । उनीहरु अदालतको स्थायी कर्मचारीको रुपमा रहेका छैनन् । बाल इजलासमा उपस्थित हुने समाजसेवी तथा बालविशेषज्ञलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा उपलब्ध हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।[३४] हाल मुद्दामा उपस्थित भएको आधारमा पारिश्रमिक उपलब्ध गराउने गरिएको छ । मुद्दा सुनुवाई हुँदाका बखत अदालतबाट उनीहरुलाई सूचना गरी सुनुवाईको क्रममा उपस्थित गराइने गरिएको छ । बाल इजलासमा उनीहरुको उपस्थिति विवरण निम्नबमोजिमको रहेको छ ।

**तालिका नं.५२**

**बाल इजलासमा समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको उपस्थिति विवरण**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | थुनछेकको क्रममा | | फैसलाको क्रममा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | समाजसेवी | बालविशेषज्ञ | समाजसेवी | बालविशेषज्ञ | |
| १ | काठमाडौं | २२ | ३ | ५ | १२ | १३ | |
| २ | ललितपुर | २ | २ | ० | १ | ० | |
| ३ | भक्तपुर | ६ | ४ | ४ | ५ | ६ | |
| ४ | कैलाली | १ | ० | ० | १ | १ | |
| ५ | कञ्चनपुर | ८ | १ | १ | ६ | ६ | |
| ६ | बाँके | ८ | १ | २ | २ | २ | |
| ७ | रुपन्देही | ४ | ० | ० | ४ | ४ | |
| ८ | पाल्पा | ४ | ० | ० | ४ | ४ | |
| ९ | झापा | ५ | ० | ५ | ५ | ५ | |
| १० | चितवन | १ | १ | १ | ० | ० | |
| ११ | पर्सा | १ | ० | ० | १ | १ | |
| १२ | गोरखा | २ | ० | ० | ० | ० | |
| १३ | सुर्खेत | २ | ० | ० | २ | २ | |
| १४ | सुनसरी | २ | ० | ० | २ | ३ | |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | ० | ० | |
| १६ | जाजरकोट | २ | ० | ० | ० | ० | |
| १७ | मोरङ | ९ | ० | ० | ३ | ३ | |
| | **जम्मा** | **८०** | **१२** | **१८** | **४८** | **४९** | |

३३ बाल न्याय (कार्यविधि) नियमावली, २०६३, नियम ११ ।

३४ ऐ. नियम ९(५) ।

अध्ययनमा परेका १७ वटा जिल्लामध्ये ओखलढुङ्गा, जाजरकोट र गोरखा बाहेकका अन्य १४ जिल्लामा समाजसेवी तथा बाल विशेषज्ञहरु रहेका छन् । ती जिल्लाबाट अध्ययनको क्रममा जम्मा ७५ थान मुद्दाहरुको सुनुवाई भएको छ । यी ७५ मुद्दामध्ये थुनछेकको क्रममा जम्मा १२ वटा मुद्दामा समाजसेवीको उपस्थिति देखिन्छ भने १८ वटा मुद्दामा बालविशेषज्ञको उपस्थिति देखिन्छ । फैसलाको क्रममा ४८ मुद्दामा समाजसेवी तथा ४९ मुद्दामा बालविशेषज्ञको उपस्थिति रहेको पाइयो । समाजसेवी तथा बालविशेषज्ञहरु स्थायी कर्मचारीका रुपमा नरहेको, मुद्दाको संख्या कम भएका कारण यही पेशाबाट उनीहरुको जीवन निर्वाह हुन नसक्ने हुनाले उनीहरु अन्य पेशामा लागी काम गर्नु पर्ने स्थितीको कारण सबै मुद्दामा उनीहरुको प्रतिनिधित्व हुन नसकेको अवस्था रहेको छ ।

### ३.३१ बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरण

अदालतमा कुनै मुद्दा परी फैसला भएपछि त्यो फैसलाको जानकारी पाउने अधिकार मुद्दाका पक्षहरुलाई हुन्छ । अन्य सामान्य मुद्दामा फैसला भएपछि हाजिर रहेको पक्षलाई फैसला पढीबाँची सुनाउनु पर्ने र हाजिर नरहेको पक्षलाई तीन दिनभित्र के फैसला भएको हो सो को सूचना दिनु पर्ने व्यवस्था रहेको छ ।[३५] तर बालबालिकाको मुद्दामा भने फैसलाको जनाउ मात्र नभएर फैसलाको प्रतिलिपिनै निःशुल्क रुपमा सम्बन्धित बालबालिकालाई बाल अदालत वा बाल इजलासले उपलब्ध गराई दिनु पर्ने व्यवस्था रहेको छ ।[३६] बाल इजलासबाट भएका मुद्दाको कामकारवाहीको सिलसिलामा बालबालिकालाई फैसलाको प्रतिलिपि निःशुल्क उपलब्ध गराए नगराएको अभ्यासको पनि अध्ययन गरिएको थियो । मिसिल अध्ययन गर्दा बालबालिकालाई फैसलाको प्रतिलिपि निःशुल्क रुपमा उपलब्ध गराएको देखिएको वा फैसलाको तपसिल खण्डमा बालबालिकालाई फैसलाको प्रतिलिपि निःशुल्क रुपमा उपलब्ध गराउनु भन्ने लेखिएको कुरालाई आधार लिई अध्ययन गरिएको थियो । बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरण निम्नबमोजिम रहेको छ ।

**तालिका नं. ५३**
**बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरण**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | उपलब्ध गराएको | उपलब्ध नगराएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ९ | १३ | |
| २ | ललितपुर | २ | ० | २ | |

३५ मुलुकी ऐन, अ.बं. १९३ नं. ।

३६ बाल न्याय कार्यविधि) नियमावली, २०६३, नियम १९ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भक्तपुर | ६ | ० | ६ | |
| ४ | कैलाली | १ | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ० | ८ | |
| ६ | बाँके | ८ | ० | ८ | |
| ७ | रुपन्देही | ४ | ० | ४ | |
| ८ | पाल्पा | ४ | ० | ४ | |
| ९ | झापा | ५ | ० | ५ | |
| १० | चितवन | १ | १ | ० | |
| ११ | पर्सा | १ | ० | १ | |
| १२ | गोरखा | २ | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | |
| १४ | सुनसरी | २ | ० | २ | |
| १५ | ओखलढुङ्गा | १ | ० | १ | |
| १६ | जाजरकोट | २ | १ | १ | |
| १७ | मोरङ | ९ | | ९ | |
| | **जम्मा** | **८०** | **११** | **६९** | |

अध्ययनका क्रममा हेरिएका ८० वटा मुद्दा मध्ये जम्मा ११ वटा मुद्दामा फैसलाको प्रतिलिपि बालबालिकालाई उपलब्ध गराएको देखिन्छ । ६९ वटा मुद्दामा यस किसिमको कुनै अभ्यास देखिएन । जिल्लागत रुपमा हेर्दा काठमाडौं, चितवन तथा जाजरकोट जिल्ला अदालतमा रहेका बाल इजलासबाट मात्र यस किसिमको अभ्यास भएको पाइयो । यी जिल्ला बाहेक अन्य जिल्लामा यस्तो अभ्यास गरेको देखिएन ।

### ३.३२ सामाजिक अध्ययन प्रतिवेदन

बाल न्यायको सन्दर्भमा सामाजिक अध्ययन प्रतिवेदनले विशेष महत्व राखेको हुन्छ । बाल न्यायको उद्देश्य भनेको बालबालिकाको सुधार तथा उनीहरुको समाजमा पुनर्स्थापना हो । बालबालिकाको सुधारको लागि उनीहरु अपराधजनित कार्यमा लाग्नुका पछाडि रहेका कारणहरु पत्ता लगाउनु पर्ने हुन्छ र तीनै कारणहरुको आधारमा बालबालिकालाई उपचारका कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको सुधार गर्नु पर्ने हुन्छ । बालबालिका कानूनविपरितको कार्यमा लाग्नुका पछाडि विभिन्न किसिमका सामाजिक तथा

मनोवैज्ञानिक कारणहरु रहेका हुन्छन् । यीनै कारणहरुको खोजीको लागि कानूनविपरितको कार्यमा लागेको भनी अभियोग लगाइएको बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्ने गरिन्छ । अनुसन्धान गर्ने क्रममा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने तथा बालकविरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न रहेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संस्थालाई आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।[३७] विद्यमान कानूनी व्यवस्थाअनुसार बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिने जिम्मेवारी सेवा प्रदायक संस्थाहरुलाई तोकिएको छ । यस्ता किसिमका सेवा प्रदायक व्यक्ति तथा संस्थाहरुको सूची राख्ने जिम्मेवारी जिल्ला बालकल्याण समितिलाई तोकिएको छ । प्रस्तुत अध्ययनमा कसूर गरेको भनी अभियोग लगाइएको बालबालिकाका सम्बन्धमा गरिने सामाजिक अध्ययन प्रतिवेदनको तयारीको स्थितिको विषय पनि समेटिएको छ । सामाजिक अध्ययन प्रतिवेदनको तयारीको विवरण निम्नबमोजिम रहेको देखिएको छ ।

**तालिका नं. ५४**

**सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी विवरण**

| क्र.सं. | जिल्ला | मुद्दा संख्या | अनुसन्धानका क्रममा तयार गरेको | अदालतको आदेश अनुसार तयार गरेको | सामाजिक अध्ययन नगरिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं | २२ | ० | ० | २२ | |
| २ | ललितपुर | २ | ० | ० | २ | |
| ३ | भक्तपुर | ६ | ० | ० | ६ | |
| ४ | कैलाली | १ | ० | ० | १ | |
| ५ | कञ्चनपुर | ८ | ० | ० | ८ | |
| ६ | बाँके | ८ | ० | ० | ८ | |
| ७ | रुपन्देही | ४ | १ | १ | २ | |
| ८ | पाल्पा | ४ | ० | १ | ३ | |
| ९ | झापा | ५ | ० | ५ | ० | |

३७ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ नियम ४(छ) तथा १३(१) ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | चितवन | १ | ० | १ | ० | |
| ११ | पर्सा | १ | ० | ० | १ | |
| १२ | गोरखा | २ | ० | ० | २ | |
| १३ | सुर्खेत | २ | ० | २ | ० | |
| १४ | सुनसरी | २ | ० | २ | ० | |
| १५ | ओखलढुङ्गा | १ | ० | ० | १ | |
| १६ | जाजरकोट | २ | ० | ० | २ | |
| १७ | मोरङ | ९ | ० | ० | ९ | |
| | **जम्मा** | **८०** | **१** | **१२** | **६७** | |

अध्ययन गरिएका ८० वटा मुद्दामध्ये जम्मा १३ वटा मुद्दामा मात्र बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गरिएको र ६७ वटा मुद्दामा तयार नगरिएको पाइन्छ। उक्त १३ वटा मुद्दामध्ये अनुसन्धानको क्रममा अनुसन्धान गर्ने निकायले १ वटा मुद्दामा मात्र तयार गरेको र बाँकी १२ वटा मुद्दामा अदालतको आदेशअनुसार सामाजिक अध्ययन प्रतिवेदन तयार गरिएको देखिन्छ। अध्ययनमा परेका १७ जिल्लामध्ये रुपन्देही, पाल्पा, झापा, चितवन, सुर्खेत तथा सुनसरी गरी जम्मा ६ जिल्लामा मात्र यस्तो प्रतिवेदन तयार गरेको देखिन्छ। सेवा प्रदायक संस्थाहरुको भूमिका प्रभावकारी नदेखिएको अवस्थामा अदालत स्वयंको सक्रियतामा यति संख्यामा भएपनि सामाजिक अध्ययन प्रतिवेदन तयार गरिनुलाई उत्साहवर्धकनै मान्नु पर्ने हुन्छ।

# परिच्छेद ४
## बाल न्याय प्रशासनको स्थिति विश्लेषणबाट देखिएको नतिजा

बाल न्याय प्रशासनको स्थिति विश्लेषणको लागि यसभन्दा अगाडिको परिच्छेदमा बाल इजलासबाट हेरिएका मुद्दाको प्रकृति अध्ययन गर्नुका साथै कारवाहीका केही चरणहरु पहिचान गरिएका थिए । तिनै आधारमा बाल न्याय प्रशासनको स्थिति विश्लेषणको नतिजा प्रस्तुत गरिएको छ ।

### ४.१ बाल इजलासबाट हेरिएका मुद्दाहरुको संख्यात्मक विवरणको नतिजा

- नेपाल भरिका २७ वटा जिल्ला अदालतका बाल इजलासबाट १२० वटा र अध्ययन गरिएका १७ वटा जिल्ला अदालतका बाल इजलासबाट ८० वटा मुद्दा फैसला भएको पाइयो ।
- उक्त ८० वटा मुद्दामा जम्मा ९७ जना बालबालिका प्रतिवादी कायम भएको पाइयो ।
- काठमाण्डौ जिल्ला अदालतको बाल इजलासबाट सबैभन्दा धेरै ३१ वटा मुद्दामा फैसला भएको देखियो ।

### ४.२ बाल इजलासबाट हेरिएका मुद्दाहरुको विषयगत विवरण नतिजा

- बाल इजलासबाट हेरिएका १२० वटा मुद्दाहरुलाई मुद्दाको विषयका आधारमा हेर्दा जम्मा २० किसिमका मुद्दाहरु रहेको पाइयो ।
- सबैभन्दा धेरै करणीसम्बन्धी मुद्दा ४६ वटा (जवरजस्ती करणी ४२ वटा, जवरजस्ती करणीको उद्योग ४ वटा) रहेको पाइयो ।
- दोस्रो स्थानमा चोरीसम्बन्धी मुद्दा ३७ वटा (साधारण चोरी २० वटा, नवकजनी चोरी १६ वटा र रहजनी चोरी १ वटा) रहेको पाइयो ।
- तेस्रो स्थानमा ज्यानसम्बन्धी मुद्दा १९ वटा (कर्तव्य ज्यान ८ वटा, ज्यान मार्ने उद्योग ९ वटा र भवितव्य ज्यान २ वटा रहेको पाइयो ।
- करणीसम्बन्धी मुद्दा ३८.३३ प्रतिशत रहेको पाइयो ।
- चोरीसम्बन्धी मुद्दा ३०.८३ प्रतिशत रहेको पाइयो ।
- ज्यानसम्बन्धी मुद्दा १५.८४ प्रतिशत रहेको पाइयो ।

### ४.३ बाल इजलासबाट हेरिएका मुद्दाहरुका प्रतिवादीहरुको लिङ्गगत विवरणको नतिजा

- बाल इजलासबाट हेरिएका ८० वटा मुद्दामा संलग्न जम्मा ९७ जना प्रतिवादीहरु मध्ये ९४

जना पुरुष र ३ जना महिला रहेको पाइयो ।

- प्रतिशतको आधारमा पुरुष प्रतिवादीको संख्या ९६.९१ प्रतिशत र महिला प्रतिवादीको संख्या ३.०९ प्रतिशत रहेको पाइयो ।

### ४.४ बाल इजलासबाट हेरिएका मुद्दाहरुमा प्रतिवादीहरुको उमेरगत विवरणको नतिजा

- जम्मा ९७ जना प्रतिवादीहरुमध्ये १० देखि १४ वर्ष उमेर समूहमा पुरुषतर्फ २३ जना र महिलातर्फ १ जना गरी २४ जना तथा १५ देखि १६ वर्ष उमेर समूहका पुरुषतर्फ ७१ जना र महिलातर्फ २ जना गरी ७३ जना प्रतिवादी रहेको पाइयो ।
- प्रतिवादीको उक्त उमेरगत संख्यालाई प्रतिशतका आधारमा हेर्दा १० देखि १४ वर्षसम्मको उमेर समूहको प्रतिवादीहरुको संख्या २४.७४ प्रतिशत रहेको छ भने १५ देखि १६ वर्षसम्मको उमेर समूहको प्रतिवादीहरुको संख्या ७५.२६ प्रतिशत रहेको पाइयो ।

### ४.५ बाल इजलासबाट हेरिएका मुद्दाहरुमा संलग्न पीडितको विवरणको नतिजा

- अध्ययन गरिएका सबै किसिमका मुद्दामा प्रत्यक्ष रुपमा पीडित हुने व्यक्तिको पहिचान गर्न कठिनाई परेकोले शारीरिक रुपमा असर पर्ने प्रकृतिका मुद्दाका पीडितको मात्र उमेर र लिङ्गगत प्रकृति को अध्ययन गरिएकोमा विभिन्न ७ प्रकृतिका मुद्दामा ४६ जना पीडित मध्ये ३५ जना महिला र ११ जना पुरुष पीडित रहेको पाइयो ।
- उमेरगत आधारमा हेर्दा ६ देखि १२ वर्ष उमेर समूहका २२ जना, ५ वर्ष सम्मका १४ जना, १७ वर्षमाथिका ४ जना, १३ देखि १६ वर्षका १ जना र उमेर नखुलेका ५ जना देखिन्छ । मुद्दागत आधारमा हेर्दा सबैभन्दा धैरै जवरजस्ती करणी मुद्दामा २९ जना पीडित रहेको पाइयो ।
- प्रतिशतका आधारमा हेर्दा ५ वर्षसम्मका ३०.४३ प्रतिशत, ६ देखि १२ वर्षसम्मका ४७.८३ प्रतिशत, १३ देखि १६ वर्षसम्मका २.१७ प्रतिशत, १७ वर्षदेखि माथिका ८.७० प्रतिशत र उमेर नखुलेका १०.८७ प्रतिशत पीडित रहेको पाइयो ।
- लिङ्गगत आधारमा हेर्दा महिलाको संख्या ७६.०९ प्रतिशत र पुरुषको संख्या २३.९१ प्रतिशत रहेको पाइयो ।

### ४.६ जाहेरी दरखास्तको दर्ता र प्रतिवादीलाई अनुसन्धानको क्रममा पक्राउ गरेको विवरण

- १७ वटा जिल्लाका ८० थान मुद्दामा जम्मा ९७ जना प्रतिवादी कायम भएकोमा सो मध्ये १६ जना प्रतिवादी जाहेरी दरखास्त दर्ता हुनु अगावै, ५८ जना जाहेरी दरखास्त दर्ता भएको १ दिनभित्र, ७ जना जाहेरी दरखास्त दर्ता भएको ३ दिनभित्र, ८ जना जाहेरी दरखास्त दर्ता भएको ७ दिनभित्र र ७ जना अर्थात जाहेरी दरखास्त दर्ता भएको ७ दिनपछि पक्राउ भएको

पाइयो भने १ जना प्रतिवादी अनुसन्धानको क्रममा पक्राउ पर्न सकेको देखिएन ।

- प्रतिशतका आधारमा हेर्दा १६.४९ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता हुनु अगावै, ५९.७९ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको १ दिनभित्र, ७.२२ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ३ दिनभित्र, ८.२५ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ७ दिनभित्र र ७.२२ प्रतिशत प्रतिवादी जाहेरी दरखास्त दर्ता भएको ७ दिनपछि पक्राउ भएको पाइयो भने १.०३ प्रतिशत प्रतिवादी अनुसन्धानको क्रममा पक्राउ पर्न सकेको देखिएन ।

### ४.७ अनुसन्धान तहकिकातको क्रममा बालबालिकाले गरेको कसूरका सम्बन्धमा संरक्षकलाई जानकारी दिए नदिएको विवरणको नतिजा

- २ वटा मुद्दामा मात्र बालबालिकालाई पक्राउ गर्दा संरक्षकलाई कसूरसम्बन्धी जानकारी दिएको पाइयो ।
- काठमाडौं जिल्लाको १ वटा र कञ्चनपुर जिल्लाको १ वटा गरी जम्मा २ वटा मुद्दामा जानकारी दिएको पाइयो ।
- २.५० प्रतिशत मुद्दामा प्रतिवादीका रुपमा बालबालिकाका संरक्षकलाई कसूरका सम्बन्धमा जानकारी दिएको पाइयो भने ९६.२५ प्रतिशत मुद्दामा जानकारी दिएको देखिएन ।
- १.२५ प्रतिशत मुद्दामा प्रतिवादी अनुसन्धानका क्रममा पक्राउ नपरी सोझै अदालतमा उपस्थित भएको पाइयो ।

### ४.८ अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीलाई राखेको स्थानसम्बन्धी विवरणको नतिजा

- ६.१९ प्रतिशत लाई बाल सुधार गृहमा राखेको पाइयो ।
- ७८.३५ प्रतिशतलाई हिरासतमा राखेको पाइयो ।
- ८.२५ प्रतिशतलाई संरक्षकको जिम्मामा राखेको पाइयो ।
- ६.१९ प्रतिशत बाल सुधार गृहमा स्थान नभएको कारण फिर्ता आएको पाइयो ।
- १.०३ प्रतिशत मुद्दा दायर भएपश्चात् सोझै अदालतमा हाजिर हुन आएको पाइयो ।

### ४.९ अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीलाई थुनामा राखेको अवधिको विवरणको नतिजा

- १६.२५ प्रतिशत मुद्दाका प्रतिवादीलाई ७ दिनसम्म अनुसन्धानको क्रममा राखेको पाइयो ।
- २७.५ प्रतिशत मुद्दाका प्रतिवादीलाई १५ दिनसम्म अनुसन्धानको क्रममा राखेको पाइयो ।
- १८.७५ प्रतिशत मुद्दाका प्रतिवादीलाई २० दिनसम्म अनुसन्धानको क्रममा राखेको पाइयो ।
- ३८.७५ मुद्दाका प्रतिवादीलाई २५ दिनसम्म अनुसन्धानको क्रममा राखेको पाइयो ।

- २.५ प्रतिशत मुद्दाका प्रतिवादीलाई २५दिनभन्दा बढी अनुसन्धानको क्रममा राखेको पाइयो ।

**४.१० तहकिकातको क्रममा पक्राउ परेका प्रतिवादीलाई बयान गर्न लगाएको अवधिको नतिजा**

- १२.३७ प्रतिशत मुद्दामा प्रतिवादी पक्राउ गरेको १ दिनभित्र बयान गराएको पाइयो ।
- ३६.०८ प्रतिशतमा पक्राउ गरेको ३ दिनभित्र बयान गराएको पाइयो ।
- ३४.०२ प्रतिशतमा पक्राउ गरेको ७ दिनभित्र बयान गराएको पाइयो ।
- १०.३१ प्रतिशतमा पक्राउ गरेको ७ दिनभित्र बयान गराएको पाइयो ।
- १२.३७ प्रतिशत मुद्दामा पक्राउ गरेको ७ दिनभन्दा बढी समय लगाई बयान गराएको पाइयो ।

**४.११ प्रतिवादीको बयान गर्दा संरक्षकलाई रोहवरमा राखे नराखेको विवरणको नतिजा**

- २१.५२ प्रतिशत मुद्दाका प्रतिवादीको बयान गराउँदा मात्र संरक्षकलाई रोहवरमा राखेको पाइयो ।
- ७८.४८ प्रतिशत मुद्दाका प्रतिवादीको बयान गराउँदा संरक्षकलाई रोहवरमा राखेको पाइएन ।

**४.१२ जाहेरी दरखास्त परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधिको नतिजा**

- ५ प्रतिशत मुद्दामा जाहेरी दरखास्त दर्ता भएको ७ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- ३१.२५ प्रतिशत मुद्दामा जाहेरी दरखास्त दर्ता भएको १५ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- ५० प्रतिशत मुद्दामा २५ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- १३.७५ प्रतिशत मुद्दामा २५ दिनभन्दा बढी समयावधी लागेको पाइन्छ ।

**४.१३ प्रतिवादी पक्राउ परेको मितिबाट अभियोगपत्र दायर गर्न लागेको समयावधिको नतिजा**

- ५ प्रतिशत मुद्दामा प्रतिवादी पक्राउ परेको ७ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- ३७.५ प्रतिशत मुद्दामा प्रतिवादी पक्राउ परेको १५ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- ५१.२५ प्रतिशत मुद्दामा प्रतिवादी पक्राउ परेको १५ दिनभित्र अभियोगपत्र दायर भएको पाइन्छ ।
- ५ प्रतिशत मुद्दामा २५ दिनभन्दा बढी समयावधी लागेको पाइन्छ ।

**४.१४ अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रति बालकको बाबुआमा वा संरक्षकलाई बुझाए नबुझाएको विवरणको नतिजा**

- ३५ प्रतिशत मुद्दामा अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रतिलिपि उपलब्ध गराएको पाइयो ।

- ६३.७५ प्रतिशत मुद्दामा अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको प्रतिलिपि उपलब्ध नगराएको पाइयो ।
- १.२५ प्रतिशत मुद्दामा प्रतिवादी उपस्थित नभएको पाइयो ।

### ४.१५ थुनछेकको आदेश गर्न लागेको समयावधिको नतिजा

- २२.४७ प्रतिशत प्रतिवादीको अभियोगपत्र दायर भएको १ दिनभित्र थुनछेक आदेश भएको देखिन्छ ।
- ५०.५६ प्रतिशत प्रतिवादीको अभियोगपत्र दायर भएको २ दिनभित्र थुनछेक आदेश भएको देखिन्छ ।
- २६.९७ प्रतिशत प्रतिवादीको थुनछेक आदेश गर्न अभियोगपत्र दायर भएको २ दिनभन्दा बढी समयावधि लागेको देखिन्छ ।
- काठमाडौ जिल्ला अदालतमा ५९.०९ प्रतिशत, भक्तपुर जिल्ला अदालतमा ४५.४५ प्रतिशत, बाँके जिल्ला अदालतमा ३३.३३ प्रतिशत चितवन, जाजरकोट तथा सुर्खेत जिल्ला अदालतमा १/१ जना प्रतिवादीहरु अर्थात १०० प्रतिशत प्रतिवादीहरुको थुनछेक आदेश गर्न २ दिनभन्दा बढी समयावधी लागेको देखिन्छ ।
- १०० प्रतिशत केही सार्वजनिक अपराध, १७.२४ प्रतिशत जवरजस्ती करणी, ४० प्रतिशत चोरी, ५० प्रतिशत कर्तव्य ज्यान मुद्दामा थुनछेक आदेश गर्न २ दिनभन्दा बढी समयावधी लागेको पाइन्छ ।

### ४.१६ थुनछेक आदेशको प्रकृतिको नतिजा

- २३.९१ प्रतिशत प्रतिवादीहरुलाई सुधार गृहमा पठाउने आदेश भएको पाइन्छ ।
- २९.३५ प्रतिशत प्रतिवादीहरुलाई धरौटी माग आदेश भएको पाइन्छ ।
- ७.६१ प्रतिशत प्रतिवादीहरुलाई साधारण तारेख आदेश भएको पाइन्छ ।
- ३५.८७ प्रतिशत प्रतिवादीहरुलाई संरक्षकको जिम्मा लगाउने आदेश भएको पाइन्छ ।
- ३.२६ प्रतिशत प्रतिवादीहरुलाई कारागारमा राख्ने आदेश भएको पाइन्छ ।
- ललितपुर, बाँके तथा मोरङ जिल्ला अदालतले १/१ जना प्रतिवादीलाई जवरजस्ती करणी, कर्तव्य ज्यान र लागूऔषध मुद्दामा कारागारमा राख्ने गरी आदेश गरेको पाइन्छ ।
- संरक्षकको जिम्मा लगाइएका मुद्दामा सार्वजनिक अपराध, मानव वेचविखन, भवितव्य ज्यान, नकवजनी चोरी जवरजस्ती करणी उद्योग, जवरजस्ती करणीमा, ज्यान मार्ने उद्योग, पशु बन्यजन्तु मारेको, साधारण चोरी र कर्तव्य ज्यान रहेको पाइयो ।

### ४.१७ अदालती बन्दोबस्तको महलको १७ नंम्बरबमोजिमको निवेदनसम्बन्धी नतिजा

- २.५६ प्रतिशत मुद्दामा जिल्ला अदालतको थुनछेक आदेशउपर पुनरावेदन अदालतमा अ.बं. १७ नं. बमोजिमको निवेदन परेको पाइयो ।
- ९७.४४ प्रतिशत मुद्दामा जिल्ला अदालतको थुनछेक आदेशलाई चित्र बुझाई बसेको पाइयो ।
- जिल्ला अदालतको बाल इजलासको आदेशउपर चित्त नबुझाई अ.बं. १७ नं बमोजिमको निवेदन दिने पक्षमा प्रतिवादी तथा वादी  समान ५०/५० प्रतिशत रहेको पाइयो ।
- रुपन्देही तथा बाँके जिल्ला अदालतको बाल इजलासको आदेशउपर क्रमशः जवरजस्ती करणी मुद्दामा वादी पक्षको तथा लागूऔषध मुद्दामा प्रतिवादी पक्षको अ.बं. १७ नं बमोजिमको निवेदन परेको पाइयो ।

### ४.१८ अदालती बन्दोबस्तको महलको ११५ नम्बर को प्रयोगसम्बन्धी नतिजा

- १८.७५ प्रतिशत मुद्दामा अ.बं. ११५ नं.को प्रयोग भएको पाइयो ।
- ८१.२५ प्रतिशत मुद्दामा अ.बं. ११५ नं.को प्रयोग नभएको पाइयो ।
- अ.बं. ११५ नं. को प्रयोग गर्ने जिल्लामा काठमाडौ र कञ्चनपुर रहेको पाइयो ।
- सार्वजनिक अपराध, नकवजनी चोरी, जवरजस्ती करणी उद्योग, जवरजस्ती करणी, ज्यान मार्ने उद्योग तथा साधारण चोरी मुद्दाहरुमा ११५ नंबरको प्रयोग भएको पाइयो ।

### ४.१९ पेशी स्थगनसम्बन्धी नतिजा

- ७२.५ प्रतिशत बालबालिकाबिरुद्ध परेका मुद्दामा पेशी स्थगन गरेको पाइएन ।
- २७.५ प्रतिशत बालबालिकाविरुद्ध परेका मुद्दामा पेशी स्थगन गरेको पाइयो ।
- वादी पक्षबाट पेशी स्थगन गराएको ५२.२७ प्रतिशत रहेको पाइयो ।
- प्रतिवादी पक्षबाट पेशी स्थगन गराएको ४.५४ प्रतिशत रहेको पाइयो ।
- प्रतिवादीको कानून व्यवसायीबाट पेशी स्थगन गराएको ४३.१९ प्रतिशत रहेको पाइयो ।
- एउटा मुद्दामा बढीमा ५ पटकसम्म पेशी स्थगन गरेको पाइयो ।

### ४.२० मुद्दा पेशी चढेको विवरणसम्बन्धी नतिजा

- ७.५ प्रतिशत मुद्दाहरु १ पटकको पेशीमानै फैसला भएका पाइयो ।
- ६२.५ प्रतिशत मुद्दाहरु २ देखि ४ पटकको पेशीमा फैसला भएको पाइयो ।
- १७.५ प्रतिशत मुद्दाहरु ५ देखि ६ पटकको पेशीमा फैसला भएको पाइयो ।
- २.५ प्रतिशत ६ देखि ८ पटकको पेशीमा फैसला भएको पाइयो ।
- १० प्रतिशत मुद्दाहरु ८ पटकभन्दा बढी पटक पेशीमा चढी फैसला भएको पाइयो ।

- धेरै पटक पेशी चढेका मुद्दामा मोरङ जिल्ला अदालतको १५२ नं. को जवरजस्ती करणी मुद्दा ३० पटक, सोही जिल्ला अदालतमै अरु दुई मुद्दा क्रमश २२ तथा १५ पटकसम्म पेशीमा चढेपछि फैसला भएको पाइयो ।

**४.२१ प्रमाण बुझ्नको लागि आदेश भएको पटकको नतिजा**

- १७.५ प्रतिशत मुद्दामा थुनछेकको आदेशको अवस्थामा प्रमाण बुझ्ने आदेश सम्पन्न भएको पाइयो ।
- ४० प्रतिशत मुद्दामा १ पटकमात्र प्रमाण बुझ्ने आदेश भएको पाइयो ।
- ३२.५ प्रतिशत मुद्दामा २ देखि ३ पटकसम्म प्रमाण बुझ्ने आदेश भएको पाइयो ।
- ७.५ प्रतिशत मुद्दामा ४ देखि ५ पटकसम्म प्रमाण बुझ्ने आदेश भएको पाइयो ।
- २.५ प्रतिशत मुद्दामा ६ पटकभन्दा बढी प्रमाण बुझ्ने आदेश भएको पाइयो ।

**४.२२ हेर्न नभ्याई इजलासबाट फर्किएको विवरणको नतिजा**

- ३२.५ प्रतिशत मुद्दाहरु हेर्न नभ्याई फर्केको अवस्था पाइयो ।
- हेर्न नभ्याई फर्किएका मुद्दामध्ये ३४.६१ प्रतिशत १ पटक फर्किएको पाइयो ।
- हेर्न नभ्याई फर्किएका मुद्दामध्ये ७.६९ प्रतिशत २ पटक फर्किएको पाइयो ।
- हेर्न नभ्याई फर्किएका मुद्दामध्ये ३०.७७ प्रतिशत ३ देखि ४ पटक फर्किएको पाइयो ।
- हेर्न नभ्याई फर्किएका मुद्दामध्ये २६.९३ प्रतिशत ४ पटकभन्दा बढी फर्किएको पाइयो ।

**४.२३ मुद्दा फैसला हुन लागेको अवधिसम्बन्धी नतिजा**

- १.२५ प्रतिशत थुनछेकको अवस्थामा फैसला भएको पाइयो ।
- १.२५ प्रतिशत मुद्दा दायर भएको एकमहिनाभित्र फैसला भएको पाइयो ।
- १० प्रतिशत मुद्दा दायर भएको एकमहिनादेखि चार महिनाभित्र फैसला भएको पाइयो ।
- ३८.७५ प्रतिशत मुद्दा दायर भएको चार महिनादेखि आठ महिनाभित्र फैसला भएको पाइयो ।
- २३.७५ प्रतिशत मुद्दा दायर भएको आठ महिनादेखि एक वर्षभित्र फैसला भएको पाइयो ।
- २० प्रतिशत मुद्दा दायर भएको एक वर्षदेखि दुई वर्षभित्र फैसला भएको पाइयो ।
- ५ प्रतिशत मुद्दा फैसला हुन दुई वर्षभन्दा बढी समय लागेको पाइयो ।
- दुई वर्षभन्दा बढी समयावधि लगाई मुद्दा फैसला गर्ने अदालत जाजरकोट तथा मोरङ रहेको देखियो ।
- फैसला हुन दुई वर्षभन्दा बढी समयावधि लागेका मुद्दामा जवरजस्ती करणी तथा चोरी मुद्दाहरु रहेको देखियो ।

**४.२४ फैसलाको प्रकृतिसम्बन्धी नतिजा**

- अध्ययन गरिएका मुद्दाहरुमध्ये ७० प्रतिशत मुद्दामा अभियोग दावी ठहर भएको पाइयो ।
- अध्ययन गरिएका मुद्दाहरुमध्ये २१.२५ प्रतिशत मुद्दामा अभियोग दावी नपुग्ने गरी सफाई प्रदान गरिएको पाइयो ।
- अध्ययन गरिएका मुद्दाहरुमध्ये ८.७५ प्रतिशत मुद्दामा मुद्दा परिवर्तन हुने गरी फैसला भएको पाइयो ।

**४.२५ कसूर ठहर भएको अवस्थामा सजायको प्रकृतिसम्बन्धी नतिजा**

- कसूर ठहर भएका मुद्दामध्ये ५५.३६ प्रतिशत मुद्दामा कैदको सजाय भएको पाइयो ।
- कसूर ठहर भएका मुद्दामध्ये ३.५७ प्रतिशत मुद्दामा जरीवानाको सजाय भएको पाइयो ।
- कसूर ठहर भएका मुद्दामध्ये ३९.२८ प्रतिशत मुद्दामा कैद र जरीवाना दुवै सजाय भएको पाइयो ।
- कसूर ठहर भएका मुद्दामध्ये १.७८ प्रतिशत मुद्दामा कागज गराई छाड्ने फैसला भएको पाइयो ।

**४.२६ सजाय स्थगन सम्बन्धी विवरणको नतिजा**

- कसूर ठहर भएका मुद्दाहरुमध्ये नकवजनी चोरी, साधारण चोरी, जवरजस्ती करणी तथा कर्तव्य ज्यान गरी चार प्रकृतिका मुद्दामा सजाय स्थगन गरेको पाइयो ।
- समग्र ठहर भएका मुद्दामध्ये २१.४३ प्रतिशत मुद्दामा सजाय स्थगन गरेको पाइयो ।
- सजाय स्थगन गरिएका समग्र मुद्दामा जवरजस्ती करणी मुद्दा ५० प्रतिशत रहेका छन् ।
- सजाय स्थगन गरिएका समग्र मुद्दामा साधारण चोरी ३३.३३ प्रतिशत रहेका छन् ।
- सजाय स्थगन गरिएका समग्र मुद्दामा नकवजनी चोरी मुद्दा ८.३३ प्रतिशत रहेका छन् ।
- सजाय स्थगन गरिएका समग्र मुद्दामा कर्तज्य ज्यान मुद्दा ८.३३ प्रतिशत रहेका छन् ।

**४.२७ गोपनीयतासम्बन्धी विवरणको नतिजा**

(क) **प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयतासम्बन्धी नतिजा**

- अध्ययन गरिएका मुद्दाहरुमध्ये २२.५ प्रतिशत मुद्दामा प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको पाइयो ।
- अध्ययन गरिएका मुद्दाहरुमध्ये ७७.५ प्रतिशत मुद्दामा प्रतिवादीको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखिएको पाइयो ।

(ख) **पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयतासम्बन्धी नतिजा**

- पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता राख्नु पर्ने मुद्दाहरुमध्ये ५० प्रतिशत

मुद्दामा पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता राखेको पाइयो ।

- पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता राख्नु पर्ने मुद्दाहरुमध्ये ५० प्रतिशत मुद्दामा पीडितको व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता नराखेको पाइयो ।

**४.२८ कानून व्यवसायीको प्रतिनिधित्वसम्बन्धी विवरणको नतिजा**

**क) थुनछेकको अवस्थामा बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्वको विवरणको नतिजा**

- ८८ प्रतिशत मुद्दामा थुनछेकको अवस्थामा प्रतिवादी बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व भएको पाइयो ।
- १२ प्रतिशत मुद्दामा थुनछेकको अवस्थामा प्रतिवादी बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व नभएको पाइयो ।

**(ख) मुद्दा कारवाहीको अवस्थामा कानून व्यवसायीको प्रतिनिधित्वसम्बन्धी नतिजा**

- ९१.२५ प्रतिशत मुद्दामा मुद्दाको कारवाहीको अवस्थामा प्रतिवादी बालबालिकाको तर्फबाट कानून व्यवसायीको कानून व्यवसायीको प्रतिनिधित्व भएको पाइयो ।
- ८.७५ प्रतिशत मुद्दामा मुद्दाको कारवाहीको अवस्थामा प्रतिवादी बालबालिकाको तर्फबाट कानून व्यवसायीको कानून व्यवसायीको प्रतिनिधित्व नभएको पाइयो ।

**(ग) प्रतिनिधित्व गरेको कानून व्यवसायीको प्रकृतिसम्बन्धि विवरणको नतिजा**

- कानून व्यवसायीको प्रतिनिधित्व भएका मुद्दामध्ये ७२.६० प्रतिशत मुद्दामा प्रतिवादी बालबालिकाको आफ्नै कानून व्यवसायी रहेको पाइयो ।
- कानून व्यवसायीको प्रतिनिधित्व भएका मुद्दामध्ये २४.६५ प्रतिशत मुद्दामा अदालतको वैतनिक कानून व्यवसायी रहेको पाइयो ।
- कानून व्यवसायीको प्रतिनिधित्व भएका मुद्दामध्ये २.७४ प्रतिशत मुद्दामा सेवा प्रदायक संस्थाको कानून व्यवसायी रहेको पाइयो ।

**४.२९ उमेर निर्धारण गर्न लिइएको आधारसम्बन्धी नतिजा**

- १२.३७ प्रतिशत प्रतिवादी बालबालिकाको उमेर निर्धारण उनीहरुको भनाईअनुसारनै गरेको पाइयो ।
- अस्पतालको जन्मदर्ता प्रमाणपत्रको आधारमा उमेर निर्धारण गरेको अवस्था पाइएन ।
- ३५.०५ प्रतिशत प्रतिवादी बालबालिकाको उमेर निर्धारण स्थानिय पञ्जिकाधिकारीको जन्मदर्ता प्रमाणपत्रको आधारमा गरेको पाइयो ।

- १६.४९ प्रतिशत प्रतिवादी बालबालिकाको उमेर निर्धारण विद्यालयको चारित्रिक प्रमाण पत्रको आधारमा गरेको पाइयो ।
- ३६.०८ प्रतिशत प्रतिवादी बालबालिकाको उमेर निर्धारण अस्पतालबाट जाँच गराएको आधारमा गरेको पाइयो ।

**४.३० प्रतिवादीको धरौटी दाखिलासम्बन्धी विवरणको नतिजा**

- जम्मा प्रतिवादीमध्ये २४.७४ प्रतिशत प्रतिवादीबाट धरौट मागेको पाइयो ।
- धरौट माग गरेका प्रतिवादीमध्ये ९५.८३ प्रतिशत प्रतिवादीले धरौटी दाखिला गरी तारेखमा रहेको पाइयो ।
- धरौट माग गरेका प्रतिवादीमध्ये ४.१६ प्रतिशत प्रतिवादीले धरौटी दाखिला गर्न नसकि बालसुधार गृहमा बसेको पाइयो ।

**४.३१ संरक्षकको जिम्मा लगाइएका तथा साधारण तारेखमा छाडिएका प्रतिवादी बालबालिकाको अदालतमा उपस्थितिसम्बन्धी विवरणको नतिजा :**

**(क) संरक्षकको जिम्मा लगाइएका बालबालिकाको अदालतमा उपस्थिति विवरणको नतिजा**

- अध्ययन गरिएका मुद्दामा रहेका बालालिकामध्ये ३४.०२ प्रतिशत बालबालिकालाई संरक्षकको जिम्मा लगाएको पाइयो ।
- संरक्षकको जिम्मा लगाइएका बालबालिकामध्ये ५४.५४ प्रतिशत बालबालिका अदालतमा उपस्थित हुनु पर्ने दिनमा उपस्थित हुने गरेको पाइयो ।
- संरक्षकको जिम्मा लगाइएका बालबालिकामध्ये ४२.४२ प्रतिशत बालबालिका अदालतमा उपस्थित हुनु पर्ने दिनमा उपस्थित नहुने गरेको पाइयो ।
- संरक्षकको जिम्मा लगाइएका बालबालिकामध्ये ३.०४ प्रतिशत बालबालिकालाई अदालतमा उपस्थित हुने गरी तारेख नतोकेको पाइयो ।

**(ख) साधारण तारेखमा रहेका बालबालिकाको अदालतमा उपस्थिति विवरणको नतिजा**

- अध्ययन गरिएका मुद्दामा रहेका बालालिकामध्ये ७.२२ प्रतिशत बालबालिकालाई साधारण तारेखमा छाडेको पाइयो ।
- तारेखमा छाडिएका बालबालिकामध्ये ७१.४३ प्रतिशत बालबालिका अदालतबाट तोकिएको तारेखका दिन उपस्थित भएको पाइयो ।
- तारेखमा छाडिएका बालबालिकामध्ये २८.५७ प्रतिशत बालबालिका अदालतबाट तोकिएको तारेख गुजारी अनुपस्थित भएको पाइयो ।

**४.३२ समाजसेवी तथा बालविशेषज्ञ वा बाल मनोविज्ञको उपस्थिति विवरणसम्बन्धी विवरणको नतिजा**

- अध्ययन गरिएका मुद्दामध्ये १३ जिल्लामा समाजसेवी तथा बालविशेषज्ञ वा बाल मनोविज्ञको उपस्थिति हुन सक्ने ७५ मुद्दाको सुनुवाई भएको पाइन्छ ।
- थुनछेकको क्रममा १६ प्रतिशत मुद्दामा समाजसेवीको उपस्थिति रहेको पाइयो ।
- थुनछेकको क्रममा ८४ प्रतिशत मुद्दामा समाजसेवीको उपस्थिति नरहेको पाइयो ।
- थुनछेकको क्रममा २४ प्रतिशत मुद्दामा बालविशेषज्ञको उपस्थिति रहेको पाइयो ।
- थुनछेकको क्रममा ७६ प्रतिशत मुद्दामा बालविशेषज्ञको उपस्थिति नरहेको पाइयो ।
- फैसलाको क्रममा ६४ प्रतिशत मुद्दामा समाजसेवीको उपस्थिति रहेको पाइयो ।
- फैसलाको क्रममा ३६ प्रतिशत मुद्दामा समाजसेवीको उपस्थिति नरहेको पाइयो ।
- फैसलाको क्रममा ६५.३३ प्रतिशत मुद्दामा बालविशेषज्ञको उपस्थिति रहेको पाइयो ।
- फैसलाको क्रममा ३४.६७ प्रतिशत मुद्दामा बालविशेषज्ञको उपस्थिति नरहेको पाइयो ।

**४.३३ बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको विवरणको नतिजा**

- १३.७५ प्रतिशत मुद्दामा बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध गराएको पाइयो ।
- ८६.२५ प्रतिशत मुद्दामा बालबालिकालाई फैसलाको प्रतिलिपि उपलब्ध नगराएको पाइयो ।

**४.३४ सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी नतिजा :**

- १६.२५ प्रतिशत मुद्दामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरेको पाइयो ।
- ८३.२५ प्रतिशत मुद्दामा सामाजिक अध्ययन प्रतिवेदन तयार नगरेको पाइयो ।
- सामाजिक अध्ययन प्रतिवेदन तयार गरेका मुद्दामध्ये ७.७० प्रतिशत मुद्दामा अनुसन्धानको क्रममा तयार गरिएको पाइयो ।
- सामाजिक अध्ययन प्रतिवेदन तयार गरेका मुद्दामध्ये ९२.३० प्रतिशत मुद्दामा अदालतको आदेशअनुसार तयार गरिएको पाइयो ।

# परिच्छेद ५

## सुझावहरु

प्रस्तुत अध्ययनको मूल उद्देश्य भनेको नेपालमा वर्तमान अवस्थामा बालबालिका प्रतिवादी भएका मुद्दाको काम कारवाहीका सिलसिलामा बालबालिकासम्बन्धी ऐन नियममा भएका व्यवस्थाहरुको पालना के कस्तो अवस्थामा रहेको छ भन्ने कुरा पत्ता लगाउनु रहेको छ । यीनै ऐन कानूनमा भएका व्यवस्थाहरुसमेतका आधारमा बाल न्याय प्रशासनको वर्तमान स्थितिको विश्लेषणको लागि केही निश्चित् विषयवस्तुहरु चयन गरिएको थियो । तीनै विषयवस्तुलाई परिच्छेद ३ मा विश्लेषण तथा परिच्छेद ४ मा विश्लेषणबाट प्राप्त नतिजाहरुलाई प्रस्तुत गरिएको छ । परिच्छेद ४ मा प्राप्त नतिजाहरुको आधारमा बालबालिकासम्बन्धी ऐन नियममा भएका व्यवस्थाहरुको पालना नभएका सम्बन्धमा देखिएका विषयहरुको आधारमा प्रस्तुत परिच्छेदमा विभिन्न सुझावहरु प्रस्तुत गरिएको छ ।

(१) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४ को खण्ड (घ) अनुसार सम्भव भएसम्म बालकका आमाबाबु भए दुवैलाई वा कम्तीमा एक जनालाई तथा बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूरका सम्बन्धमा सूचना दिनु पर्ने व्यवस्थाको पालना नभएको देखिएकोल तहकिकात गर्ने निकायले यसलाई अनिवार्य रुपमा पालना गर्नु पर्ने ।

(२) तहकिकातको क्रममा पक्राउ परेका अधिकांस बालबालिकालाई प्रहरी हिरासतमा राखेको देखिँदा सकेसम्म बाल सुधार गृह वा संरक्षकको जिम्मामा राख्ने व्यवस्था गर्नु पर्ने ।

(३) अनुसन्धानका क्रममा धेरैजसो मुद्दामा १५ दिनभन्दा बढी थुनामा राख्ने गरेको र कतिपय अवस्थामा २५ दिनभन्दा पनि बढी थुनामा राखेको देखिदा सकेसम्म कम थुनामा राख्ने व्यवस्था गर्नु पर्ने ।

(४) धेरै जसो मुद्दामा प्रतिवादी पक्राउ परेको ३ दिनभन्दा बढी थुनामा राखेपश्चात मात्र बयान गराएको देखिदा सकेसम्म पक्राउ गर्ने वित्तिकै बयान गराउनु पर्ने ।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ५ को उपनियम (२) ले बालकसँग सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिने व्यवस्था गरेको र मुलुकी ऐन, अदालती बन्दोबस्तको २४ नं. ले सोह्र वर्ष नपुगेको नाबालकको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला रोहवरमा राख्नु पर्ने व्यवस्थाको पालना भएको नदेखिँदा सोबमोजिम बालबालिकाको बयान गराउँदा अनिवार्य रुपमा बाबुआमा वा संरक्षकलाई रोहवरमा राख्ने व्यवस्था गर्नु पर्ने ।

(६) धेरै मुद्दाहरुमा प्रतिवादी पक्राउ परेको १५ दिनभन्दा बढी समयपश्चात् मात्र अदालतमा अभियोगपत्र दायर हुने गरेको देखिदा सकेसम्म प्रतिवादी पक्राउ परेपश्चात् कम समयावधिमा भित्रनै तहकिकात

सम्पन्न गरी मुद्दा दायर हुने व्यवस्था गरिनु पर्दछ ।

(७) अधिकांश मुद्दामा अदालतमा अभियोगपत्र दायर भएपछि थुनछेक आदेश गर्न २ दिन समय लागेको देखिन्छ भने एक चौथाईभन्दा बढी मुद्दामा २ दिनभन्दा बढी समयावधि लागेको पाइन्छ । थुनछेक आदेशमा लाग्ने गरेको बढी समयावधि घटाई छिटो थुनछेकको आदेश टुंग्याउनु पर्ने ।

(८) थुनछेक आदेश गर्दा केही मुद्दाहरुमा मुद्दा पुर्पक्षको सिलसिलामा बालबालिकालाई कारागारमा राख्ने गरी आदेश भएको पाइयो । बालबालिकालाई थुनामा राख्नु पर्ने अवस्थामा कारागारमा नराखी बाल सुधार गृहमा राख्नु पर्ने ।

(९) वादी पक्षले उपस्थित गराउनु पर्ने साक्षी समयमा उपस्थित नगराई दिएका कारणबाट केही मुद्दामा बाल इजलासबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको ११५ नंबर बमोजिम साक्षी झिकाई बुझ्नु पर्ने अवस्था आई मुद्दाको कामकारवाहीमा ढिला भएको अवस्था देखिएको छ। वादी पक्षको साक्षी तोकिएको समयमानै उपस्थित गराउन सरकारी वकिलले ध्यान दिनु पर्ने ।

(१०) बालबालिकासम्बन्धी मुद्दा दायर भएको मितिले १२० दिनभित्र फैसला गर्नु पर्ने व्यवस्था बाल न्याय (कार्यविधि) नियमावलीमा रहेको छ । अध्ययन गरिएका मुद्दाहरुमा तोकिएको म्यादभित्र ११.२५ प्रतिशतमात्र फैसला भएको पाइएको छ । बाँकी ८८.२५ प्रतिशत मुद्दा तोकिएको म्याद नघाई फैसला भएको देखिन्छ । बाल न्याय (कार्यविधि) नियमावलीमा फैसला गर्ने समयावधि त तोकिएको छ । तर अन्य कामकारवाहीका विषयमा भने विशेष व्यवस्था गरेको पाइदैन । उजुरी दर्ता गर्नेदेखि लिएर म्याद तामेली लगायतका सम्पूर्ण कामकारवाहीका विषयमा अरु मुद्दा समान कारवाही गरेर बालबालिकासम्बन्धी मुद्दामा तोकिएको समयमा मुद्दा किनारा हुने अपेक्षा गर्न सकिदैन । त्यसकारण बालबालिकासम्बन्धी मुद्दामा अपनाइने कार्यविधिमा पनि विशेष किसिमका व्यवस्थाहरु गरिनु पर्ने हुन्छ । यसको अतिरिक्त मुद्दा समयमा फछ्र्यौट हुन नसक्नुमा अन्य कारणहरु पनि रहेको पाइएको छ । यसमा इजलासबाट हेर्न नभ्याउने गरी पेशीमा चढी पटकपटक हेर्न नभ्याई फर्किने गरेका (३२.५ प्रतिशत मुद्दाहरु हेर्न नभ्याई फर्केका), एकै पटक प्रमाण नबुझि पटकपटक प्रमाणहरु बुझ्ने आदेश हुने गरेको (१० प्रतिशत मुद्दामा ४ पटकभन्दा बढी प्रमाण बुझ्ने आदेश भएको), मुद्दाका पक्षहरुले पेशी स्थगन गर्ने गरेका (२७.५ प्रतिशत मुद्दामा पक्षहरुबाट पेशी स्थगन भएका), वादी पक्षहरुले समयमानै साक्षी उपस्थित नगराइदिएको कारणबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको ११५ नम्बर को प्रयोग गरी पुनः साक्षी बुझ्नु पर्ने अवस्था आएका (१८.७५ प्रतिशत मुद्दामा ११५ नंबर को प्रयोग भएको) आदि जस्ता कारणहरु पनि रहेको पाइन्छ । यस्ता किसिमका समस्याहरुका सम्बन्धमा सम्बन्धित न्यायाधीश, श्रेस्तेदार, तथा मुद्दाका पक्ष तथा कानून व्यवसायीले ध्यान दिनु पर्ने ।

(११) न्यायिक कारवाहीको सिलसिलामा न्यायिक निकायसमक्ष आउने प्रतिवादी बालबालिका तथा पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नेसम्बन्धी कामकारवाही पूर्ण रुपमा पालना

नभएको देखिएकोले विशेष प्रकृतिका मुद्दाहरुमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी सर्वोच्च अदालतबाट जारी भएको निर्देशिकाअनुसार प्रतिवादी बालबालिका तथा पीडितको व्यक्तिगत परिचयात्मक विवरण अनिवार्य रुपमा गोप्य राख्नु पर्ने ।

(१२) न्यायिक कारवाहीको सिलसिलामा न्यायिक निकायसमक्ष आएका सबै प्रतिवादी बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व भएको नदेखिएकोले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा भएको व्यवस्थाअनुसार सबै बालबालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व गराउनको लागि सम्बन्धित अदालतले ध्यान दिनु पर्ने ।

(१३) प्रतिवादी बालबालिकाको उमेर निर्धारण गर्दा केही मुद्दामा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को दफा ११ मा व्यवस्था भएअनुसारका लिखत प्रमाणहरुको आधारमा नभई सोझै प्रतिवादीको भनाईको आधारमानै निर्धारण गरेको पाइन्छ । प्रतिवादीको भनाईको आधारमाभन्दा पनि नियमावलीमा भएका व्यवस्थाहरुको आधारमा उमेर निर्धारण गर्नु पर्ने ।

(१४) बाल न्यायको उद्देश्य भनेको गलत बाटोमा लागेका बालबालिकालाई सुधार गरी सही बाटोमा ल्याई भविष्यका सक्षम नागरिक बनाउने तथा त्यस्ता किसिमका बालबालिकाको सुधार गरी अपराधमुक्त समाजको निर्माण गर्नु हो । एक पटक गलत बाटोमा लागि सकेका बालबालिकालाई विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । अभियोग बालबालिकाले आफूले गरेको कार्य गलत थियो भन्ने कुरा महशुस गरेमा उनीहरुमा सुधार आउने हो । मुद्दाको कामकारवाही गर्ने अधिकारीहरुको सम्पर्कमा आएमा मात्र उनीहरुले आफूले गरेको कार्य गलत थियो भन्ने कुरा महशुस गरे नगरेको कुरा परीक्षण हुने हुन्छ । उनीहरुलाई पटकपटक परीक्षण गरेपश्चात् थप सुधार गर्नु पर्ने अवस्था देखिएमा सोहीअनुसार गर्नु पर्ने हुन्छ । तर न्यायिक निकायको सम्पर्कमानै नआएमा उनीहरुको अवस्थाको बारेमा कुनै कुरा थाहा हुन सक्दैन । न्यायिक कारवाहीको सिलसिलामा संरक्षकको जिम्मा लगाइएका बालबालिकामध्ये ४२.४२ प्रतिशत बालबालिकालाई संरक्षकले अदालतमा उपस्थित नगराउने गरेको तथा साधारण तारेखमा छाडिएका बालबालिकामध्ये २८.५७ प्रतिशत बालबालिका अदालतबाट तोकिएको तारेख गुजारी अनुपस्थित भएको अवस्था रहेको पाइन्छ । यस्ता किसिमका बालबालिकालाई साधारण तारेखमा राख्नुभन्दा पनि संरक्षकको जिम्मा लगाउने र अदालतमा उपस्थित गराउन संरक्षकलाई विशेष जिम्मेवारी तोकिनु पर्छ ।

(१५) समाजसेवी तथा बालविशेषज्ञसहितको इजलास गठन भएका जिल्लाहरुमा बालबालिकासम्बन्धी मुद्दाहरुको थुनछेक तथा मुद्दाहरुको अन्य कामकारवाही लगायत फैसला हुँदाका अवस्थामा सबै मुद्दाहरुमा बालविशेषज्ञ तथा समाजसेवीहरुको उपस्थिति रहेको नपाइएको हुनाले उनीहरुलाई उपस्थित गराई मुद्दाको काम कारवाही गर्नु पर्ने ।

(१६) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १९ अनुसार सम्बन्धित बालबालिकालाई फैसलाको प्रतिलिपि निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्थाको पालना अधिकांश मुद्दाहरुमा

नभएको पाइदा यो व्यवस्थाको अनिवार्य रुपमा पालना गर्नु पर्ने ।

(१७) कसूरको अभियोग लागेका बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन नगन्य मुद्दामा मात्र तयार गरेको पाइदा बाल न्याय (कार्यविधि) नियमावलीमा भएको व्यवस्था अनुसार त्यस्तो प्रतिवेदन तयार गर्नु पर्ने ।

## अनुसूची १

**बालबालिकासम्बन्धी मुद्दाको विवरण** (प्रश्नावली फाराम)

............**जिल्ला अदालत**,.........

१) मुद्दा नं. [ ] २) मुद्दा : [ ]

३) प्रतिवादी संख्या : [ ]

४) प्रतिवादीको विवरण :

१) लिङ्ग.............. उमेर .......... जाति ..........

२) लिङ्ग.............. उमेर .......... जाति ..........

३) लिङ्ग.............. उमेर .......... जाति ..........

५) पीडित संख्या : [ ]

६) पीडितको विवरण :

१) लिंग.............. उमेर .......... जाति ..........

२) लिंग.............. उमेर .......... जाति ..........

३) लिंग.............. उमेर .......... जाति ..........

७) जाहेरी मिति : [ ]

८) प्रतिवादी पक्राउ मिति : [ ]

९) प्रतिवादीलाई पक्राउ गर्दा संरक्षकलाई जानकारी : क) दिएको [ ] ख) नदिएको [ ]

१०) प्रतिवादीलाई अनुसन्धानको क्रममा संरक्षक, बालसुधार गृह वा हिरासत कहाँ राखिएको हो :

क) संरक्षकको जिम्मा [ ] ख)बालसुधार गृह [ ] ग)हिरासत [ ]

११) पहिलो पटक म्यादथपका लागि :

क) पत्र लेखिएको मिति : [ ] माग गरेको दिन : [ ]

ख) अदालतबाट प्रदान गरेको दिनः [ ]

१२) प्रहरी समक्ष प्रतिवादीको बयान गराएको मिति : [ ]

१३) प्रतिवादीको बयान गराउँदा संरक्षक क) राखेको [ ] ख) नराखेको : [ ]

राखेको भए कसलाई राखेको हो : [ ]

१४) दोस्रो पटक म्याद थपका लागि :

क) पत्र लेखिएको मिति ☐ माग गरेको दिन : ☐

ख) अदालतबाट प्रदान गरेको दिन : ☐

१५) तेस्रो पटक म्यादथपका लागि :

क) पत्र लेखिएको मिति ☐ माग गरेको दिन : ☐

ख) अदालतबाट प्रदान गरेको दिन : ☐

१६) अभियोगपत्र दायर मिति : ☐

१७) अभियोगपत्रसाथ प्रतिवादी उपस्थित गराएको ☐ नगराएको : ☐

क) नगराएको भए प्रतिवादीका नाउँमा म्याद जारी गरेको मिति : ☐

ख) म्याद तामेली मिति : ☐

ग) प्रतिवादी अदालतमा उपस्थित भएको मिति : ☐

१८) प्रतिवादीलाई अभियोगपत्र तथा प्रमाणहरुको प्रतिलिपिहरु : उपलब्ध गराएको ☐ नगराएको ☐

१९) प्रतिवादीको अदालतमा बयान मिति : ☐

२०) थुनछेक आदेश मिति : ☐

२१) थुनछेक आदेशको व्यहोरा : क) सुधार गृहमा पठाउने ☐ ख) धरौटी ☐

ग) साधारण तारेख ☐ घ) संरक्षकको जिम्मा लगाउने ☐ ङ) कारागारमा राख्ने ☐

२२) थुनछेकको क्रममा बालबालिकाको तर्फबाट कानून व्यवसायीको उपस्थितिः भएको ☐

नभएको : ☐

२३) प्रमाण मुकररको लागि पेशी चढेको मिति : ☐

२४) प्रारंभीक (थुनछेकको) चरणमा फैसलाः भएको ☐ नभएको ☐

२५) अ.बं. १७ नं बमोजिम निवेदनः परको ☐ नपरेको ☐

परेको भए वादी प्रतिवादी को तर्फबाट परेको : वादी ☐ प्रतिवादी ☐

२६) प्रतिवादी तर्फबाट कानून व्यवसायी भए :

क) आफ्नै तर्फबाट ☐ ख) अदालत तर्फबाट वैतनिक वकिल ☐

ग) सेवा प्रदायक संस्थाबाट ☐

२७) पेशी स्थगित पटक : ☐

क) वादी पक्षबाट ☐ पटक ख) प्रतिवादी पक्षबाट ☐ पटक ☐

ग) प्रतिवादीको कानून व्यवसायीबाट पटक ☐

२८) प्रमाण मुकररका लागि आदेश भएको पटक : ☐

२९) वादी पक्षका साक्षी उपस्थित गराउन अ.बं. ११५ नं. प्रयोग भए नभएको : भएको ☐ नभएको ☐

३०) मुद्दा पेशी चढेको पटक : ☐

३१) पेशी चढेको दिनमा भएको कारवाहीको विवरण

क) आदेश भएको पटक : ☐

ख) हेर्न नभ्याई फर्किएको पटक : ☐

ग) स्थगित गराइएको पटक : ☐

३२) फैसला मिति : ☐

३३) फैसलाको व्यहोरा :

क) ठहर ☐ ख) सफाई ☐ ग) मुद्दा परिवर्तनमा ☐ परिवर्तन ☐

३४) ठहर भएको भए

क) कैद : वर्ष महिना दिन (मुलुकी ऐन, अ.बं. १८८ नं. प्रयोग भएको भए वर्ष महिना दिन)

ख) जरिवाना : रु.

ग) क्षतिपूर्ती : रु. प्रतिवादीको आधा अंश भराउने

घ) सजाय स्थगन :

३५) सजाय स्थगन गरेको भए कुनै शर्त तोके नतोकेको : तोकेको ☐ नतोकेको ☐

३६) शर्त तोकेको भए उल्लेख गर्ने :

..........................................................................................

..........................................................................................

३७) प्रतिवादीको उमेर निर्धारण गर्न लिइएको आधार :

क) प्रतिवादीको भनाई ☐

ख) अस्पतालको जन्म प्रमाणपत्र : ☐

ग) स्थानीय पञ्जिकाधिकारीको जन्म दता प्रमाणपत्र : ☐

घ) विद्यालयको चारित्रिक प्रमाणपत्र : ☐

ङ) अस्पतालबाट प्रमाणित उमेर : ☐

३८) थुनछेकको क्रममा बालबालिकालाई संरक्षकको जिम्मामा छाडिएको भए तारेखका दिनमा संरक्षकले उपस्थित गराउने गरे नगरेको :क) गरेको ☐ ख) नगरेको ☐

३९) प्रतिवादी तारेखमा रहेको भए तारेख गुजारी थाम्ने थमाउने म्याद व्यतित क) गरेको ☐ ख) नगरेको ☐

४०) प्रतिवादीसँग धरौट माग गरिएकोमा :

क) धरौटी दाखिल गरी तारेखमा रहेको : ☐

ख) धरौटी दाखिल गर्न नसकी थुनामा रहेको : ☐

४१) प्रतिवादीको परिचयात्मक विवरण गोप्य क) राखिएको ☐ ख) नराखिएको ☐

४२) पिडीत (बालबालिका भएमा) को परिचयात्मक विवरण गोप्य क)राखिएको ☐ ख) नराखिएको ☐

४३) समाजसेवी तथा वालविशेषज्ञको उपस्थिति

क) थुनछेकको क्रममा : समाजसेवी ☐ बालविशेषज्ञ ☐

ख) फैसलाको क्रममा : समाजसेवी ☐ बालविशेषज्ञ ☐

४४) सामाजिक अध्ययन प्रतिवेदन :

क) अनुसन्धानको क्रममा राखिएको ☐

ख) अदालतबाट आदेश भएबमोजिम राखिएको ☐

ग) नराखिएको ☐

४५) बालकलाई फैसलाको प्रतिलिपि निःशुल्क उपलब्ध क) गराएको ☐ ख) नगराएको ☐

४६) यस मुद्दाको अध्ययनबाट देखिएका तर माथि प्रश्नावलीमा नसमेटिएका अन्य उल्लेखनीय पक्ष भएः

..........................................................................................

## अनुसूची २

## प्रश्नावली भर्ने निर्देशिका

**(प्रस्तुत प्रश्नावलीमा बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ५५ बमोजिमको बाल इजलासबाट हेरिने बालबालिका प्रतिवादी भएको फैसला भइसकेका मुद्दाको विवरण उल्लेख गरिदिनु होला।)**

१. प्रश्नावली नं. १ मा मुद्दाको दर्ता नं. नं. २ मा मुद्दाको नाम र ३ मा प्रतिवादीहरुको संख्या उल्लेख गर्ने ।

२. प्रश्नावली नं.४ मा प्रतिवादीहरुको लिङ्ग उमेर जाति उल्लेख गर्ने । प्रतिवादी संख्या थप भएमा क्रमशः संख्या थप गरी सोहीबमोजिमको व्यहोरा उल्लेख गर्ने । उमेर उल्लेख गर्दा घटना हुँदाको समयको उमेर उल्लेख गर्ने ।

३. प्रश्नावली नं.५ मा पीडितको संख्या उल्लेख गर्ने ।

४. प्रश्नावली नं.६ मा पीडितहरुको लिङ्ग उमेर जाति उल्लेख गर्ने । पीडित संख्या थप भएमा क्रमशः संख्या थप गरी सोहीबमोजिमको व्यहोरा उल्लेख गर्ने ।

५. प्रश्नावली नं.७ मा जाहेरी मिति उल्लेख गर्ने ।

६. प्रश्नावली नं.८ मा प्रतिवादी पक्राउ भएको मिति उल्लेख गर्ने । एकभन्दा बढी प्रतिवादी भै विभिन्न मितिमा पक्राउ भएकोमा छुट्टाछुट्टै मिति उल्लेख गरिदिने ।

७. प्रश्नावली नं.९ प्रतिवादीलाई पक्राउ गर्दा संरक्षकलाई जानकारी गराएको कुनै कागज मिसिल सामेल रहेको भए दिएको कोठामा चिन्ह लगाउने र त्यस्तो कागज नभए नदिएको कोठामा चिन्ह लगाउने ।

८. प्रश्नावली नं.१० मा प्रतिवादीलाई अनुसन्धानको क्रममा कुन ठाउँमा राखिएको हो सो कोठामा चिन्ह लगाउने । धेरै प्रतिवादी भइ छुट्टाछुट्टै ठाउँमा राखिएको भए प्रश्नावलीको दायापट्टि उल्लेख गर्ने ।

९. प्रश्नावली नं. ११,१४ र १५ मा म्याद थपको विवरण उल्लेख गर्ने । तीन पटकभन्दा बढी म्याद थप गरेको अवस्थामा नं. १५ को दायापट्टि थप कोठाहरु लेखि उल्लेख गरिदिने ।

१०. प्रश्न नं १२ मा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान मिति उल्लेख गर्ने । धेरै प्रतिवादी भइ विभिन्न मितिमा बयान भएकोमा क्रमशः उल्लेख गरिदिने । प्रश्नावली नं. १३ प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानमा संरक्षक रोहवरमा राखी सही गराएको भए राखेको कोठामा चिन्ह लगाउने र नराखेको भए नराखेको कोठामा चिन्ह लगाउने । राखेको भए बाबु आमा वा अन्य संरक्षक को राखेको हो उल्लेख गरिदिने ।

११. प्रश्नावली नं १६ मा अभियोग पत्र दायर गरेको मिति उल्लेख गर्ने । प्रश्नावली नं. १७ मा अभियोग पत्रसाथ प्रतिवादीलाई अदालतमा उपस्थित गराएको भए गराएको कोठामा र नगराएको भए नगराएको कोठामा चिन्ह लगाउने । धेरै प्रतिवादी भई कसैलाई उपस्थित गराएको र कसैलाई नगराएकोमा दायापट्टि छेउमा नगराएकाको विवरण उल्लेख गरिदिने । अभियोग पत्रसाथ प्रतिवादी उपस्थित नगराएको भएमात्र  म्याद तामेलीसम्बन्धी विवरणहरु उल्लेख गर्ने ।

१२. प्रश्नावली नं. १८ मा प्रतिवादीलाई अभियोग तथा प्रमाणहरुको नक्कल अदालतबाट उपलब्ध गराएको वा प्रतिवादी वा निजको कानून व्यवसायीले उतार गरेको भए गराएको कोठामा चिन्ह लगाउने नभए नगराएको कोठामा चिन्ह लगाउने ।

१३. प्रश्नावली नं. १९ मा प्रतिवादीको अदालतमा भएको बयान मिति उल्लेख गर्ने धेरै प्रतिवादी भई बयान गराउँदा धेरै दिन लागेको भए दायापट्टि थप मितिहरु उल्लेख गरिदिने ।

१४. प्रश्नावली नं. २० मा थुनछेक आदेश भएको मिति उल्लेख गरिदिने । प्रश्नावली नं. २१ मा थुनछेक आदेशको व्यहोराको एउटा कोठामा चिन्ह लगाउने । धेरै प्रतिवादी भई धेरै विवरण भएमा दायाँपट्टि छेउमा लेखिदिने ।

१५. प्रश्नावली नं.२२ मा थुनछेकको मिति वा सोभन्दा अगावै वकालतनामा भरेको वा आदेशमा कानून व्यवसायीको नाम उल्लेख भएकोमा भएको कोठामा चिन्ह लगाउने नभए नभएको कोठामा चिन्ह लगाउने ।

१६. प्रश्नावली नं. २३ मा प्रमाण मुकररको लागि पहिलो पटक पेशी चढेको मिति उल्लेख गर्ने ।

१७. प्रश्नावली नं. २४ मा प्रारंभिक (थुनछेकको) चरणमा फैसला भएको भए भएको कोठामा र नभएको भए नभएको कोठामा चिन्ह लगाउने ।

१८. प्रश्नावली नं. २५ मा थुनछेक आदेशउपर अ.वं.१७ नं वमोजिमको निवेदन परेनपरेको व्यहोरा उल्लेख गर्ने । परेको भए वादी प्रतिवादी कुन पक्षबाट परेको हो सो कोठामा चिन्ह लगाउने ।

१९. प्रश्नावली नं. २६ मा प्रतिवादीको कानून व्यवसायीको विवरण उल्लेख गर्ने ।

२०. प्रश्नावली नं. २७ मा मुद्दाको पेशी स्थगित पटक उल्लेख गर्ने र ककसले कति पटक गरेको हो सो

२१. प्रश्नावली नं. २८ मा प्रमाण मुकररका लागि कति पटक आदेश भएको हो सो को विवरण उल्लेख गरिदिने ।

२२. प्रश्नावली नं. २९ मा अ.बं. ११५ नं. को प्रयोग भए नभएको विवरण उल्लेख गरिदिने ।

२३. प्रश्नावली नं. ३० मा मुद्दा पेशी चढेको पटक उल्लेख गरिदिने । थुनछेकको पेशीलाई यसमा गणना नगर्ने । प्रश्नावली नं.३१ मा जम्मा पेशी चढेको दिनमा भएको कारवाहीको विवरण उल्लेख गरिदिने ।

२४. प्रश्नावली नं. ३२ मा फैसला भएको मिति, ३३ मा फैसलाको विवरण उल्लेख गरिदिने, ३४ मा ठहर भई प्रतिवादीलाई लागेको कैद जरिवाना तथा क्षतिपूर्तिको विवरण उल्लेख गरिदिने । ठहर भई सजाय स्थगन भएको भए घ मासमेत चिन्ह लगाईदिने । सजाय स्थगन गरेकोमा कुनै शर्त तोकेको भए तोकेको कोठामा चिन्ह लगाई प्रश्नावली नं ३६ मा शर्तको व्यहोरा छोटकरीमा उल्लेख गरिदिने ।

२५. प्रश्नावली नं. ३७ मा प्रतिवादीको उमेर निर्धारण गर्दा मिसिल संलग्न रहेको प्रमाण र अनुसन्धान तथा अदालतले कुनकुन कुरालाई आधार लिएको हो सो कोठामा चिन्ह लगाई दिने । एकभन्दा बढी आधार लिएकोमा सोहीबमोजिमका कोठामा चिन्ह लगाइदिने ।

२६. प्रश्नावली नं. ३८ मा थुनछेकको क्रममा प्रतिवादीलाई संरक्षकको जिम्मामा छाडिएकाको हकमा

मात्र उल्लेख गर्ने ।

२७. प्रश्नावली नं. ३९ मा धरौटी वा साधारण तारेखमा छुटेका प्रतिवादीको हकमा मात्र उल्लेख गर्ने । यसरी उल्लेख गर्दा मुद्दाको कारवाहीको क्रममा थाम्ने थमाउने म्याद व्यतित गरिसकेको हकमा गरेको र थाम्ने थमाउने म्याद वाँकी रहदै फैसला भएकाको हकमा नगरेको कोठामा चिन्ह लगाउने । धेरै प्रतिवादी भई कसैको थाम्ने थमाउने म्याद बाँकी रहेको कसैको नरहेकोमा दायापट्टि छेउमा उल्लेख गरिदिने ।

२८. प्रश्नावली नं. ४० मा धरौटसम्बन्धी विवरण उल्लेख गरिदिने । धेरै प्रतिवादी भई छुट्टाछुट्टै विवरण उल्लेख गर्नुपरेमा छेउमा उल्लेख गरिदिने ।

२९. प्रश्नावली नं. ४१ मा प्रतिवादीको परिचयात्मक विवरण गोप्य राखिए नराखिएको विवरण उल्लेख गर्ने प्रश्नावली नं. ४२ मा पीडित बालबालिका भएमा मात्र निजको विवरण गोप्य राखिए नराखिएको व्यहोरा उल्लेख गरिदिने ।

३०. प्रश्नावली नं. ४३ तालिम प्राप्त समाजसेवी तथा बालमनोविज्ञ भएका जिल्ला अदालतहरुको मात्र भर्ने । तालिम प्राप्त समाजसेवी तथा बालमनोविज्ञ नभएका जिल्ला अदालतहरुको भर्नु पर्दैन ।

३१. प्रश्नावली नं. ४४ मा बाल न्याय (कार्यविधि) नियमावली २०६३ को अनुसूचीबमोजिमको सामाजिक अध्ययन प्रतिवेदन भरि राखेको भए सो व्यहोरा उल्लेख गर्ने ।

३२. प्रश्नावली नं ४५ मा फैसला भइसकेपछि सम्बन्धित प्रतिवादी बालबालिकालाई फैसलाको प्रतिलिपि निशुल्क रुपमा उपलब्ध गराएको भए वा निशुल्क रुपमा उपलब्ध गराउनु भनी फैसलामा उल्लेख गरेको भए निशुल्क रुपमा उपलब्ध गराएको कोठामा चिन्ह लगाउने र त्यस्तो केही नभए नगराएको कोठामा चिन्ह लगाउने ।

३३. प्रश्नावली नं. ४६ मा मुद्दामा कुनै उल्लेखनीय पक्ष भए सो उल्लेख गर्ने साथै प्रश्नावलीमा भर्न अप्ठ्यारो भएमा सो को विवरणसमेत यहाँ उल्लेख गर्न सकिन्छ ।

Serial No. 2

सम्पर्क : बाल न्याय समन्वय समिति सचिवालय
केन्द्रीय बालकल्याण समिति भवन,
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.jjcc.gov.np